# Media Story Series
# on
# Access to Justice
# (Nepali Version)

## As part of the Convening II:
## Virtual Strategic Convening with Media Professionals on Access to Justice

## Under the project:
## “A National Effort to Advance the Justice Agenda and the Implementation of the Network Strategy in Nepal’

*Submitted to:*

Open Society Foundation London (OSFL)
7th Floor Millbank Tower, 21-24 Millbank,
London SW1P4QP United Kingdom
Phone: +44.207.031.0200
opensocietyfoundations.org


*Submitted by:*

Institute for Strategic and Socio-Economic Research
(ISSR)
Yak and Yeti Marg, Kathmandu-1, Nepal
Tel: +977 1 4229985, +977 1 4229986
Email: info@issr.org.np

Institute for Strategic and Socio-Economic Research


December 2020

# TABLE OF CONTENT

| | |
|---|---|
| भूमिका | iii |
| Publication Links | iv |
| १: जनकपुर | १ |
| लैङ्गिक विभेद : प्रदेश २ मा महिलामाथि हिंसाका अनेक रूप, कतै मिल्दैन न्याय | १ |
| २: कैलाली | ५ |
| कोरोनाले कसलाई दिएन र सास्ती ! विपन्नलाई छाक टार्नै मुश्किल | ५ |
| ३: काठमाडौँ | ८ |
| कोरोना कहर : न्याय पर धकेलिँदा निमुखा नै हैरान | ८ |
| ४: इलाम | ११ |
| स्थानीय न्यायपालिका (२) : गाउँघरमै बढ्दै न्यायमा पहुँच | ११ |
| ५: सुर्खेत | १५ |
| स्थानीय न्यायपालिका : नागरिकको विश्वास न पर्याप्त स्रोतसाधान | १५ |
| ६: बाँक | १८ |
| कोरोना कहर : यस्तो दिन फेरि कहिल्यै पनि नआओस् ! | १८ |
| ७: नवलपरासी | २१ |
| कोरोना कहर : चौतर्फी कोरोना भाइरसको धराप | २१ |
| ८: नुवाकोट | २४ |
| लैङ्गिक हिंसा : पीडक उक्साउने लकडाउन | २४ |
| ९: झापा | २८ |
| भरोसा बढाउँदै न्यायिक समिति | २८ |
| १०: प्यूठान | ३१ |
| स्थानीय न्यायपालिका (१) : स्थानीय अदालत बन्दै न्यायिक समिति | ३१ |
| ११: रुकुम | ३४ |
| स्थानीय न्यायपालिका : वडासम्म विस्तार हुँदै न्याय | ३४ |
| १२: सोलुखुम्बु | ३८ |
| स्थानीय न्यायपालिका (३) : न्यायमा सजिलो पहुँच, राजनीतीकरण मुख्य बाधक | ३८ |

# भूमिका

Institute of Strategic and Socio-Economic Research (ISSR) को आयोजनमा 'न्यायमा पहुँच' परियोजना अन्तर्गत तयार पारिएका १२ खोजमूलक लेख खबरहब डटकममा प्रकाशित भए । मूलुकले संघीयताको अभ्यास गरिरहेको अवस्थामा स्थानीय तहसम्म आम सर्वसाधारणको न्यायमा पहुँच कस्तो छ भन्ने खोजी गर्दै तयार पारिएका लेखलाई आधार मान्दा जनताको सरकार स्थानीय सरकार बन्दै गएको अनुभूत गर्न सकिन्छ । देशको प्रतिनिधित्व गर्ने १२ जिल्लालाई छनौट गरी तयार पारिएका लेखलाई ४ विषय छनौट गरिएको थियो ।

ती विषय हुन् :

१. स्थानीय तहमा न्यायिक समितिले खेलेको भूमीका
२. स्थानिय तहमा कानूनी सहायता प्रदान गर्नेको भूमीका
३. कोभिड - १९ का समयमा परेको समस्या र सहयोग
४. कोभिड - १९ को समयमा महिला हिंसा र जातीय उत्पीडन

यी ४ विषयमा ३/३ वटा खोजमूलक लेख तयार पारिएको थियो । यी लेख मूलतः स्थानीय सरकारले गरेका काम, सर्वसाधारणले पाएको न्याय, जनतालाई न्याय दिलाउन जनप्रतिनिधिले गरेको काम, कोरोना भाइरसको कहरकाबीच सर्वसाधारणले गरेको काम, रोजगारी गुमाएकाको व्यवस्थापनमा स्थानीय सरकारले गरेको पहल र स्थानीय सरकारका योजना र भावी रणनीतिका विषय समेटिएका थिए ।

स्थानीय तहको निर्वाचनपछि अहिले स्थानीय सरकारले जनताका काम गरिरहेका छन् । लामो समय जनप्रतिनिधिविहीन बनेका स्थानीय तहमा जनताले चुनेको प्रतिनिधिमार्फत काम भइरहेको छ । आफैँले चुनेका जनप्रतिनिधिलाई जनताले पनि खबरदारी गरिरहेका छन् । यहीबीचमा विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९)को महामारीका बीच कहाँ कसरी काम भयो ? भन्ने विषय पनि लेखमा समेटिए ।

कोरोना कहरले देशभरको जनजीवन प्रभावित बन्यो । चैत ११ गतेदेखिको लकडाउन र कोरोना कहरले धेरैको व्यापार व्यवसाय ठप्प भयो । सरकारकी सेवा बाहेकका निजी क्षेत्रमा काम गर्ने धेरैको रोजगारी गुम्यो । वैदेशिक रोजगारीमा जाने पनि रोजगारी गुमेर स्वदेश फर्कन बाध्य भए ।

यी सबै समस्या एकैथोटी भोगेको स्थानीय सरकारलाई व्यवस्थपन गर्न ठूलो चुनौति थपियो । यो समस्या समाधान गर्न स्थानीय सरकार चुकेको गुनासो बढिरहेका बेला आम नागरिकले नै कोरोना कहर र सिर्जित समस्याबाट पाठ सिक्दै सानोतिनो व्यापार व्यवसाय सञ्चालन गरेर स्वावलम्बी बनेका उदाहरण पनि देखिए यी सकारात्मक पाटो हुन् ।

यहीबीचमा घरेलु हिंसाका घटना पनि बढे । यो घटना नेपालमा मात्र होइन विश्वमा नै एकै रुपमा घट्यो । अन्य देशको तुलनामा नेपालमा घरेलु हिंसाका घटना कम रहेको पाइयो भने ती घटनाका पीडितलाई न्याय स्थानीय तहले नै गठन गरेका न्यायिक समितिले प्रदान गरेको पाइयो । पीडिकले पनि त्यही समितिमार्फत कारबाही भोगेका छन् ।

बढ्दो महिला हिंसाका घटना न्यूनीकरण गर्न पनि स्थानीय सरकार सफल भएको पाइएको छ। समग्रमा यो परियोजना स्थानीय तहका सरकार र जनप्रतिनिधिले गरेका काम, जनताको न्यायमा पहुँचको अवस्था मापन गर्न गरिएको खोजी उपयोगी भएको महसुस गरिएको छ ।

Naresh Shrestha
Member, Board of Directors
Institute of Strategic and Socio-Economic Research (ISSR)
December 2020

# PUBLICATION LINKS:

## NEPALI VERSION

https://www.khabarhub.com/2020/02/215073/
https://www.khabarhub.com/2020/03/215117/
https://www.khabarhub.com/2020/04/215456/
https://www.khabarhub.com/2020/05/216006/
https://www.khabarhub.com/2020/06/216390/
https://www.khabarhub.com/2020/07/216688/
https://www.khabarhub.com/2020/08/216780/
https://www.khabarhub.com/2020/09/217221/
https://www.khabarhub.com/2020/10/217603/
https://www.khabarhub.com/2020/11/217893/
https://www.khabarhub.com/2020/11/217961/
https://www.khabarhub.com/2020/12/218219/

## ENGLISH VERSION

https://english.khabarhub.com/2020/23/150137
https://english.khabarhub.com/2020/03/145966
https://english.khabarhub.com/2020/11/147899
https://english.khabarhub.com/2020/05/146226
https://english.khabarhub.com/2020/28/144016
https://english.khabarhub.com/2020/28/152352/
https://english.khabarhub.com/2020/15/148413/
https://english.khabarhub.com/2020/31/152965/
https://english.khabarhub.com/2020/29/152623/

# १: जनकपुर

## लैङ्गिक विभेद : प्रदेश २ मा महिलामाथि हिंसाका अनेक रूप, कतै मिल्दैन न्याय

https://www.khabarhub.com/2020/06/216390/

### घटना १ : बोक्सी भनेर आमाको हत्या

दशैँअघि सिराहाको कर्जन्हा नगरपालिका-३ का रामऔतार साहकी श्रीमती मनिषाको खुट्टामा घाउ भयो । गाउँकै स्थानीय स्वास्थ्य चौकीमा समान्य उपचार गराए । निको भएन् । रामऔतारकी आमा, मनिषाकी सासु ७५ वर्षीय सुदामादेवी साह झाँक्री (धामी) छिन् । कात्तिक १४ गते रामऔतार श्रीमतीको खुट्टामा घाउ झारफुक गरिदिन आमासँग आग्रह गरे । सुदामाले झारफुक गर्न अस्वीकार गरिन् । छोराले कहिल्यै माया नगरेको भनेर आमा दुःखी थिइन् । गाउँका केही व्यक्ति र मनिषाकी आमाले सुदामा बोक्सी हुन् भन्ने आरोप लगाएर रामऔतारलाई उक्साउन थाले । रामऔतारले झारफुक गरिदिन फेरि आमालाई आग्रह गरे । फेरि पनि सुदामाले मानिन् ।

आवेशमा आएर रामऔतारले आमालाई कुटपिट गरे । छोराले कुटेर घाइते भएकी सुदामा स्थानीय स्वास्थ्य चौकीमा उपचार सम्भव नभएपछि प्रादेशिक अस्पताल जनकपुर ल्याउने क्रममा कात्तिक १५ गते उनको मृत्यु भयो । सुदामाका दुई छोरा र दुई छोरी गरी गरी चार सन्तान छन् । छोरीको बिहे भइसकेको छ । श्रीमान् बितिसकेका छन् । सुदामा पाँच वर्षदेखि एक्लै बसेकी थिइन् ।

रामऔतारलाई घटनाकै दिन प्रहरीले नियन्त्रणमा लिएको छ । ‘छोरा रामऔतार पक्राउ परेका छन् । उनीमाथि कारबाही प्रक्रिया अघि बढेको छ,’ सिरहाका प्रहरी उपरीक्षक उमाशंकर प्रसाद पजियारले भने, ‘घटनाको विषयमा थप अनुसन्धान अघि बढाएका छौँ ।’

### घटना २ : बलि दिन मानव तस्करी

गत असोज १४ गते सप्तरीको दौलतपुर-३ की दुई युवती प्रहरीले सीमा नाकाबाट उद्धार गर्‍यो । भारतमा बलि चढाउन मानव तस्कर गिरोहले युवतीलाई सुनसरीको भन्टाबारी हुँदै सीमा कटाउन लाग्दा प्रहरीले बचाए । १९ र २२ वर्षका ती युवतीलाई आर्थिक प्रलोभनमा पारेर भारत लैजाँदै गर्दा युवतीका आफन्तसहित दुई जना पक्राउ परे ।

प्रहरीले गोप्य सूचनाको अधारमा सप्तरी कृष्ण सवरन गाउँपालिका-४ बनौलीका २९ वर्षीय महम्मद साहिल मन्सुरी र सिरहा लाहान नगरपालिका-१९ कटाहका २९ वर्षीय जीवछकुमार साहलाई नियन्त्रण लियो ।

### घटना ३ : दाइजोका सामु निरीह प्रेम

लहान नगरपालिका-२२ सिसवनी बर्छवाका २१ वर्षीय रामबाबु मण्डल गाउँकै २१ वर्षीया एक युवतीको प्रेममा परे । अभिभावकले गत भदौ ३ गते अबेर राति उनीहरूलाई समाते । गाउँमा पञ्चायती बस्यो । पञ्चले उनीहरूको बिहे गराउने प्रयास गरे । युवकका बाबुले दाइजो मागे। युवतीका बाबुले दाइजो दिन नसक्ने बताए । दुई पक्षको कुरा बिग्रियो ।

भदौ २२ गते पञ्चले प्रहरी-प्रशासनमा पठाउने निर्णय गरे । सोही आधारमा युवती पक्षले भदौ २४ गते इलाका प्रहरी कार्यालय लहानमा जबरजस्ती करणीमा जाहेरी दिए । दाइजो सामु निरीह बनेका प्रेमी युवक गाउँ छाडेर फरार भएका छन् ।

### घटना ४ : गर्भवती प्रेमिका छाडेर फरार

महोत्तरीको जलेश्वरकी २० वर्षीय एक युवती २०७३ सालमा गाउँकै विद्यालयबाट एसइइ उत्तीर्ण गरिन् । ब्याच्लर इन होटेल म्यानेजमेन्ट (बीएचएम) पढ्न काठमाडौँस्थित नासा इन्टरनेसनल कलेजमा भर्ना भइन् । पहिलो वर्ष अभिभावकको अपेक्षा अनुसार अंक ल्याउन सकिनन् । अर्को वर्ष उनी परिवारकै सहमतिमा जनकपुरस्थित राजर्षि जनक क्याम्पसमा भर्ना भइन् ।

काठमाडौँमा सँगै कोठामा बस्ने साथीले धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५, महेन्द्रनगरका शिवराजसँग चिनजान गराइदिइन् । दुवै जनाबीच सामान्य कुराकानी हुँदाहुँदै फेसबुकमा साथी बने । फेसबुक हुँदै फोनमा कुराकानी गर्दागर्दै दुवै जना प्रेममा परे ।

कहिलेकाहीँको भेट र फेसबुकको च्याटले माया प्रगाढ हुँदै गयो । २०७६ मंसिरमा विवाहपञ्चीको दिन उनीहरूबीच पहिलोपटक यौन सम्फर्क भयो । जनकपुरमा कोठा नपाएको बहाना बनाएर शिवराजको घरमा एक महिना बसेको युवतीको भनाइ छ । त्यति बेला दुबै जनाको इच्छाअनुसार

पटकपटक यौन सम्पर्क भएको पनि युवतीको भनाइ छ ।

पुसमा युवतीले आफू गर्भवती भएको थाहा पाइन् । उनले आफू गर्भवती भएको कुरा प्रेमी शिवराजलाई फोन गरेर सुनाइन् । शिवराजले गर्भ पनत गर्न सहल्ला दिए तर युवतीले अस्वीकार गरिन् । प्रेमको पहिलो निशानी भनेर बच्चा जन्माउने अडान लिइन् ।

त्यस बेलादेखि शिवराज सम्पर्क बिहीन छन् । भदौ ५ गते परोपकारी संस्थाको रेखदेखमा युवतीले छोरा जन्म दिइन् । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले प्रहरीमा उजुरी दर्ता भएको बताए । केटो भारत गएर लुकीछिपी बसेको र उसको खोजी जारी रहेको प्रहरीको भनाइ छ ।

## घटना : ५ छोरी जन्मिँदा निरन्तर यातना

आठ वर्षअघि सप्तकोसी नगरपालिका-४ बलारदहका नारायण झा र २८ वर्षीया रञ्जनदेवीको बिहे भयो । बिहेको डेढ वर्षपछि रञ्जनाले छोरी जन्माइन् । रञ्जनाले परिवारका लागि छोरो जन्माउने आशामा तीन छोरी जन्माइन् । छोरीमात्रै जन्माएकै कारण श्रीमान् नारायण र सासु विदोतमादेवीले उनलाई यातना दिन थाले ।

गत असोज १९ गते श्रीमानले निर्घात कुटपिट गरेपछि रञ्जनादेवी न्याय खोज्दै जिल्ला प्रहरी कार्यालय पुगेकी पुगिन् । प्रहरी कार्यालयमा उनले विलाप गरिन्, आँखाबाट आँसु बगाइरहिन् तर सुन्ने कोही भएन । प्रहरीले कोरोनाको बहाना बनाएर रञ्जना रित्तै फर्काइदियो ।

रञ्जनको पहिलो गर्भ खेर गएको थियो । गर्भमा छोरी रहेको थाहा भएपछि श्रीमानले धकेल्दा लडेर गर्भ तुहिएको उनले बताइन् । त्यसपछि उनले लगातार ३ छोरीलाई जन्मे । अहिले उनीहरू ६, साढे ४ र २ वर्षका छन् । 'मेरो गर्भबाट छोरी नै जन्मिए, यसमा मेरो के दोष ?,' रञ्जना भनिन्छन्, 'तेस्रो छोरी जन्मिँदा बन्चरोले हानेर पति र सासुले मार्ने प्रयास गरे ।' असोज २२ गते रञ्जनाले सप्तरी जिल्ला अदालतमा निवेदन दर्ता गराइन् । रञ्जनालाई भने अदालतबाट पनि न्याय पाउने विश्वास छैन, किनभने त्यहाँ पनि चलखेल हुनसक्छ ।

## घटना ६ : अन्धविश्वासमा जनप्रतिनिधि

गत असोज ३ गते सिराहाको नवराजपुर गाउँपालिका-५ कुर्सन्डीस्थित शिव मन्दिरमा गाउँका अगुवाले पञ्चायत डाके । स्थानीय धर्मनाथ यादवकी छोरी बिरामी भएकी हुँदा दोषीलाई सजाय दिन पञ्चायत डाकिएको थियो । त्यसअघि सीमावर्ती भारतीय गाउँ तोरियाहीबाट आएका एक झाँक्रीले स्थानीय एक महिला मूर्तिदेवीलाई बोक्सी ठहर गरेका थिए। उनलाई सजाय दिन र गाउँमा 'सुख र शान्ति' स्थापना गर्न पञ्चायती डाकिएको थियो।

मूर्तिदेवीका पति रामनारायण यादवलाई गाउँका दुईजना आएर पञ्चायतीमा लगे । उनलाई मूर्तिदेवी बोक्सी हुन भन्ने बयान दिन भनिएको थियो । उनले मानेनन्।

त्यहाँ मूर्तिदेवीमाथि कुटपपिट भयो । बोतलमा घोलेर ठिक्क पारिएको मलमूत्र अचेतजस्तै भएकी मूर्तिदेवीलाई खुवाइयो। उनलाई कुटपिट गर्ने र मानव मलमूत्र खुवाउने पञ्चायतीमा स्थानीय जनप्रतिनिधि पनि थिए। नवराजपुर-५ का वडासदस्य रामउद्गार यादव पनि सो भिडमा सहभागी रहेको मूर्तिदेवीका परिवारजनको भनाइ छ ।

वडाध्यक्षकै सहभागितामा महिलामाथि हिंसा भए पनि वडाध्यक्ष निःशब्द भएर पीडकको समर्थन गरेको पीडित परिवारको आरोप छ ।

## घटना ७ : प्रहरीले लिँदैन उजुरी

धनुषाको कमला नगरपालिका-७ हथमुण्डा बस्ने ७० वर्षीया देवकीदेवी सहनीलाई गत ३० भदौमा सातजना छिमेकीले बोक्सी भन्दै कुटपिट गरे । स्थानीय बिर्जु सहनीका बुबा शनिचर सहनी ब्लड क्यान्सरबाट पीडित थिए।

शनिचरलाई देवकीले बोक्सी लगाएको भन्दै बिर्जुसहित ५५ वर्षीया मनटुटियादेवी सहनी, ३५ वर्षीय प्रवेश सहनी, २५ वर्षीय प्रदीप सहनी, १८ वर्षीया रिना सहनी, १८ वर्षीया अञ्जिला सहनी र प्रदीपकी २५ वर्षीया पत्नीले कुटपिट गरे।

उनीहरूले आफूलाई गोबर खुवाउने प्रयास गरेको देवकीको भनाइ छ । पीडित महिलाको उजुरी प्रहरी दर्ता गरेको छैन । धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) मकेन्द्रकुमार मिश्रले पनि उजुरी दर्ता नभएको बताए । पीडित पारिवारका अनुसार जिल्ला प्रहरी कार्यालय धनुषाले इलाका प्रहरी

कार्यालयमा छलफल गर्न भनेको थियो । पीडित परिवार इलाका प्रहरीमा गएको छैन किनभने त्यहाँ पञ्चायतले हस्तक्षेप गर्न भन्ने उनीहरूलाई लागेको छ ।

## घटना ८ : दोषी उम्काउँदै प्रहरी

गत जेठ १० गते धनुषाकै मिथिला नगरपालिका-३, हरिहरपुर टोलकी ४० वर्षीया सिर्जनादेवी महतोलाई स्थानीय विजय महतो र सवितादेवी महतोले बोक्सीको आरोपमा कुटपिट गरे। तिघ्रा र ढाडमा चोट लागेकी सिर्जना त्यही दिन इलाका प्रहरी कार्यालय ढल्केबरमा उजुरी दिन गइन्। प्रहरीले कोरोना महामारीको समय भएको भन्दै उजुरी दर्ता नगरेको महिला अधिकारकर्मी विना कडारीको भनाइ छ ।
उनका अनुसार कुटपिटबाट घाइते सिर्जनाले ढल्केबरस्थित भोगेन्द्र महतोको क्लिनिकमा उपचार गराइन् । इलाका प्रहरी कार्यालय ढल्केबरका इन्स्पेक्टर तीर्थराज कार्कीले पीडित उजुरी दिन आएको तर आफ्नो इलाकामा नपर्ने भएकाले फिर्ता पठाएको बताए ।

पीडितको उजुरी दर्ता नगरेर प्रहरीले दोषी उम्काउँछ ।

## स्थानीय तहमा कार्यकर्तामुखी निर्णय

नेपालको संविधानको भाग १७ र १८ मा स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका तथा न्यायिक समिति रहने प्रावधान छ । सोहीअनुरूप देशैभरि कुल ७५३ स्थानीय तहमा निर्वाचन भएर स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका र न्यायिक समिति गठन भए ।

जनकपुर उपगरपालिकाकी उपप्रमुख रिताकुमारी मिश्रको संयोजकत्वमा वडा नम्बर २२ का वडाध्यक्ष शिवरत्न पाण्डे र कार्यपालिका सदस्य दिगम्बर साह सदस्य रहेको तीन सदस्यीय न्यायिक समिति छ । २०७५ साल वैशाख ९ गते विधिवतरूपमा न्यायिक समिति गठन गरेर काम सुरु भयो ।

गत आर्थिक वर्षमा न्यायिक समितिमा १४० वटा मुद्दा परे । शतप्रतिशत मुद्दा फछ्र्यौट भए तर कार्यकर्तामुखी निर्णय भएको भन्दै उजुरीकर्तामध्ये ३० प्रतिशितले प्रहरी र अदातलको बाटो रोजेको स्रोतको भनाइ छ ।

संविधानको व्यवस्थाअनुसार जनकपुर उपमहानगरमा समिति गठन गरेर काम भइरहेको उपप्रमुख मिश्र बताउँछिन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ बमोजिम गठित समितिले काम गरिरहेको उनको भनाइ छ ।

दक्ष जनशक्तिको अभाव, सरोकारवालामा सहकार्य र समन्वय अभावले गर्दा फैसला कार्यान्वयन प्रभावकारी हुन नसकेको संयोजक मिश्र स्वीकार गर्छिन् । लकडाउनमा उजुरी दर्ता नै नगरेको मिश्रले जानकारी दिइन् । 'अदालतको आदेश अनुसार न्यायिक समिति सञ्चालन हुन्छ,' उनले भनिन्, 'जिल्ला प्रशासन कार्यालयले पनि भिडभाड जम्मा नगर्न भनेको थियो । त्यसकारण हामीले लकडाउनमा उजुरी दार्ता गरेनौं" ।'

## प्रदेश सरकारको आशमा महिला

२०७५ माघमा प्रदेश २ सरकारले महिलामाथिको हिंसा अन्त्य गर्ने उद्देश्यले 'बेटी बचाऊ, बेटी पढाऊ' अभियान सुरु गऱ्यो । अभियान अन्तर्गत अध्ययरत छात्रालाई साइकल वितरण, छोरी बिमा र हिंसाबाट जोगाउन आत्मरक्षा तालिमजस्ता कार्यक्रम समावेश छन् ।

मुख्यमन्त्री लालबाबु राउतले महिलालाई सशक्त बनाउन सरकारले कार्यक्रम ल्याएको बताए । अभियनले छोरीलाई शिक्षा नदिने, बालविवाह गर्ने र घरेलु हिंसा गर्नेजस्ता प्रवृत्ति निर्मूल पार्ने उनको भनाइ छ । 'प्रदेश २ का छोरीहरूले अब जन्मने बित्तिकै तीन लाख रुपैयाँ पाउने छन्,' उनले भने, 'छोरी बोझ होइनन्, शिक्षा र राम्रो व्यवहार गरे छोरासरह नै काबिल बनाउन सकिन्छ ।'

सरकारले कार्यक्रम अन्तर्गत १४ हजार छोरीलाई साइकल वितरण गरेको छ । अभियान सुरु भएदेखि हालसम्म प्रदेश २ का आठवटै जिल्लामा कक्षा ८ मा पढ्ने १४ हजार छात्रालाई साइकल वितरण गरिएको हो । सबभन्दा बढी सर्लाहीमा २ हजार ४५७ र सबभन्दा कम रौतहटमा १ हजार ४८ वटा साइकल वितरण गरेको मुख्यमन्त्री कार्यालयको तथ्यांक छ ।

साइकल वितरण कार्यक्रमअन्तर्गत सप्तरी जिल्लाका २९ विद्यालयका एक हजार ५३५, सिरहाका २५ विद्यालयका एक हजार ६१६, धनुषाका ३२ विद्यालयका एक हजार ७८५ र महोत्तरीका ३१ विद्यालयका एक हजार ८७० छात्रालाई साइकल वितरण गरिएको छ ।

रौतहटका २८ विद्यालयका एक हजार ४०८, बाराका २६ विद्यालयका एक हजार ६७५ र पर्साका २७ विद्यालयका एक हजार ६५४ छात्रालाई प्रदेश सरकारले साइकल वितरण गरेको छ ।

'बेटी बचाऊ, बेटी पढाऊ' कार्यक्रम अन्तर्गत साइकल वितरण तथा छोरी शिक्षा बिमा सबैभन्दा बढी उपलब्धिमूलक रहेको कार्यक्रमकी संयोजक प्रियंका यादवको भनाइ छ । यस कार्यक्रम अन्तर्गत करिब १७ हजार छोरीको बिमा पनि भएको छ ।

## कानुनको फिलतो कार्यान्वयन

प्रदेश २ का प्रमुख न्यायाधिवक्ता दीपेन्द्र झा महिला हिंसा न्यूनीकरणका लागि घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ अनुसार पीडकलाई सजाय नहुँदा अपराध बढेको बताउँछन् । हिंसाका घटनामा प्रहरी कार्यालयमा निवेदन लिए पनि अधिकांश घटनामा छलफल गराएर पीडकले उन्मुक्ति पाउँदा अपराध झन मौलाएको उनको भनाइ छ ।

'हिंसाका पीडित अदालत गए पनि पीडकलाई जेल सजाय नगरी जरिवाना गरेर छाड्ने आदेश गर्ने गरिएको छ,' उनले भने, 'यसले गर्दा हिंसा प्रभावितले न्याय प्राप्त गर्ने वातावरण सुनिश्चित हुन सकेको छैन । पीडितले न्याय नपाएपछि उनको मनोबल घट्ने र थप पीडामा पर्ने हुन्छन् भने पीडकको मनोबल बढ्ने थप हिंसा गर्न उद्यत हुने गर्छ ।'

अनौपचारिक सेवा केन्द्र (इन्सेक) प्रदेश २ का संयोजक राजु पासवान समाजको डर, भविष्यको चिन्ता र सहजै न्याय पाउने विश्वास नहुँदा हिंसाको ग्राफ उकालो लागेको बताउँछन् । हिंसामा गरिब, विपन्न र दलित मात्रै पर्ने गरेको र हिंसा न्यूनीकरण गर्न कडा कानुन आवश्यक रहेको उनको भनाइ छ ।

## लकडाउनमा तीन सय घटना

नेपालमा महिला हिंसा, बलात्कारजस्ता जघन्य अपराधको तथ्यांकले भयावह स्थिति देखाएको छ । प्रदेश २ को अवस्था अन्य प्रदेशको भन्दा नाजुक देखिन्छ । प्रदेश प्रहरीको तथ्यांकअनुसार लकडाउन अवधिमा मात्रै महिला हिंसाका करिब तीन सय घटना भएका छन् ।

सबैभन्दा बढी जबरजस्तीकरणीको १९७, जबरजस्ती करणी उद्योग ४८, बालविवाह ४ र बोक्सी आरोपका १३ घटना भएको देखिएको छ । यसमा अधिकांश घटना प्रहरीमा नपुग्दै र पुगेर पनि धेरै घटना डर, प्रलोभन र तथाकथित सामाजिक प्रतिष्ठा जोगाउने नाममा गुपचुप मिलाइएका हुन सक्छन् ।

घरेलु हिंसालाई प्रहरी र समाजले सामान्य घटनाका रूपमा हेर्ने गरेको छ। घरेलु हिंसा बढ्दै जाँदा आत्महत्या र जघन्य अपराधको स्थिति आउने गरेको छ। प्रदेश २ का प्रहरी नायब महानिरीक्षक (डिआइजी) धिरजप्रताप सिंहले अपराधमध्ये ९५ प्रतिशतभन्दा बढीमा पुरुष पीडक रहेको बताए ।

यस्ता कुसंस्कार तोड्न पर्याप्त ध्यान नि नसकेको र आफ्नो मान्छेको बचाउ गर्दा समस्या उत्पन्न हुने गरेको भएको राजनीतिक दबाब अर्को ठूलो समस्या भएको उनको भनाइ छ ।

घरेलु हिंसाका घटनामा स्थानीय कचहरी बसेर मिलापत्र गर्ने प्रवृत्तिले पनि ठाउँठाउँमा निरन्तरता पाउँदा पीडितले न्याय नपाएको उनको भनाइ छ ।

प्रदेश २ का धेरै ठाउँमा महिला हिंसाका घटना गुपचुपमा मिलाउन स्थानीयले पञ्चायती राख्ने गरेका छन् । घटना सार्वजनिक भएपछि प्रहरीले पञ्चायती राख्नेलाई पनि पक्राउ गर्ने गरेको छ । प्रदेश र स्थानीय तहले महिला हिंसा न्युनीकरणका कार्यक्रम ल्याए पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन।

## साझा रणनीति आवश्यक

प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले वर्षौंदेखि जकडिएको सामाजिक विभेद र सार्वजनिक सेवामा लक्षित वर्गको सहभागिता र पहुँच प्रभावकारी हुन नसक्दा लैङ्गिक हिंसाका अपराध हुने गरेको बताए।

वर्षौंदेखिको सामाजिक विभेद र कुसंस्कार एकैपटक हटाउन नसके पनि केही नीतिगत निर्णय गरेर आधार खडा गर्ने क्रममा रहेको उनको भनाइ छ ।

'महिलालाई सरकारी सेवामा ५० प्रतिशत आरक्षणको व्यवस्था गर्ने गरी कानुन बन्ने क्रममा छ। गत वर्षबाटै सुरक्षित बेटी अभियान, बेटी पढाऊ-बेटी बचाऊ

लगायतका कार्यक्रम पनि ल्याएका छौं,' उनले भने, 'यसको सकारात्मक नतिजा केही वर्षभित्रै देखापर्ने विश्वास छ।'

मन्त्री यादवले सबै प्रदेश र स्थानीय सरकारहरू हिंसाका अपराधविरुद्ध साझा रणनीति बनाएर अघि बढ्न सकिने उनको भनाइ छ । हिंसाका अपराधमा राजनीतिक संरक्षण हुन नहुनेमा उनले जोड दिए।

उनका अनुसार विकास, रोजगारी, अवसर र राजनीतिक तथा उत्पादनमूलक क्षेत्रमा महिला सहभागिता नबढेसम्म सामाजिक विभेद र गलत संस्कारको अन्त्य गर्न कठिन हुन्छ ।

# २: कैलाली

## कोरोनाले कसलाई दिएन र सास्ती ! विपन्नलाई छाक टार्नै मुश्किल

https://www.khabarhub.com/2020/05/216006/

कैलाली- कन्नुराम चौधरी पाँच जनाको परिवारसहित कैलालीको गोदावरी नगरपालिका-५ स्थित मुक्त कमैया शिविरमा बस्छन् । दैनिक मजदुरी गरेर परिवार पाल्ने कन्नुराम गत चैत १० गते बेलुका र भोलिपल्ट बिहानका लागि चामल र दाल बोकेर घर पुगे । बेलुका दालभातले सबैलाई मिठो निद्रा पर्‍यो ।

११ गते बिहान सधैंझैं काममा जान तयार भए । बाहिर सुनसान छ । गाडी कतै चलेको छैन । आज के भएछ भनेर छिमेकीलाई सोध्दा पो थाहा भयो सरकारले कोरोना भाइरस नियन्त्रणका लागि लकडाउन गरेछ ।

कन्नुरामलई आपत आइलाग्यो । न काम छ, न त घरमा खानका लागि केही । दुईचार दिन पुग्ने चामल किन्न पैसा थियो । त्यही पैसा बोकेर बजार गए तर कतै पसल खुलेका थिएनन् । उल्टै प्रहरीले लठ्ठी देखाउँदै भगायो ।

गोजीमा पैसा बोकेर पसल खोज्दै निकै टाढासम्म पुगे पनि केही किन्न नपाएपछि त्यस दिन बेलुका कन्नुरामको परिवार भोकै सुत्यो । अर्को दिन बिहान छिमेकीसँग पैँचो मागेर छाक टर्‍यो । त्यसपछिका दिन कहिले पैँचो माग्ने त कहिले भोकै सुत्ने गरेर बिते ।

लकडाउन भएको एक महिनापछि नगरपालिकाको वडा कार्यालयबाट १० किलो चामल पाए । भोक र ऋणले थिच्दै गरेका कन्नुरामजस्ता सुकुम्बासी बस्तीका सबैले १० किलो चामल र केही दाल पाउन पनि एक महिना कुर्नुपर्‍यो ।

कन्नुराम भन्छन्, 'भोग्नुसम्मको लकडाउन भोगियो, हामी गरिबहरूलाई कसले वास्ता गर्छ र ! खाए नखाएको सोध्ने पनि कोही भएन । त्यसबेला रोगभन्दा बढी भोकको डर लागिरह्यो । भोकले परिवार मर्छन् कि भन्ने चिन्ता धेरै थियो ।'

## विपन्नको विचल्ली

नेपालमा कोरोना पुष्टि भएका दोस्रो व्यक्ति धनगढी उपमहानगरपालिका-५ का पुरुष थिए । दुबईबाट घर फर्किएका उनलाई कोरोना सङ्क्रमण पुष्टि भएपछि सुदूरपश्चिममा कोरोना सङ्क्रमण फैलने अनुमान गरिएको थियो । एक जनालाई सङ्क्रमण भयो अरे भन्दा पूरै देश त्राहिमाम हुने त्यो बेला धनगढीमै एक जनामा सङ्क्रमण देखिएपछि कैलालीमा डर फैलनु स्वाभाविक थियो ।

कोभिड-१९ को महामारीको डर सबैलाई थियो । सङ्क्रमण रोक्न प्रहरी, प्रशासन र स्थानीयबासिन्दा समेत लागिपरेका थिए । भाइरसको डर एकातिर थियो, अर्कातिर न्यून आय भएका तथा मजदुरहरूलाई गाँस जुटाउनै समस्या भयो ।

तीन महिनासम्म बाहिर निस्किन नपाउने लकडाउनले मजदुरहरूलाई धेरै छाक भोकै बनायो । उनीहरूसँगै अपाङ्गता भएका व्यक्ति, खेलाडी लगायत धेरैलाई कोरोना महामारीले असर गर्‍यो ।

स्वतन्त्र यातायात मजदुर सङ्गठनका केन्द्रीय सचिव जितबहादुर मल्ल कोरोना नियन्त्रणका लागि भएको लकडाउनले यातायात क्षेत्रका धेरै मजदुरहरू अलपत्र परेको बताउँछन् । 'होटल–पसल बन्द भएपछि मजदुरहरू भोकभोकै गाडीमा बस्न बाध्य भए,' जितबहादुर भन्छन्, 'तराईबाट पहाड चल्ने बसका चालक र सहचालक घर जान पाएनन् । होटल–पसल नखुल्दा उनीहरू अलपत्र परे । केही दिन भोकै बसेपछि सम्पर्कमा रहेका होटलहरूमा पुगेर केही छाक खाए पनि बेखर्ची बनेर बिचल्लीमा पर्नुपर्‍यो ।'

## नाममात्रैको राहत

लकडाउन सुरु भएको झण्डै एक महिनापछि सरकारी तथा गैरसरकारी क्षेत्रबाट राहत वितरण सुरु भयो । त्यसबेलासम्म बिचल्लीमा परेकाहरू धेरैजसो भोकभोकै सयौँ किलोमिटर पैदल यात्रा गर्दै घर पुगेका थिए । त्यहीँ घर भएर पनि खानेकुरा नहुँदा भोकै परेकाहरू राहत लिन तँछाडमछाड गर्न थाले । वडाहरूले आफ्नो क्षेत्रका बासिन्दालाई राहत दिए भए पनि बाहिरबाट आएर अलपत्र परेकाहरूले पाएनन् । त्यस्ता मजदुरहरूलाई सङ्गठनले चन्दा मागेर खुवाए ।

खेलाडीहरू पनि लकडाउनको प्रभावमा परे । कुनै पनि खेल कार्यक्रम भएन । उनीहरूको आम्दानीको स्रोत गुम्यो । खेलेरै गुजरा चलाउने खेलाडीहरूलाई समस्या पर्‍यो । लामो समयदेखि खेल गतिविधि नहुँदा आर्थिक समस्यामा परेका कति खेलाडीहरूलाई त छाक टार्नै मुश्किल पर्‍यो । उनीहरू अहिले पनि बेरोजगार छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ कैलालीका अध्यक्ष प्रकाश चन्द भन्छन्, 'खेलकुदका गतिविधि ठप्प हुँदा खेलाडीहरूको आम्दानी रोकिएको छ । धेरै समस्या भएको छ ।'

अपाङ्गता भएका व्यक्तिहरू झनै समस्यामा परे । स्याहार गर्ने व्यक्तिकै रोजगारी गुमेपछि उनीहरूको जीवन कठिन भयो । अपाङ्गता भएका व्यक्तिहरू बढी जोखिममा परेको अपाङ्गता सहायता प्रतिष्ठान नेपालका अध्यक्ष भावानी ऐरको भनाइ छ । उनले भने 'अपाङ्गता भएका व्यक्तिहरूले न त अपाङ्गतामैत्री क्वारेन्टिन पाए, न आइसोलेसन । उनीहरूका बारे न सरकारले सोच्यो न अरू कसैले ।'

अपाङ्गता भएका व्यक्तिहरूलाई लकडाउनले दैनिक गुजरा चलाउन मुश्किल भयो । क्वारेन्टिनमा बस्नु परेका वा अपाङ्गता भएका सङ्क्रमित व्यक्तिले झनै सास्ती भोग्नुपरेको ऐर बताउँछन् ।

केन्द्रमा सरकार राहतमा करोडौँ खर्चको विवरण देखाइरहेको थियो । पालिकाहरू लाखौँको राहत बाँडेको बताइरहेका थिए ।न्यून आए भएका मजदुर, असहाय, र अपाङ्गता भएका व्यक्तिहरू भने राहतमा पाएको पाँचदश किलो चामल सकिएर भोको परेपछि हारगुहार गरेर पेट भर्ने कोशिस गरिरहेका थिए ।

## उपचारको अवस्था

कोरोना संक्रमित दोस्रो व्यक्ति धनगढीमै भेटिएपछि यहाँका बासिन्दा र स्वास्थ्यकर्मी त्रस्त भए । कोरोना संक्रमितको उपचारका लागि धनगढीको सेती प्रादेशिक अस्पतालमा एउटा वार्ड बनाइएको थियो । सुरुमा ती संक्रमितलाई अस्पताल ल्याउन एम्बुलेन्स चालक जानै मानेनन् । बल्लतल्ल एम्बुलेन्स चालकले उनलाई कोरोना वार्डमा पुर्‍याए पनि चिकित्सक नजिक गइदिएनन् ।

बिस्तारै सुरक्षा सामग्री लगाएर चिकित्सकहरू कोरोना संक्रमितको नजिक पुग्न थाले । चैतमा एक जना संक्रमित भेटिएको सुदूरपश्चिममा अहिलेसम्म संक्रमितको संख्या १० हजार पुगेको छ ।

सुरुका केही संक्रमितले स्वास्थ्यकर्मीबाट राम्रै सेवा पाए । संक्रमितको संख्या बढ्दै गएपछि क्वारेन्टिनमा बस्नुपर्‍यो ।

भारतबाट आएकाहरूलाई क्वारेन्टिनमा राख्ने गरिएको थियो । सुदूरपश्चिममा पिसिआर मेसिन थिएन । यहाँबाट स्वाब संकलन गरेर काठमाडौँ पठाइन्थ्यो । यहाँका बासिन्दाले स्वाब परीक्षणको नतिजा पाउन एक महिनासम्म क्वारेन्टिनमै पर्खिनुपर्‍यो ।

अहिले सुदूरपश्चिम प्रदेशमा ६ वटा पिसिआर मेसिन सञ्चालनमा छन् । स्वाब दिएको अर्को दिन नतिजा उपलब्ध हुन्छ । अहिले सबै स्थानीय तहले आइसोलेसनका लागि संरचना बनाएका छन् ।

लक्षणबिनाका कोरोना संक्रमित होम आइसोलेसनमै बस्ने गरेको प्रदेश स्वास्थ्य निर्देशक गुणराज अवस्थीको भनाइ छ । प्रदेश सरकारले धनगढीमा ५० शय्याको छुट्टै कोभिड अस्पताल बनाएको छ । सामान्य लक्षण भएका कोरोना संक्रमितलाई स्थानीय तहहरूले आफ्नै आइसोलेसनमा राख्ने गरेको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

अहिले सेती प्रादेशिक अस्पतालमा १३ वटा भेन्टिलेटर छन् । संक्रमितलाई बढी समस्या भए भेन्टिलेटरमा राखेर उपचार हुन्छ । बढी समस्या भएका संक्रमित बढ्दै गए भेन्टिलेटर अभाव हुने सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलीपकुमार श्रेष्ठको भनाइ छ ।

## सामाजिक दुर्व्यवहारको पराकाष्ठा

कोरोना सङ्क्रमण भएकाहरूले रोगको भन्दा समाजबाट बढी सास्ती खेप्नुपरेको छ । धेरैजसो सङ्क्रमितहरू सजिलै निको भए पनि उनीहरूले लामो समयसम्म आफ्नै समाजमा अपहेलित हुनुपरेको छ ।

कैलालीको लम्कीचुहा नगरपालिकाका विवेक विक भारतबाट फर्केका थिए । उनी १४ दिन क्वारेन्टिनमा बसेपछिको परीक्षणमा पोजेटिभ देखियो । दुई हप्ता अस्पतालमा बसेपछि निको भएर घर गए ।

घर पुग्दा समाजको त के कुरा परिवारमै पनि समस्या भयो । उनी भन्छन्, 'महिनौँसम्म पनि मलाई गाउँमा कोरोना ल्याउने मान्छे भन्दै अपहेलना गरिरहे, बल्ल अहिले अवस्था सामान्य बन्न थालेको छ ।'

धनगढी उपमहानगरपालिका-७ का दिनेश चौधरी पनि कोरोना संक्रमित भए । उनमा कोरोनाको कुनै लक्षण देखिएन, घरमै बसे । उनीमाथि पनि समाजबाट अपहेलना र दुर्व्यवहार भयो । उनले कोरोना भाइरसको संक्रमण भएकै कारण अपराधीभैँ व्यवहार खेप्नुपरेको गुनासो गरे ।

## चौपट व्यवसाय

कोरोना रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउनले धेरैको व्यवसाय चौपट भयो । तीन महिने लकडाउन र विभिन्न चरणमा भएका निषेधाज्ञाले ब्यापारमा असर परेको कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरको भनाइ छ ।

उनी भन्छन्, 'धेरै व्यवसायीहरू पलायन भए, पहिलेको अवस्थामा फर्कने लामो कसरत गर्नुपर्ने भयो, केही व्यवसायी अत्यन्तै निराशामा छन् । व्यापार ठप्प भयो । घरभाडा र दैनिक खर्च जुटाउन समस्या भयो । बैंकको ब्याज तिर्न सकिएन । हामी व्यवसायीहरू चर्को मारमा पर्‍यौँ।'
सरकार एकोहोरो लकडाउन गरिरहने तर व्यवसायीको समस्याको ख्याल नगर्ने हुँदा धेरै सास्ती खेप्नुपरेको कुँवरको भनाइ छ ।

होटेल व्यवसायी संघ कैलालीका अध्यक्ष कमल बम ६ महिना होटेल ठप्प हुँदा व्यवसाय गर्नै नसक्ने अवस्थामा पुगेको बताउँछन् । 'होटेल व्यवसाय मानिसको चहलपहलमा चल्ने हो,' उनले भने, 'अहिले होटेल खुले पनि व्यवसाय शुन्य छ ।'

निजी तथा आवासीय विद्यालय एसोसिएशन (प्याब्सन) धनगढीका अध्यक्ष पदम साउद सात महिनादेखि विद्यालय बन्द हुँदा बैंक ब्याज तिर्नै धौ धौ भएको बताउँछन् । 'शिक्षकलाई तलब दिन सकेका छैनौँ,' उनले भने 'अब त दैनिक गुजरा गर्नै धौ धौ हुन थालिसक्यो ।'

## रोजगारी पनि चौपट

लकडाउनका कारण सरकारी बाहेक धरैजसोको रोजगारी गुम्यो । कसैले आधा मात्रै पारिश्रमिक पाए । कसैले लामो समय पारिश्रमिक नै पाएनन्, बेतलबी बिदा बस्नुपर्‍यो । सुदूरपश्चिमका निजी क्षेत्रमा कार्यरत झण्डै साढे एक लाख कामदारको रोजगारी गुम्यो । उनीहरूले तीन महिनासम्म आम्दानीको कुनै स्रोत भेटेनन् ।

धनगढीको एक निजी फर्ममा कार्यरत वीरेन्द्र जोशी चार महिना बेतलबी बिदामा बस्नुपर्‍यो । लकडाउन खुकुलो भएपछि मात्रै उनी काममा बोलाइए । 'एक्कासी लकडाउनको खबर आयो,' उनले भने, 'घर जान पनि समय पाइएन, खर्च पनि थिएन, गाडी पनि थिएनन् ।' केही दिन साथीहरूसँग सापटी मागेर खर्च चलाएको उनले बताए ।

लकडाउनका कारण काम र कमाइ गुमाएकाहरू त्यो क्षण सम्झन चाहँदैनन् । जोशीले भने, 'आँसु पिएर दिन बिताएको त्यो क्षण सम्झँदा पनि अत्यास लाग्छ ।' लकडाउन सकिएपछि रोजगारी गुमाएकाहरूमध्ये धेरैले अझै काम पाएका छैनन् ।

## बिस्तारै देखियो राज्य

सरकारले लकडाउन सुरु गर्दा सुदूरपश्चिममा कोरोना फैलने डर धेरै थियो । कामका लागि भारत गएका हजारौँ सुदुरपश्चिमेलीहरू सीमा क्षेत्रमा रोकिएका थिए । उनीहरूसँगै गाउँगाउँसम्म कोरोना भाइरस पुग्ने डर थियो । भारतबाट घर फर्किएकाहरूमा सङ्क्रमण देखिन थालेपछि सरकारले परीक्षण र उपचारका लागि थप काम गर्न थाल्यो ।

लकडाउनसँगै सरकारले परीक्षणको दायरा बढायो । एउटा

पनि पिसिआर मेसिन नभएको सुदूरपश्चिममा अहिले ६ वटा मेसिन सञ्चालनमा छन् । एउटा संघीय सरकारबाट प्राप्त, तीन वटा प्रदेश सरकारले, एउटा निजी क्षेत्रले र अन्य स्थानीय तहहरूले खरिद गरेका हुन् ।

सुदूरपश्चिममा पाँच वटामात्रै भेन्टिलेटर रहेकोमा अहिले १५ वटा छन् । धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा १३ वटा छन् भने दुई वटा अन्य अस्पतालमा छन् । केही भेन्टिलेटर जडानको प्रक्रियामा रहेको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

सरकारले कोरोना परीक्षणको दायरा बढाउनुका साथै राहत पनि वितरण गर्‍यो । सुदूरपश्चिम प्रदेश सरकारले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणमा ४२ करोड रुपैयाँ भन्दा बढी खर्च गरेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । मन्त्रालयको तथ्यांकअनुसार अहिलेसम्म ४२ करोड ८८ लाख ३४ हजार ५५० रुपयाँ खर्च भएको छ । स्थानीय तहहरूले आआफ्नो कोषबाट पनि खर्च गरेका छन् । सुदूरपश्चिमका धेरै मानिसहरू सरकारले गरेको खर्चअनुसार राहत नपाएको गुनासो भने गरिरहेकै छन् ।

## सहयोग र सहकार्यले सजिला

यसअघि नेपालमा भूकम्प, विभिन्न ठाउँको बाढी पहिरो तथा अरू विपद्का घटनाहरूमा जस्तो कोरोना महामारीमा पीडितलाई सहयोगका लागि गैरसरकारी क्षेत्रको पहल कम रह्यो । सबै क्षेत्र प्रभावित भएको र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत कोरोनाको नराम्रो प्रभाव परेकाले पनि सहयोगहरू कम भएका हुन् ।

थोरै भए पनि सहयोगका पहलहरू भने भए । डडेल्धुरा अस्पतालमा रहेको पिसिआर मेसिन निजी क्षेत्रले नै खरिद गरेको हो । ह्युमानिटी फाउण्डेशनको अगुवाइमा विभिन्न निजी तथा सरकारी सहयोगमा सो मेशिन स्थापना गरिएको हो ।

त्यस्तै कर्मचारी, उद्योग वाणिज्य संघ, बैंक लगायत संघ संस्थाहरूबाट सुदूरपश्चिम सरकारको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कोषमा ४ करोड ८७ लाख ३ हजार ८३३ रुपयाँ जम्मा भयो । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रवक्ता तेजप्रकाश जोशी कोरोना रोकथाम तथा नियन्त्रणको काममा निजी क्षेत्र र संघसंस्थाले सहयोग गरेको बताउँछन्। सबैको सहकार्यबाट नै सम्भावित भयावह अवस्था सामान्य हुँदै गएको जोशीको भनाइ छ ।

भारतसँग लामो खुला सीमा भएको, धेरै नागरिक कामका लागि भारतमा रहेका र भारतमा कोरोना सङ्क्रमण तीव्र गतिमा फैलिएका कारण त्यहाँ कामविहीन भएर नेपालीहरू घर फर्किरहेको अवस्थामा सुदूरपश्चिम प्रदेशमा कोरोना महामारीको ठूलो जोखिम थियो ।

एकाएक सङ्क्रमितको संख्या बढिरहेको थियो । जाँचको लागि लकडाउनकै बीच स्वाब काठमाडौँ पठाउनुपर्ने बाध्यता तथा उपचारको लागि जनशक्ति र उपकरणको अभाव भएको बेला यहाँका बासिन्दाले रोगकको डरसँगै भोकसँगको लडाइँ गर्नु पर्‍यो ।

भारतबाट फर्किएकाहरूलाई क्वारेन्टिनमा राख्नुपर्ने र धेरै मानिस एकैपटक आउँदा स्थानीय तहलाई व्यवस्थापनमा हम्मेहम्मे भयो । आम्दानी रोकिनु, रोगको जोखिम हुनु, समाजबाट अपहेलना सहनुपर्नेजस्ता कारणले धेरैमा मानसिक समस्या र कतिपय आत्महत्याका घटनासमेत भए । अहिले विस्तारै अवस्था सामान्य हुँदैछ ।

सुदूरपश्चिम प्रदेशमा करिब १० हजार जनालाई कोरोना सङ्क्रमण भएको छ । कोरोना संक्रमणबाट हालसम्म ३२ जनाको ज्यान गएको छ । हालसम्म कोरोना संक्रमितमध्ये ७५ प्रतिशत निको भइसकेका छन् । लकडाउन हटेपछि जनजीवन सामान्य बनाउँदै कोरोनाबाट बच्न स्वास्थ्य सावधानी अपनाएर दिनचर्या चल्न थालेको छ । कोरोना संक्रमणको त्रास भने यथावत् छ ।

# ३: काठमाडौँ

## कोरोना कहर : न्याय पर धकेलिँदा निमुखा नै हैरान

https://www.khabarhub.com/2020/11/217961/

लकडाउनसँगै अदालतहरूमा मुद्दा दर्ता हुने र फैसला हुने क्रम ह्वात्तै घट्यो । साइबर अपराधका समेत मुद्दा हेर्ने काठमाडौँ जिल्ला अदालतमा त एउटा पनि मुद्दा दर्ता भएन पीडितका लागि न्यायमा पनि लकडाउन बाधक भयो ।

काठमाडौँ– कोरोना भाइरस संक्रमण (कोभिड-१९) को महामारीका कारण नेपालीको स्वास्थ्य प्रणालीमा मात्रै होइन, दैनिक जनजीवन पनि असर परेको छ । कोरोना संक्रमण देखिएपछि नेपाल सरकारले गत वर्षको चैत ११ गतेदेखि लकडाउन गरेपछि चौतर्फी असर पऱ्यो ।

कोरोना महामारीको असर सरकारी संयन्त्रहरूमा पनि पऱ्यो । फ्रन्टलाइनमा काम गर्नुपर्ने निकायहरूको सेवा घट्यो । त्यसैमध्येको एक अदालत पनि हो । अदालती कामकारबाही संकुचित भयो । सर्वोच्च अदालतका अनुसार ६ महिनासम्म सबै अदालतको काममा संकुचन आएको थियो । मासिक १ हजार ८ सय वटासम्म मुद्दा फछ्र्यौट गर्ने सर्वोच्च अदालत ६ महिनासम्म संकुचनमा रहँदा मुद्दा फछ्र्यौट पनि घट्यो । सर्वोच्च अदालतका प्रवक्ता भद्रकाली पोखरेलका अनुसार कोरोनाका कारण ६ महिनाजति नियमितरूपमा हुन सकेन । फैसलाको संख्या ह्वात्तै घट्यो । फैसला हुनुपर्ने मुद्दा रोकिँदा पीडितलाई असर पऱ्यो । उनले भने, 'अहिले पनि जोरबिरजोर प्रणालीले यातायात सहज नहुँदा सर्वसाधारण मानिसलाई अदालतसम्मको पहुँचमा समस्या परेको छ ।'

प्रवक्ता पोखरेलका अनुसार अदालत परिसरमा प्रवेश गर्ने व्यक्तिको शरीरमा कोरोनाको लक्षण जाँच गर्ने प्रबन्ध छैन । इजलाशमा बस्ने दर पनि घटेको छ । अदालती काममा संकुचन आएका कारणले नागरिकको सहभागितामा पनि कमी आएको छ । कोरोनाकै बीचमा समेत सर्वोच्च अदालतमा केही मुद्दा फछ्र्यौट भएको प्रवक्ता पोखरेलले बताए ।

उनले भने, 'कोभिडकै बीचमा समेत केही मुद्दा दर्ता पनि भए । अन्य अदालतमा मुद्दाहरू दर्ताको प्रक्रिया निकै न्युन भएको छ । समग्रतामा असर परेको छ । मुद्दाहरूको पेसी सार्नु परेको छ ।' अदालती काममा संकुचन आएपछि सर्वोच्च लगायतका सबै अदालतहरूमा मुद्दा दर्ता र फैसलाको संख्या घटेको छ । प्रवक्ता पोखरेलले मुद्दा दर्ता र फछ्र्यौट घटेपछि सेवा पाउने अवसरबाट नागरिकहरू बञ्चित भए ।

अदालतले सकेसम्म काममा असर कम गर्न ध्यान दिएको प्रवक्ता पोखरेलको भनाइ छ । उनले भने, 'बृहत् इजलाशबाट हदम्याद, तारिख लगायतका विषयमा असर नपरोस् भनेर लकडाउनको समयलाई शुन्य अवधि मान्ने फैसला भएको छ । पूर्णरूपमा बन्दाबन्दी हटेको एक महिनापछिसम्म पहिलेकै तारेख कायम रहने फैसला गरेको छ ।'

सर्वोच्च अदालतले आफ्नो सेवा केही घटाएको भए पनि सरकारी निकायलाई जिम्मेवार बनाउने र कोरोनाको प्रभाव कम गर्ने विषयमा भने महत्वपूर्ण काम गरेको प्रवक्ता शर्माको भनाइ छ । उनले भने, 'आफूले प्रवाह गर्ने सेवा सहज बनाउनेदेखि कोभिडको प्रभाव व्यवस्थापन गर्ने सन्दर्भमा जिम्मेवार निकाय वा पदाधिकारीहरूलाई न्यायिक निर्णयमार्फत प्रभावकारी बनाउन सर्वोच्च अदालतले काम गरिरहेको छ ।'

स्वास्थ्य, रोजगारी, आजतवाजत, राहत वितरण, विदेशमा रहेका नागरिकको उद्धार लगायतमा न्यायिक हिसाबले काम गरेको प्रवक्ता पोखरेलले भनाइ छ । उनले भने, 'कोभिडबाट असर परेका नागरिकलाई राज्यको जिम्मेवारी बहन गराउने विषयमा सर्वोच्चले कोभिडकै बीचमा पनि काम गरेको छ ।' सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसी न्यायमा पहुँच पुऱ्याऔँ भन्ने सर्वोच्च अदालतको उद्देश्य प्रभावकारी हुन नसकेका बेला कोरोना संक्रमणले झन् समस्या बढाएको बताउँछन् । उनले भने, 'अदालतको उद्देश्य न्यायमा पहुँच पुऱ्याऔँ भन्ने छ । सामान्य अवस्थामा पनि अदालतको उद्देश्यअनुसार काम प्रभावकारी हुन सकेको छैन । कोरोनाको असर अदालतमा पनि पर्ने नै भयो ।'

कोरोनाका कारण अदालती काममा असर परेको भए पनि कोरोनाको समयमा प्रभावकारी भएन भनेर भन्न नमिल्ने पूर्वन्यायाधीश केसीको भनाइ छ । उनले 'कोरोना भनेको अदालतको काबुबाहिरको अवस्था हो । काम गर्ने न्यायाधीश र कानून व्यवसायीलाई पनि आफ्नो ज्यान प्यारो हुनुपऱ्यो ।'

सबैलाई न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले नेपालका सबै अदालतहरूमा असहाय र गरिबहरूका लागि वैतनिक कानून व्यवसायीको व्यवस्था समेत छ । तर, वैतनिक कानून व्यवसायी मात्रै पर्याप्त नहुने न्यायाधीश केसीको भनाइ छ । उनले भने, 'अदालतमा रहेका वैतनिक कानून व्यवसायीले मात्रै पर्याप्त हुँदैन । बलात्कार र घरेलु हिंसाका पीडतहरूलाई राज्यले काउन्सिलिङको व्यवस्था पनि गर्नुपर्छ । सबै अदालतमा पर्याप्त मात्रामा वैतनिक कानून व्यवसायी छैनन् ।'

कोरोनाका कारण अदालतले काम गरेन भन्न नमिल्ने केसीको भनाइ छ । उनले भने, 'अदालत आफू पनि बचेर काम गर्नुपर्ने थियो । त्यो भएको छ । जताततै असर परेपछि अदालतमा पनि प्रभाव त पर्ने नै भयो ।'

लकडाउनका बेलासमेत सर्वोच्च अदालतले अत्यावश्यक सेवाअन्तर्गत बन्दीप्रत्यक्षीकरण र कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन खुला राखेको थियो । लकडाउनमा कोरोना र बन्दीप्रत्यक्षीकरणसँग सम्बन्धित ४२ वटा रिट दायर भएको सर्वोच्चले जनाएको छ । तीमध्ये २३ वटा रिटमा अन्तरिम आदेश जारी भएको छ ।

उच्च अदालत, जिल्ला अदालत र न्यायाधीकरणबाट लकडाउनको अवधिमा २ हजार ३१४ थान मुद्दा फछ्र्यौट भएको थियो । जसमा देवानी मुद्दा ५८६, फौजदारीका १ हजार ६२९ र रिट निवेदन ९९ थान फछ्र्यौट भएको सर्वोच्चले जनाएको छ । लकडाउनको समयमा ३३३ थान मुद्दामा मिलापत्र भएको र १३५ थान मुद्दा फिर्ता भएको रेकर्ड छ । सर्वोच्च अदालतले उपलब्ध गराएअनुसार यस्तो छ लकडाउन अवधिको मुद्दा विवरण :

- उच्च अदालतमा ६९ र जिल्ला अदालतमा ७ गरी जम्मा ७६ थान बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता भएको रेकर्ड छ । त्यस्तै, कोभिड-१९ सँग सम्बन्धित १४ थान रिट निवेदन उच्च अदालतमा दर्ता भएको छ ।

- पुर्पक्षको क्रममा सुधारगृहमा रहेका बालबालिकालाई कोभिड-१९ को प्रभाव विचार गरेर अभिभावकको जिम्मा लगाइपाउन उच्च र जिल्ला अदालतमा गरी ५३९ थान निवेदन परेकोमा ३०४ जना बालबालिका अभिभावको जिम्मा लगाइएको छ ।

- मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५५ बमोजिम एक वर्षसम्म कैद भएको मुद्दामा कैद वापत नगद राखी सजाय भुक्तान गर्ने व्यवस्था कार्यान्वयनका लागि उच्च तथा जिल्ला अदालतहरूमा गरी जम्मा ६३९ निवेदन परेकोमा ४५० निवेदकहरूलाई मागबमोजिम आदेश जारी भएको छ ।

- उच्च अदालत, जिल्ला अदालत र विशेष अदालत तथा न्यायाधीकरणहरूमा गरी जम्मा ४ हजार ६९० अभियोगपत्र दायर भएको र ६ हजार ९५६ जना अभियुक्तका सम्बन्धमा थुनछेक आदेश भएको छ ।

- उच्च तथा जिल्ला अदालतहरूबाट १ हजार ९५१ थान पक्राउ पूर्जीको अनुमति र २११५ जरुरी पक्राउ पूर्जीको समर्थन गरिएको छ ।

- उच्च अदालत, जिल्ला अदालत, विशेष अदालत र न्यायाधिकरणहरूबाट ७ हजार ३२९ पटक म्याद थपको आदेश भएको छ ।

## लकडाउनभरि आएइन मुद्दा

देशभरका साइबर अपराधको सुनुवाइ हुने एकमात्र अदालतका रूपमा रहेको काठमाडौं जिल्ला अदालतमा पनि कोरोनाका कारण मुद्दा दर्ता र न्यायनिरूपणको काममा बाधा उत्पन्न भएको अदालतले जनाएको छ । अदालतका सूचना अधिकारी ज्ञानबहादुर कार्कीका अनुसार लकडाउन र निषेधाज्ञाको समयमा काठमाडौं जिल्ला अदालतमा कुनै पनि मुद्दा दर्ता भएन ।

दैनिक औसतमा एक सय वटाभन्दा बढी मुद्दा पेशीमा चढ्ने काठमाडौं जिल्ला अदालतमा कोरोनाको प्रभाव परेको देखिएको छ । सूचना अधिकारी कार्कीले भने, 'निषेधाज्ञा र लकडाउनका बेला मुद्दा दर्ता भएनन् । त्यसपछि अलिअलि दर्ता भए ।' लकडाउनपछि ५० वटाभन्दा बढी मुद्दामा असहाय र गरिबहरूलाई वैतनिक कानून व्यवसायीमार्फत कानूनी सहायता उपलब्ध गराइएको कार्कीले बताए ।

वैतनिक कानून व्यवसायीले दिने सेवाबारे उनले भने, 'वैतनिक कानून व्यवसायीमार्फत बहस गर्ने व्यवस्था मिलाएका छौं । अदालतमा आउने पक्ष वा विपक्षले कानून व्यवसायी भए नभएको कुरा बयानमा भन्छ । आफ्नो व्यवसायी नहुने पक्षले हामीकहाँ हुने वैतनिक कानून व्यवसायीको सेवा पाउँछ ।'

काठमाडौं जिल्ला अदालतका वैतनिक कानुन व्यवसायी चिरञ्जीवी कोइरालाले कोरोनाका कारण सेवाग्राहीहरूको संख्यामा कमी आएको बताए । सामान्य मुद्दाहरू निरन्तर सुनुवाइ हुन नसकेको उनको भनाइ छ । उनले भने, 'वैतनिक कानून व्यवसायीहरूको काम वास्तविक असहायहरूलाई सहयोग गर्ने हो । वैतनिक कानून

व्यवसायीले गरेका कामको रेकर्ड सर्वोच्च अदालतमा प्रतिवेदन बनाएर पठाउनु पर्छ ।'

उनका अनुसार कोभिडका कारणले सामान्य मुद्दाहरू समेत कम भएको अवस्थामा वैतनिक कानून व्यवसायीमार्फत् पैरवी हुनुपर्ने मुद्दाको संख्या पनि घटेको छ ।

नेपालको संविधानले केही विषयमा न्यायिक निरूपण गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका उपप्रमुखहरूलाई पनि दिएको छ । एक वर्षभन्दा कम सजाय हुने मुद्दामा प्रमुख जिल्ला अधिकारीहरूले नै निरूपण गर्न पाउने व्यवस्था छ । स्थानीय तहहरूमा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ ।

यस्ता न्यायिक समितिहरूमा समेत लकडाउनको समयमा उजुरी कम भयो । लकडाउनकै समयमा घटनाहरू बढे पनि पीडितहरू न्यायको खोजीका लागि जान सकेनन् । धेरै न्यायिक समतिले फोनबाटै पनि उजुरी गर्न सक्ने व्यवस्था गरेर न्याय दिलाउने प्रयास गरे ।

## सक्रिय सामाजिक क्षेत्र

कोरोना संक्रमण सुरु भएपछि स्वाभाविकरूपमा त्यसको असर सबै क्षेत्रमा पर्ने भए पनि गरिखाने वर्गमा सबैभन्दा बढी पर्‍यो । राज्यका निकायहरूले दिने सेवा घटे पनि सेवाका सामाजिक क्षेत्रमा भने निकै सक्रियता देखियो ।

लकडाउनमा आर्थिक अवस्था कमजोर भएका र दैनिक काम गरेर जीवन चलाउनेहरू समस्यामा परे । देशभरबाट ठूलो संख्यामा काठमाडौंमा मानिसहरूको बसोबास हुने गरेको छ । लकडाउन र प्रतिबन्धात्मक व्यवस्थाले काठमाडौं उपत्यकामै सबैभन्दा ठूलो जनसंख्यालाई असर पर्‍यो ।

सामाजिक संघसंस्थाहरूले समस्यामा परेकाहरूलाई खाना खुवाउने र आवश्यक अन्य सहयोग पनि गरे । त्यस्तै संस्थाहरूमध्येको एक हो 'हन्ड्रेड ग्रुप' । नेपालमा कोरोना संक्रमणका कारण समस्या सुरु भएपछि निःशुल्क कपडा बैंकको अभियान चलाइरहेको 'हन्ड्रेड ग्रुप' ले निःशुल्क भोजनको व्यवस्था पनि सुरु गर्‍यो । हन्ड्रेड ग्रुपसँगै निःशुल्क खाना खुवाउनेमध्येको अर्को संस्था हो 'हाम्रो टिम नेपाल' ।

सरकारले लकडाउन गरेपछि धेरैको रोजगारी गुम्यो । कतिपय घरधनीहरूले भाडामा बस्ने न्युन आय भएका व्यक्ति तथा परिवारहरूलाई घरबाट निकाल्न थाले । यस्तो अवस्थामा १० जनाको 'हाम्रो टिम नेपाल' ले चैत १४ गते अनामनगरमा खाना खुवाउने काम सुरु गर्‍यो ।

हाम्रो टिम नेपालका सचिव लक्ष्मणसिंह धामी कुँवरले कुनै पनि नेपाली भोकै बस्नु नपरोस् भन्ने पवित्र उद्देश्यले समूहबाट प्रतिव्यक्ति २५ हजार रुपैयाँ संकलन गरेर खाना खुवाउने काम थालेको बताए । उनले आफ्नो समूहले फार्मेसी समेत सञ्चालन गरेको बताए ।

'खाना खान नपाएकाहरू देख्दा सहयोगी भावना जाग्यो,' कुँवरले भने, 'हामीले निःशुल्क कपडा बैंकको अवधारणाअनुसार धेरै पहिला काम सुरु गरेका थियौं । कोरोनाको संक्रमण देखिएर सरकारले लकडाउन गरेपछि समस्यामा परेकालाई खाना खुवाउन थाल्यौं । आफैंले पैसा उठाएर खाना खुवाउन थालेको दुई महिनापछि सहयोग आउन थाल्यो । अहिले धेरै सहयोगीहरू हुनुहुन्छ ।'

उनका अनुसार लकडाउनमा 'हाम्रो टिम नेपाल' ले सुरु गरेको खाना खुवाउने अभियानको पहिलो चरणमै दैनिक ४ सय जनासम्मले खाए । अहिले पनि खाना खुवाउने अभियान निरन्तर रहेको सचिव कुँवरले बताए । 'सुरुमा दैनिक ४ सयलाई खाना खुवायौं । बीचमा केही दिन दैनिक ७ सयसम्मले खाने व्यवस्था गरेका थियौं । अहिले पनि दैनिक ४ सय जनाको हाराहारीले खाइरहनुभएको छ,' कुँवरले भने, 'घर जान चाहनेहरूलाई यातायातको व्यवस्था पनि गर्‍यौं ।' लकडाउन खुकुलो भएसँगै राज्यका निकायहरूबाट सेवा पनि बढ्न थालेको छ । सामाजिक संस्थाहरू र अभियानकर्मीहरू यथावत सक्रिय छन् ।

# ४: इलाम

## स्थानीय न्यायपालिका (२) : गाउँघरमै बढ्दै न्यायमा पहुँच

https://www.khabarhub.com/2020/03/215117/

इलाम– माई नगरपालिकाका एक बालक आफ्ना बुबासँगको नातासम्बन्ध कायम गरिपाऊँ भन्ने निवेदन लिएर न्यायिक

समिति आए । समितिले उनको निवदेन दर्ता गऱ्यो । बालकले जसलाई बाबु दाबी गरेका थिए, उनलाई छलफलका लागि बोलायो ।

सुरुमा बाबु भनिएका व्यक्तिले छोरो स्वीकार गरेननन् । निवेदकसँग आफ्नो कुनै पनि नाता नभएको जिकिर गरे । पटकको छलफलपछि ती व्यक्तिले निवेदक बालकको बाबु आफू नै भएको स्वीकार गरे । अहिले बाबु-छोरा एकै परिवारमा बस्छन् । बाबुले छोराको पालनपोषण गरेका छन्, विद्यालय भर्ना गराएका छन् ।

सूर्योदय नगरपालिका निवासी एक दम्पती सँगै जीवन बिताउन नसक्ने भए । आठ वर्षसम्म पतिपत्नी अलग्गिएरै बसे । पत्नीले पतिसँग सम्बन्धविच्छेद गरिपाऊँ भन्दै न्यायिक समितिमा निवेदन दिइन् ।

समितिको पहलमा दुवै पक्षबीच छलफल भयो । बेग्लाबेग्लै र सँगै राखेर पटकपटकको छलफलपछि पतिपत्नीको पुनर्मिलन भयो । घरव्यवहार मिल्यो । न्यायिक समिति संयोजक रहेकी नगरउपप्रमुख दुर्गादेवी भट्टराईका अनुसार उनीहरू मिलेर बसेका छन्, बेकार झगडा गरिएछ भन्ने भएको छ ।

देउमाई नगरपालिका निवासी एक दम्पतीमा पनि झगडा भयो । झगडा र कुटाकुट घरभित्रमात्र सीमित भएन । न्यायिक समितिसम्म पुग्यो । न्यायिक समितिले दुवै पक्षलाई छलफलमा राख्यो। पटकपटकको छलफलपछि विवाद मिल्यो । सम्बन्धविच्छेद नगरी नसक्ने अवस्थामा पुगेका उनीहरूको मिलनबाट सन्ताको जन्म समेत भएको छ । घरव्यवहार पहिलेभन्दा राम्ररी चलेको छिमेकीहरूले देखेका छन् ।

उपयुक्त घटनाहरू स्थानीय तह गठनपछि न्यायक्षेत्रमा सर्वसाधारणले प्रत्यक्ष अनुभव गरेका केही उदाहरण हुन् । झन्डै दुई दशकपछि स्थानीय तह गठन भएर जनप्रतिनिधिमात्रै आएनन्, उनीहरूले कानुन बनाउने अधिकार पनि पाए । नगरपालिकामा उपप्रमुख र गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति रहने व्यवस्था छ ।

न्यायिक समितिलाई स्थानीयस्तरमा गाउँका विवाद समाधान गर्ने जिम्मेवारी छ । झगडियाबीच मेलमिलाप गराउने र कतिपय मुद्दामा फैसला गर्ने अधिकार छ । यसले सर्वसाधारणलाई नागरिकहरूलाई सुविधा भएको छ । न्यायिक समितिले न्याय दिन्छ भन्ने थाहा भएपछि सानातिना विवाद न्यायिक समितिमा पुग्न थालेका छन् ।

प्रत्येक स्थानीय तहमा न्यायिक समिति सक्रिय छन् । वडास्तरमा मेलमिलाप केन्द्र छन् । धेरैजसो मेलमिलाप केन्द्रमा तालिमप्राप्त मेलमिलापकर्ता छन् । मेलमिलापकर्ता पनि झगडिया पक्षहरूले रोजेकै व्यक्ति रहने भएपछि समितिमा आएका मुद्दा छिनोफानो गर्न सहज भएको छ ।

वर्षौंसम्म अदालत धाउँदा नमिलेका मुद्दा न्यायिक समितिमा मिलेका उदाहरण धेरै छन् । सहज ढङ्गले न्याय पाउने भएपछि अहिले न्यायिक समितिका पदाधिकारी र झगडियाहरू नै भन्न थालेका छन्- न्यायिक समितिमा पुगेका मुद्दा दुवै पक्षको जित-जितमा टुङ्गिन्छन् ।

समितिमा आएका केही विवाद निरूपण नभएका उदाहरण पनि छन् ।

इलामका १० वटा स्थानीय तहमध्ये चार वटा नगरपालिका र छ वटा गाउँपालिकामा जग्गासम्बन्धी विवादका मुद्दा सबैभन्दा बढी आउने गरेका छन् । दोस्रो बढी मुद्दा घरेलु हिंसाका छन् । सन्दकपुर गाउँपालिकामा गत आर्थिक वर्ष ३५ वटा मुद्दा दर्ता भएकोमा चार वटामा मेलमिलाप हुन सकेन ।

सन्दकपुरमा चालु आर्थिक वर्षमा हालसम्म पाँच वटा मुद्दा दर्ता भएको समिति संयोजक तथा गाउँपालिका उपाध्यक्ष शोभा पराजुली बताउँछिन् । 'आएका मुद्दा प्रायः सबै मिलेका छन्,' उनले भनिन्, 'यस्ता मुद्दा लिएर सर्वसाधारण नागरिक अदालत जानुपरेको थियो भने कति झन्झट हुन्थ्यो होला !' सन्दकपुर गाउँपालिकाको न्यायिक समितिका लागि चालु आर्थिक वर्षमा सात लाख रुपैयाँ बजेट छ । गत वर्ष पाँच लाख रुपैयाँमात्र बजेट हुँदा पनि अभाव नभएको पराजुलीले बताइन् ।

सूर्योदय नगरपालिमामा बन्दाबन्दीको अवधि, २०७६ चैत ११ यता, सबैभन्दा बढी घरेलु हिंसाका २८ वटा मुद्दा दर्ता भए । न्यायिक समिति संयोजक भट्टराई बन्दाबन्दीका बेला घरपरिवारमा खानलाउन अभाव भएका कारण हिंसाका घटना भएको बताउँछिन् ।

'बन्दाबन्दीका बेला घरबाहिर काम नभएर फुर्सदमा भएका पतिपत्नीबीच ससानो निहुँमा पनि झगडा हुँदोरहेछ,' उनले भनिन्, 'परिवारमा हातमुख जोर्ने समस्या भएपछि अभावले झगडा निम्त्याएको पाइयो ।'

अंशवण्डा, कुटपिट, गालीबेइज्जती जस्ता मुद्दा जग्गाजमिन र घरेलु हिंसाका मुद्दाभन्दा कम संख्यामा छन् । लकडाउनको अवधिमा हिँडडुल गर्न समस्या परेकाले अन्य स्थानीय तहमा चाहिँ थोरै संख्यामा मुद्दा दर्ता भएका छन् । चुलाचुली गाउँपालिकाकी उपाध्यक्ष तथा न्यायिक समिति संयोजक निर्मला दाहाल बन्दाबन्दीको अवधिमा घरेलु हिंसाका दुई वटा उजुरी दर्ता भएको बताउँछिन् ।

चालु आर्थिक वर्षमा हालसम्म समितिमा १५ मुद्दा दर्ता भएका छन् । 'भेला हुन नहुने र हिँडडुल गर्न सवारी साधनको पनि अभाव भएकाले बन्दाबन्दीका बेला मुद्दा आएनन्,' उनले भनिन्, 'अरू बेला मुद्दाको संख्या चार दर्जनभन्दा बढी हुन्छ ।' चुलाचुली गाउँपालिकाको न्यायिक समितिमा गत वर्ष १० लाख रुपैयाँ बजेट विनियोजन गरिएकामा यस वर्ष पनि त्यति नै छ ।

माई नगरपालिकामा वैदेशिक रोजगारीमा जाने व्यक्ति धेरै भएकाले धेरै जसो विवाद त्यस्तै व्यक्तिको घरपरिवारमा हुने गरेको छ । चालु आर्थिक वर्षमा हालसम्म समितिमा ६५ वटा मुद्दा दर्ता भएकामा १५ वटा चाहिँ पतिपत्नीबीचको असमझदारीकै छन् । समिति संयोजक विष्णुमाया रिमाल वैदेशिक रोजगारीबाट पति वा पत्नी आएपछि उनीहरूबीच आर्थिक र पारिवारिक किचलो हुने गरेको छ ।

'बाबुआमाको असमझदारीले उनीहरूका बालबालिको बिजोग भएको अवस्था छ,' उनले भनिन्, 'बन्दाबन्दीको अवधिमा मात्रै ६ वटा मुद्दा समितिमा नमिलेर अदालत गए ।' नगरले न्यायिक समितिका लागि वार्षिक १५ लाख रुपैयाँ विनियोजन गरेको छ ।

नेपालको संविधानको धारा २१७ अनुसार स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले न्यायिक समितिलाई दुई किसिमको न्यायिक अधिकार दिएको छ । ऐनको दफा ४७ को उपदफा १ मा विवादको निरूपण गर्ने र त्यही दफाको उपदफा २ मा मेलमिलाप गराउने व्यवस्था छ ।

उपदफा १ अनुसार न्यायिक समितिलाई आली, धुर, बाँध, पैनी, कुलो वा पानीघट्टको बाँडफाँट तथा उपयोग, अर्काको बाली नोक्सान, चरन, घाँसदाउरा, ज्यालामजदुरी, घरपालुवा पशुपन्छी, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह, नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खाने-लाउने वा शिक्षा-दीक्षा सम्बन्धी विवाद निरूपण गर्ने अधिकार छ ।

त्यस्तै, वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घरबहाल र घरबहाल सुविधा, अन्य व्यक्तिको घरजग्गा वा सम्पत्तिमा असर पर्नेगरी रुखबिरुवा लगाएको, आफ्नो घर वा बलैंसीबाट अर्काको घरजग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानुनबमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडेको विषयको विवाद न्यायिक समितिले निरूपण गर्न पाउने अधिकार छ ।

कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वकालदेखि सार्वजनिकरूपमा प्रयोग हुँदै आएको बाटो, बस्तुभाउ निकाल्ने निकास, बस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटीपौवा, अन्त्येष्टिस्थल, धार्मिकस्थल वा अन्य कुनै सार्वजनिकस्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको र संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद न्यायिक समितिले निरूपण गर्नसक्छ ।

उपदफा २ ले चाहिँ सरकारी र सामुदायिकबाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको, आफ्नो हक नपुग्ने अरूको जग्गामा संरचना बनाएको, पति-पत्नीको सम्बन्ध विच्छेद, अङ्गभङ्गबाहेकको बढीमा एक वर्षसम्म कैद हुनसक्ने कुटपिट, गाली बेइज्जती, लुटपिट, पशुपन्छी छाडा छोडेको वा पशुपन्छी राख्दापाल्दा लापरबाही गरी अरूलाई असर पारेको विषयमा मेलमिलाप गराउने व्यवस्था गरेको छ ।

यस्तै, अरूको आवासमा अनाधिकृत प्रवेश गरेको र अर्काको हकभोगको जग्गा आवाद वा भोगचलन गरेको, ध्वनि प्रदूषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर गरेको, प्रचलित कानुनबमोजिम मेलमिलाप हुनसक्ने व्यक्तिवादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुनसक्ने फौजदारी विवाद मिलाउने अधिकार छ ।

न्यायिक समितिले धेरै मुद्दामा मेलमिलाप गराएका छन् । कतिपय मुद्दा समितिबाट जिल्ला अदालतमा पुनरावेदन भएका छन् । अत्यन्त न्युन संख्याका मुद्दामात्र न्यायिक समितिमै फैसला गरिएका छन् । इलाम नगरपालिकाकी उपप्रमुख सुशीला नेम्वाङ प्रत्येक मुद्दामा सुरुमा मेलमिलापकै लागि प्रयास गर्ने र मेलमिलप नभए फैसला गर्ने गरेको बताउँछिन् । समितिमा आएकामध्ये अहिलेसम्म दुई वटा विवादमा मात्रै फैसला गरेको उनको भनाइ छ ।

घरबहालको एउटा र मानाचामलको अर्को मुद्दामा समितिले फैसला गरिदिएको हो । ‘मेलमिलाप हुन नसकेको आफ्नो क्षेत्राधिकारभित्रको मुद्दामा इजलाश नै बस्छ, मुद्दाको किनारा लगाउँछ,’ उनी भन्छिन्, ‘धेरैमा चाहिँ मेलमिलाप नै हुन्छ । बाँकी पुनरावेदन भएका छन् ।’

न्यायिक समितिहरूले न्याय निरूपण र मेलमिलाप गराउँदा ऐनको दफा ४८ र ४९ ले तोकेअनुसारको प्रक्रिया अवलम्बन गर्ने गरेका छन् । प्रत्येक स्थानीय तहमा बनेको न्यायिक समितिको कार्यविधिअनुसार न्यायसम्पादन गर्ने गरेको देउमाई नगरपालिकाकी उपप्रमुख पवित्रा राईले बताइन् ।

‘अहिलेसम्म न्यायिक समितिमा आएका ९० प्रतिशतभन्दा बढी मुद्दा मेलमिलापमै टुङ्गिएका छन्,’ उनले भनिन्, ‘बाँकी पुनरावेदनका लागि गएका छन् । फैसला गर्नुपरेको छैन ।’ सूर्योदय नगरकी उपप्रमुख भट्टराई पनि भरसक सबै मुद्दामा मेलमिलापलाई नै प्राथमिकता दिएको बताउँछिन् । ‘मेलमिलापबाट टुङ्गिएका मुद्दामा कार्यान्वयनको समस्या हुँदैन,’ उनले भनिन्, ‘दुवैपक्षको जित हुन्छ । दुवै पक्षको चित्त बुझेपछिमात्रै निर्णय लिइन्छ ।’

न्यायिक समितिले बनाएको कार्यविधिमा मुद्दाको प्रकृतिअनुसार बढीमा तीन महिनामा किनारा लगाउनुपर्ने प्रावधान छ । यो अवधिमा मुद्दा किनारा नलागे समितिको अधिकारअनुसार फैसला हुन्छ वा पुनरावेदनका लागि पठाइन्छ । मुद्दा कार्यविधिले तोकेकोभन्दा बढी अवधि समितिमा नरहेको रोङ गाउँपालिकाकी उपाध्यक्ष तथा न्यायिक समिति संयोजक चन्द्रकला राई बताउँछिन् । ‘हाम्रो न्यायिक समितिमा थोरै संख्यामा मुद्दा आएका छन्,’ उनले भनिन्, ‘गाउँमा विवाद नै थोरै हुन्छ ।’ अहिलेसम्म आएका सबै मुद्दामा मेलमिलाप भएको उनले बताइन् ।

न्यायिक समितिले मुद्दा हेर्दा सर्वसाधारणलाई न्यायका लागि सदरमुकाम धाउने, प्रहरी र अदालतसम्म पुग्ने समस्याबाट मुक्ति मिलेको छ । पालिका वा वडाबाटै सेवा पाउने भएपछि खर्च र समय बचत भएको सेवाग्राहीहरू बताउँछन् । न्यायिक समितिका पदाधिकारीहरू पनि सर्वसाधारणलाई स्थानीयस्तरमै सुविधा पुगेको बताउँछन् ।

जोगमाई गाउँपालिकाकी उपाध्यक्ष सावित्रा भट्टराईले सदरमुकाम पुगेर हजारौँ रुपैयाँ खर्च गनुपर्ने बाध्यतामा रहेका सेवाग्राहीले वडामै न्यायको सुविधा पाएको बताइन् । ‘न्यायका लागि सदरमुकाम पुग्नुपर्ने, प्रहरी र प्रशासन धाउनुपर्ने समस्या गाउँमै समाधान भएको छ,’ उनले भनिन्, ‘सानो विवादमा पनि धेरै पैसा र समय खर्च हुने अवस्था छैन ।’

नागरिकलाई घरगाउँमै न्याय सेवा दिने न्यायिक समितिहरू जनप्रतिनिधि निर्वाचित भएको करिब आधा वर्षसम्म कामविहीन थिए । स्थानीय तहमा कानुन नबन्दा न्यायिक समितिको कार्यक्षेत्र र प्रक्रिया स्पष्ट थिएन । अहिले कानुनी पक्षमा बाधाअड्चन नरहे पनि कर्मचारी र भौतिक पूर्वाधार अभाव न्यायिक समितिका साझा चुनौती हुन् ।

सूर्योदय नगरपालिकाकी उपप्रमुख भट्टराई जनप्रतिनिधिले न्यायिक फैसलाको काम गर्नुलाई चुनौतीपूर्ण मान्छिन् । ‘न्याय दिने र फैसला सुनाउने कामले कहिलेकाहीँ हामीलाई अप्रिय बनाउन सक्छ भन्ने लाग्छ,’ उनले भनिन्, ‘यो एउटा चुनौती हो तर आफू त्यो ठाउँमा भएपछि कसैको पक्ष-विपक्षमा बोल्ने कुरा आउँदैन ।’

रोङ गाउँपालिकाकी उपाध्यक्ष राईलाई पनि न्यायिक समिति चुनौतीपूर्ण लाग्छ । ‘अन्यायमा परेको व्यक्तिलाई आफू बीचमा रहेर न्याय हुने गरी फैसला त गरिन्छ तर यो काम राजनीतिक व्यक्तिलाई निकै गाह्रो हुँदोरहेछ,’ उनले अनुभव सुनाइन्, ‘अन्यायमा परेकालाई न्याय नै दिने हो तर त्यसले सबैलाई चित्त बुझ्दैन, हामीलाई हरेक हिसाबले समस्या आउन सक्नेरहेछ ।’

इलाम नगरपालिकाकी उपप्रमुख नेम्वाङ कतिपय मेलमिलाप कार्यान्वयन गर्न समस्या भएको बताउँछिन् । ‘फैसला भएको मुद्दा कार्यान्वयन त निकै चुनौतीपूर्ण नै छ, कतिपय मेलमिलापको पनि अवस्था त्यस्तै छ,’ उनले भनिन्, ‘मुद्दा

किनारा लाग्छ तर कार्यान्वयन फितलो हुँदा समस्यामा परेको व्यक्तिले पूर्णरूपले न्याय नपाएको अवस्था छ ।' नगरले गतवर्ष न्यायिक समितिलाई २० लाख रुपैयाँ विनियोजन गरेकोमा यो वर्ष १५ लाख मात्रै रहेको तर बजेट नभएर समस्या नभएको उनले बताइन् ।

न्यायिक समितिका लागि अर्को चुनौती हो, मुद्दाका विपक्षी छलफलमा नआइदिनु । कतिपय न्यायिक समितिमा निवेदन परेपछि विपक्षीहरू छलफलमा नआइदिँदा समस्या हुने गरेको देउमाई नगरपालिकाकी उपप्रमुख राई बताउँछिन् । 'मुद्दामा छलफलका लागि बोलाउँदा विपक्षी त आउँदैनन् नै, मुद्दा हाल्ने पक्ष नै नआएका घटना पनि छन्,' उनले भनिन्, 'उनीहरूलाई उपस्थिति गराउने स्पष्ट प्रावधान नहुनु हाम्रा लागि चुनौती भएको छ ।' देउमाई नगरको न्यायिक समितिका लागि चालु आर्थिक वर्ष ११ लाख रुपैयाँ बजेट छुटयाइएको छ ।

माङ्सेबुङ गाउँपालिकाका प्रत्येक वडामा वर्षमा सरदर ३० वटासम्म मुद्दा दर्ता भएका छन् । गाउँपालिकामा पनि मुद्दा आइरहेको तर वडामै मिलाउँदा सेवाग्राहीलाई अझ सजिलो भएको गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समिति संयोजक सुनिता फोम्बो बताउँछिन् । 'वडामा मुद्दा मिलाउन कहिलेकाहीँ म पनि जान्छु, धेरैजसो वडाध्यक्ष र स्थानीय मेलमिलापकर्तालाई नै जिम्मा दिने गरेका छौँ,' उनले भनिन्, 'कानुनको बारेमा हामी धेरै जानकार नहुँदा अलिक समस्या हुँदोरहेछ ।' दुवै पक्षलाई कमजोर अनुभूत नहुने गरी विवाद समाधान गर्ने गेरेको उनले बताइन् ।

गत वर्षयता प्रत्येकजसो स्थानीय तहले न्यायिक समितिलाई बजेट थप गरेपछि काम सहज भएको समिति संयोजकहरू बताउँछन् । जिल्लाका अन्य स्थानीय तहमा पनि ५ लाखदेखि १५ लाख रुपैयाँसम्म वार्षिक बजेट विनियोजन गरिएको छ । मेलमिलाप गराउँदा दुवै पक्षले जितको अनुभव गर्ने भएकाले पनि स्थानीय तहका न्यायिक समिति प्रभावकारी हुँदैछन् ।

जिल्ला समन्वय समिति प्रमुख गणेशप्रसाद बराल न्यायिक समिति संयोजकहरूलाई कानुनी ज्ञान र नियमित तालिम हुने हो भने न्यायिक समितिबाट सर्वसाधारणले घरआँगनमै राम्रो सेवा पाउनसक्ने बताउँछन् ।

# ५: सुर्खेत

स्थानीय न्यायिक समितिहरूले काम गर्ने प्रयास गरेका भए पनि कतिपय पीडितलाई विश्वास छैन । समितिमा राजनीतिक आस्थाको प्रभाव पर्ने शंका हुने गरेको छ । समितिमा कानूनी जानकारीको कमी र स्रोतसाधनको अभाव पनि समस्याका रूपमा देखापरेको छ ।

## स्थानीय न्यायपालिका : नागरिकको विश्वास न पर्याप्त स्रोतसाधान

https://www.khabarhub.com/2020/12/218219/

सुर्खेत– शरीर दुब्लो छ । अनुहार मलिन छ । यताउता च्यातिएको लुगाले शरीर ढाक्ने प्रयास छ । यस्तै अवस्थामा ६ महिनाकी छोरीका साथ घण्टाघर छेउकै सडकमा भेटिइन् २२ वर्षीया रिता पौडेल । राम्ररी खान नपाएकी बालिका हातका औँला चुसिरहेकी थिइन् । शरीर कमजोर भएरै होला रिता थरथर काँपेकी थिइन् ।

गत असार महिनाको दोस्रो साता रितालाई यस्तो अवस्थामा भेटेपछि अधिवक्ता गीता कोराइरालाले नजिकै आफ्नो अफिसमा लगिन् । गीताले रिता र उनकी छोरीलाई खाजा खुवाइन् । कुरा गर्दै जाँदा रिताले आफ्नो पीडा सुनाइन् । रिताले भनेअनुसार आफूमाथि भएको हिंसाबाट मुश्किलले फुत्केर उनी यसरी भौँतारिएर हिँडेको महिना दिन भएको रहेछ । कोरोना संक्रमण नियन्त्रणका लागि भएको लकडाउनका कारण न्याय माग्न कहाँ जाने भन्ने अन्यौलमा परेकी थिइन् ।

उनको दुःखको दिन त्यस बेला सुरु भयो, जति बेलादेखि उनी प्रेम सम्बन्धमा परिन् । केही वर्षअघि बाँकेको नेपालगञ्जकी रिता धेरै पढ्ने सपना बोकेर काठमाडौँ गएकी थिइन् । २०७५ असारमा एक जना युवकसँग उनको भेट भयो । असल मित्रको रूपमा जोडिएको साइनो प्रेममा बदलियो ।

युवक दलित समुदायका थिए । रिता ब्राह्मण समुदायकी थिइन् । प्रेमसम्बन्धमा परेका दुबै जना बिहे गर्ने निर्णयमा पुगे । रिताले राजीखुसीले बिहेको निर्णय गरिन् । उनले भनिन्, 'सानैदेखि दुःख पाएकी थिएँ । जातको कुनै मतलब

नगरी बिहे गर्ने योजनामा पुगें । बिहेअघि नै लिभिङ टुगेदर जस्तै रिलेसनमा थियौं ।'

रिताले सानै उमेरदेखि आमाको माया पाइनन् । 'सानैदेखि म बुबासँग बसेकी थिएँ,' उनले भनिन्, 'पछि आउनुभएकी आमाले पनि मलाई कहिल्यै राम्रो व्यवहार गर्नुभएन ।'

अन्तरजातीयमा पनि दलितसँग बिहे गरेपछि रिता आफन्तहरूबाट पनि टाढा भइन् । श्रीमानसँग पनि सम्बन्ध बिग्रियो । उनी श्रीमानसँग बस्न सकिनन् । उनले घरमा १० महिनासम्म निकै ठूलो यातना खेप्नुपर्‍यो । खान लगाउनसमेत राम्ररी पाइनन् । श्रीमानका घरमा उनले पटकपटक कुटाइ खानु पर्‍यो ।

घरबाट निकालिएपछि रिता नजिकै चर्चको मण्डलीमा गएर बस्न थालिन् । 'घरमा दैनिक यातना दिन थाले । कहिले श्रीमानले त कहिले सासुससुराले कुटे,' रिताले भनिन्, 'कुटाइ खाँदाखाँदा अति भएर घरबाट निस्किएकी हुँ ।'

रितालाई सडकबाट बोलाएर लैजाने उनै अधिवक्ता कोइरालाको सहयोगमा रिताले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा जाहेरी दिएकी छन् । उनलाई कोइरालाले व्यक्तिगत सहयोगमा प्रहरीसम्म लगेकी छन् ।

गत चैत अन्तिम साता वीरेन्द्रनगर-४ की ३५ वर्षीया एक सुत्केरी महिला घरबाट निकालिइन् । सुत्केरी अवस्थामा पेटभरि पनि खान पाइनन् । छोरी जन्माएको निहुँमा श्रीमानले घरबाट निकालेपछि उनी सडकमा पुगिन् ।

'छोरी जन्माई भनेर घरबाट निकालेपछि मागेर खाँदै हिँडेकी छु,' ती महिलाले भनिन्, 'न्याय खोज्न कहाँ जाने केही थाह छैन ।' उनी तीनवटी छोरी साथमा लिएर घरबाट निस्केकी थिइन् । केही स्थानीय बासिन्दाले उनलाई प्रहरीमा पुर्‍याए । उनलाई अन्य आवश्यक सहयोग पनि गरे ।

वीरेन्द्रनगरकै ३२ वर्षीया रामसरा विक (नाम परिवर्तन) का लागि श्रीमानले मदिरा नपिएको र आफूले कुटाइ नखाएको दिन हुँदैन थियो । दिनभरि घरको काम गर्‍यो, साँझ मदिराको झोकमा कुटाइ खानुपर्थ्यो । चोट लाग्न शरीरमा कुनै अङ्ग बाँकी थिएन, सबैतिर निलडाममात्रै ।

यस्तो यातना सहेर बसिन् । चासो राखेर सोध्नेलाई सञ्चो छैन भनिन् । अति नै भएपछि माइतीको साथ मागेर उनले एक दिन प्रहरी कार्यालयमा उजुरी दिइन् । प्रहरीले दुवै पक्षलाई बोलाएर छलफल गरायो । प्रहरी कार्यालयमा उनी श्रीमानलाई कारवाही गराउने अडानबाट पछि हटिन् । उनले श्रीमानसँग 'मिलापत्र गर्ने' चाहेको बताइन् । प्रहरीले मुद्दाको प्रक्रिया अघि बढाएन ।

यी त केही प्रतिनिधि घटना मात्रै हुन् । सुर्खेतमा धेरै पीडित महिला तथा बालबालिका न्याय माग्न कहाँ जाने भन्ने विषयमा अनभिज्ञ छन् । स्थानीय स्तरमा भएका न्यायिक समितिबारे पनि धेरैलाई जानकारी छैन ।

## लकडाउनमा विवाद आएनन

कोरोना संक्रमण नियन्त्रण गर्न सरकारले गरेको लकडाउनको समयमा स्थानीय तहका न्यायिक समितिहरूमा धेरै उजुरीहरू आएनन् । कर्णाली प्रदेशको राजधानी रहेको वीरेन्द्रनगर नगरपालिकाको न्यायिक समितिमा गत चैतयताका तीन महिना कुनै उजुरी परेन ।

नगरपालिकाको न्यायिक समितिकी कर्मचारी विनिता ढुङ्गानाका अनुसार असारमा मात्र मुद्दा दर्ता भएको थियो । उनका अनुसार आर्थिक वर्ष २०७६/७७ मा ५३ वटा मुद्दा दर्ता भएकोमा ३१ वटाको निरूपण गरिएको थियो । चालु आर्थिक वर्षको साउन यता १२ वटा मुद्दा दर्ता भएका छन् । 'न्यायिक समितिमा आउने मुद्दाहरू रितपूर्वक आइपुग्दैनन् । धेरैजसो मौखिकरूपमा भन्न आउनुहुन्छ । लेखेर ल्याउनुहोस् भनेपछि कतिपय मुद्दा नै आउँदैनन्,' ढुङ्गनाले भनिन्, 'उनीहरूको मुद्दा हेर्ने कानुनी सल्लाहकारको व्यवस्था त छ तर मुद्दा लेखिदिने वकिलको व्यवस्था छैन ।'

न्यायिक समितिले आलीधुर, बाँध पैनी, कुलोको विवाद तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला नदिएको, घरपालुवा पशुपन्छी हराएको वा पाएको विषयका मुद्दा हेर्छ ।

यसैगरी, ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको र सामान्य प्रकृतिका हिंसाजस्ता मुद्दाहरू आउने गरेको भेरीगङ्गा नगरपालिकाका न्यायिक समितमा कार्यरत कर्मचारी वीरबहादुर चुनाराले बताए । अहिलेसम्म न्यायिक समितमा दुई सय वटा मुद्दा दर्ता भएको उनले बताए ।

न्यायिक समितिमा मात्र होइन लकडाउनको समयमा जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा पनि कम मात्रामा उजुरी दर्ता भएको महिला सेलका प्रमुख डिला विकले बताइन् । उनका अनुसार चालु आर्थिक वर्षमा हालसम्म १५५ वटा उजुरी मुद्दा दर्ता भएका छन् ।

'लकडाउनको समयमा हिंसाका केसहरू धेरै भए पनि बाहिर आएनन्,' उनी भन्छिन्, 'हिंसा सहेरै बस्दाको परिणाम आत्महत्याका घटना बढी देखिएका छन् ।' प्रहरीका अनुसार चालु आर्थिक वर्षमा हालसम्म सुर्खेतमा १७ जना महिलाले आत्महत्या गरेका छन् ।

लकडाउनको समयमा भएका बलात्कारका घटना समेत स्थानीय स्तरमा मिलापत्र गराएको पाइएको गुर्भाकोट नगरपालिकाकी बासिन्दा हस्ता पुनले बताइन् । उनले भनिन्, 'लकडाउनको समयमा बाहिर जान सम्भव नहुने र पीडितलाई कानुनी ज्ञानको अभाव हुँदा बलात्कारका घटना पनि गाउँमै मिलाएको देखियो ।'

## न्यायिक समितिमा राजनीति

नागरिकको सामान्य जीवन निर्वाहको लागि आवश्यक पर्ने गाँस, बास र कपासदेखि लिएर अधिकारका नयाँ आयामहरूका विषयमा उठेका समस्या तथा विवादको समाधान गर्ने पहिलो निकाय नै स्थानीय सरकार हो । स्थानीय तहबाट सेवाग्राहीले पाउने सबै किसिमका सेवाहरूमा नागरिकहरूको समान र सहज पहुँच हुनुपर्छ ।

स्थानीय तहमा गठित न्यायिक समितिका कतिपय निर्णयहरू चित्तबुझ्दो नभएको वीरेन्द्रनगरका बासिन्दा बलबहादुर थापा बताउँछन् । स्थानीय स्तरमा जनप्रतिनिधि कुनै न कुनै पार्टीबाट चुनाव लडेर आएका हुन्छन् । यस्तो अवस्थामा पीडित र पीडक दुवैले राजनीतिकरूपमा अविश्वास गर्ने सम्भावना रहेको शिक्षक चन्द्रा खत्री बताउँछिन्।

'जनप्रतिनिधि राजनीतिक प्रतिनिधि भएकाले न्यायिक निर्णयमा उनीहरूमाथि शंका, उपशंका हुने गरको छ,' उनी भन्छिन्, 'स्थानीय स्तरमा न्याय दिँदा राजनीतिक आधारमा पूर्वाग्रह हुने ठानेर कतिपय पीडितहरू न्यायिक समितिमा जाँदैनन् ।'

जनप्रतिनिधिलाई कुनै एउटा राजनीतिक पार्टीको प्रतिनिधिको रूपमा हेर्ने प्रवृत्तिले पनि समस्या भएको अधिवक्ता गीता कोइरालाको भनाइ छ । 'समितिसामु पार्टीगत स्वार्थभन्दा माथि उठेर, हस्तक्षेप चिर्दै निष्पक्ष र स्वतन्त्र न्याय सम्पादन गर्ने प्रमुख चुनौती रहेको छ,' उनी भन्छिन्, 'यस्तो अवस्थामा कानुन, विधि र प्रक्रिया पुऱ्याएर मात्रै पुग्दैन। न्याय सम्पादनमा पार्टीगत कोट फुकाल्न सकेमात्रै त्यसले वास्तविक न्याय निरूपणमा सहयोग पुग्छ ।'

स्थानीय विवादहरूमा छिटोछरितो र सहजरूपमा न्याय दिने उद्देश्यले स्थानीय न्यायिक समितिको व्यवस्था भएको हो। सानोतिनो विवाद छिटोभन्दा छिटो समाधान हुनुपर्ने हो। न्यायिक समितिले मेलमिलापमा जोड दिन्छ। मेलमिलापका लागि स्थानीय स्तरमा विभिन्न गैरसरकारी तथा सामुदायिक संस्थाहरूले मध्यस्थता पनि गर्ने गरेका छन् ।

यस्ता संस्थामा पनि वर्षेनी महिला हिंसाका उजुरीको चाप हुने गरेको 'स्थानीय आवाज' संस्थाका मनोविमर्शकर्ता निशा पौडेलको भनाइ छ ।

न्याय सम्पादनमा कानुनी ज्ञान र मुद्दाको निर्णयमा प्राविधिक ज्ञानको कमी रहेको पाइएको छ । यथेष्ट प्रमाण नहेरी निर्णय हुने गरेको भन्ने गुनसो पनि सुनिने गरेको छ । राजनीतिक पूर्वाग्रह हुन सक्ने शंका पनि हुने गरेको छ । यस्ता कारणले न्याय सम्पादनको प्रभावकारितामा असर परेको स्थानीय अधिकारकर्मी शर्मिला विसी बताउँछिन् ।

'कसैको दबाब र प्रभावमा नपरी स्वतन्त्ररूपमा काम गर्न जरुरी छ,' उनी भन्छिन्, 'यसका लागि समितिका संयोजक सक्रिय हुनुपर्छ, समितिलाई स्वतन्त्र गर्न दिनुपर्छ।' न्यायिक समिति सक्षम भएपछि स्थानीय तहमा सीमान्तकृत समुदायको न्यायमा पहुँच बढ्ने अधिकारकर्मीको भनाइ छ ।

कानूनले स्थानीय तहलाई दिएको सल्लाहकार र आवश्यक कर्मचारी राख्न पाउने अधिकार प्रयोग गरी न्याय निरूपण प्रभावकारी बनाउनुपर्ने अधिकारकर्मी विसीको भनाइ छ। न्यायको सर्वमान्य सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त र विवेक प्रयोग गरेर न्याय सम्पादन गर्नुपर्छ। नागरिकहरूमा छिटोछरितोरूपमा कम खर्चमा न्याय पाउने अपेक्षा रहेको छ ।

## अलमलमा न्यायिक समिति

स्थानीय तहका न्यायिक समिति आफैँ अन्योलमा रहेका छन् । कानुनी ज्ञानको अभावले अधिकारको प्रयोग गर्ने व्यावहारिक सीपको कमी देखिएको छ । कानुनका विषयमा जानकारी नहुँदा काम गर्न नसकेको भेरीगङ्गा नगरपालिकाका उपप्रमुख रेणु आचार्यले बताइन् ।

'न्यायिक समितिमा विभिन्न मुद्दाहरू आउँछन् तर कसरी अगाडि बढ्ने भन्ने विषयमा हामीसँग पर्याप्त जानकारी नहुँदा अलमलमा परेका छौँ,' उनी भन्छिन्, 'कर्मचारी कानुन पढेका नहुँदा समस्या हुने गरेको छ ।'

न्यायिक समितिमा आएका मुद्दामा ठाडोरूपमा छलफल गराउँदै आएको गुर्भाकोट नगरपालिकाका उपप्रमुख मैना विकले बताइन् । कानुनको विषयमा उपप्रमुखलाई पर्याप्त तालिमको व्यवस्था भएमा न्यायिक समितिमा काम गर्न सहज हुने उनको भनाइ छ ।

एकातर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय न्यायिक समितिलाई प्रदान गरेको अधिकार क्षेत्रका विषयहरूमा समेत समितिले फैसला गर्न नसक्नु र अर्कातर्फ आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरका विषयहरूमा समेत फैसला गर्न खोज्नुले न्यायिक समितिले अधिकारको उचित प्रयोग कानुनकी विद्यार्थी यमुना सापकोटाको भनाइ छ ।

स्थानीय न्यायिक समितिहरुलाई कानुनले दिएको अधिकार प्रयोग गर्न सक्षम बनाउनुपर्ने अधिकारकर्मीहरूको भनाइ छ । न्यायिक समितिले निष्पक्ष र दक्ष ढङ्गले काम गर्न सके न्याय सहज हुनेछ ।

# ६: बाँके

## कोरोना कहर : यस्तो दिन फेरि कहिल्यै पनि नआओस् !

https://www.khabarhub.com/2020/09/217221/

बाँके- चमारा केवट नेपालगञ्ज उपमहानगरपालिकाको महेन्द्र चोक नजिकै टपरी बेच्थिन् । पात र सिन्कासहित सडक छेउमा बसेर टपरी गाँस्दै बेच्ने चमारा दिनमा तीनचार सय रुपैयाँ कमाउँथिन् ।

चैतको चर्को घाम खप्नै मुस्किल पर्ने नेपालगञ्जको गर्मीमा पनि उनी सडक छेउमा टपरी गाँसिरहन्थिन् । लकडाउन सुरु भएपछि सडक छेउमा बस्न पाइनन् । उनी टपरी बेच्न बस्ने सडक पनि सुनसान भयो ।

सरकारले कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि लकडाउन गरेपछि चमाराको मात्रै आम्दानी शुन्यमा झरेको होइन, उनका श्रीमान् पनि कामविहीन भए । इटाको गाह्रो लगाउने काम गर्ने श्रीमान् र आफ्नो काम ठप्प भएपछि खानेकुरा जुटाउनै मुस्किल परेको चमाराको भनाइ छ ।

झण्डै पाँच महिना अभावको जिन्दगी बिताएपछि उनी पुरानै पेसा लिएर सडक छेउमा फर्किन् । पहिलेको भन्दा आधाजति कमाइ हुन्छ । श्रीमान्ले अहिलेसम्म काम पाएका छैनन् । चमारा भन्छिन् 'लकडाउनको के कुरा गर्नु र, कति दिन त भोकभोकै बस्नुपर्‍यो, अहिले पनि दिनमा सयडेढसय कमाएर खान पुर्‍याउनु छ ।'

महेन्द्र चोक नजिकको सडकमा टपरी बनाएर बेच्ने र घाँस काटेर बेच्ने ३० भन्दा बढी परिवार लकडाउन सुरु भएपछि एकैपटक कामविहीन भए । दिनदिनै कमाएर छाक टार्ने उनीहरू महिनौँसम्म घरमा बस्नुपर्दा अभाव र भोकले छट्पटाउनु पर्‍यो । आम्दानीको अरू बाटो नभएपछि ऋण काढेर खानेकुरा किन्नुपर्‍यो । आम्दानी नहुँदा ऋण पाउन पनि कठिन भएपछि कति रात त भोकै सुत्नुपरेको उनीहरू बताउँछन् ।

उमेरले ७० वर्ष पार गरेकी केसर कवट पेट पनि भगवान भरोसामा परेको बताउँछिन् । 'टपरी र घाँस बेच्थ्यौँ, लकडाउनमा आम्दानी केही भएन । काममै नगएपछि पैसा कसरी आउनु र ! पैसा नआएपछि केले किनेर खानु !,' केसरले भनिन्, 'कोरोना कसकसलाई लाग्यो कुन्नि, त्योसँग त धेरै डर लागेन, हामीलाई त भोकको डर लागिरह्यो । भगवानले खुवाऊलान् नि भन्यौँ, ऋण र पैँचो गरेर छाक टार्‍यौँ, अब यस्तो दिन कहिल्यै पनि नआओस् ।"

## सबैतिरका विपन्नलाई नै पीडा

नेपालगञ्ज उपमहानगरपालिका-२२ स्थित किङ्गरियन बस्तीमा पनि कोरोना महामारीको लकडाउनले दिनुसम्मको सास्ती दियो । झण्डै ९० घरपरिवार रहेको बस्तीका सबैजसो दैनिक ज्यालादारीमा काम गर्छन् । कोही रिक्सा

चलाउने, कोही जङ्गलबाट दाउरा ल्याएर बेच्ने त कोही सडक छेउमा कपडा बेचेर गुजारा चलाउनेहरू छन् ।

लकडाउन भएपछि एकै पटक बस्तीका सबैको आम्दानी रोकियो । केही दिन थोरैतिनो बचतले धाने पनि अभाव सुरु भयो । सबै उस्तै भएकोले बस्तीमा पैँचो र ऋण पनि चल्ने भएन । आम्दानी छैन । ऋण दिने पनि कोही छैन । रिक्सा चलाएर गुजारा गर्ने नन्के किङ्गरियाले लकडाउनमा बस्ती नै संकटमा परेको बताए ।

दाउरा बेचेर गुजारा गर्ने साजिद किङ्गरियाको दाउरा पनि बिकेन । जङ्गलबाट दाउरा ल्याउन पनि सम्भव भएन । साजिद भन्छन्, 'लकडाउनभरि धेरै दुःख भोग्नुपर्‍यो । अहिले ज्यालादारीमा काम गरेर परिवार पालेको छु । लकडाउनको समय त सम्झिन पनि मन छैन । ऋण तिर्न बाँकी छ । कति छाक त भोकै बस्नुपर्‍यो ।'

कमरुद्धिन किङ्गरियाको परिवारमा ६ जना छन् । लकडाउनले सबैलाई बेरोजगार बनायो । कमरुद्धिन भन्छन्, 'काम नभएपछि सबैजना घरमा बस्नुपर्छ, खानेकुरा किन्ने पैसा नभएर भोकै परिन्छ । घरमा गफ गरेर बस्न पनि पेट भरिनुपर्दो रहेछ । भोको पेटमा त बोल्न पनि मन नलग्दो रहेछ ।'

## अनि सुरु भयो राहतको चचा

लकडाउन भएको झण्डै एक महिनासम्म पनि कामविहीन भएकाहरूको खोजी कसैले गरेन । काम गुमेको हप्ता दिनदेखि भोकले तर्साउन थालेको भए पनि झण्डै एक महिनापछि मात्रै राहतको कुरा सुरु भयो । केन्द्रमा सरकारले राहात दिन थाल्यौँ भनेको निकै दिन स्थानीय तहमा केही भएन । लगत संकलन, पीडितहरूको छनौट र राहत वितरणको तयारीजस्ता काममै धेरै दिन लाग्यो ।

अभावको निकै लामो समयपछि नगरपालिकाले सुरु गरेको राहत विपन्न बस्तीमा पुग्न थाल्यो । किङ्गरिया बस्तीलगायत वडा नम्बर २२ मा झण्डै सात सय परिवारलाई राहत बाँडेको वडा अध्यक्ष विद्याराम बर्माले बताए । पाँचसात जना भएको परिवारमा १०–२० किलो चामलले कति नै धान्थ्यो र ! एकपटक राहत बाँडेपछि स्थानीय तहहरूले जिम्मेवारी पूरा भएको ठाने ।

साता दिनपछि गरिबको पेट फेरि खुम्चिन थाल्यो । सधैँ अरूले मानाचामल दिएर चल्ने पनि थिएन । काम भए सजिलो हुन्थ्यो । लकडाउनले काम सबै रोकियो । सञ्चारमाध्यममा राहतको चर्चा धेरै भए पनि एकाधपटक पाएको केही केजी चामलले पेटलाई कति पो धान्थ्यो र ! कमरुद्धिनले भने, 'पाएनौँ त के भन्नु तर सरकारले दिएको चामलले कति दिन पुग्थ्यो र !'

स्थानीय स्तरमा केही संघसंस्था र व्यक्तिहरूले पनि राहतका लागि सहयोग गरे । कसैले व्यक्तिगतरूपमा त कसैले सामूहिकरूपमा गरे । संघसंस्थाहरूले विभिन्न ठाउँबाट सहयोग मागेर पनि विपन्नलाई राहत दिने प्रयास गरे तर लामो लकडाउनमा राहतले पीडितलाई धेरै भरथेग गर्न सकेन । स्थानीय तहले नै समस्यामा परेकाहरूको लगत तयार गरेर संकटको समयमा उनीहरूलाई कम्तीमा दुई छाक खान पुग्ने गरी राहतको बन्दोबस्त गर्नुपर्ने पीडितहरूको भनाइ छ ।

अहिले विस्तारै काम हुन थालेकोले उनीहरू पुरानो लयमा फर्किने प्रयासमा छन् ।

## व्यवसायी पनि धरमराए

बाँकेमा आठ वटा स्थानीय तह छन् । यीमध्ये नेपालगञ्ज उपमहानगरपालिका मध्य र पश्चिम क्षेत्रको व्यापारिक हबका रूपमा रहेको छ । पहाडी जिल्लाहरूको मुख्य बजार तथा व्यापारिक केन्द्रका रूपमा रहेको छ ।

बाँकेमा ससाना होटल तथा पसल व्यवसायदेखि करोडौँ लगानीका ठूला होटल व्यवसायहरू छन् । यकिन तथ्याङ्क नभए पनि यहाँका सयौँ व्यवसायमा हजारौँले रोजगारी पाएका थिए । कोरोना महामारी नियन्त्रणका लागि लकडाउन भएपछि व्यवसाय तहसनहस भयो ।

भारतसँगको सीमा क्षेत्र, पहाडतिर फर्किनेहरूको सङ्गमस्थल र व्यापारिक केन्द्र भएका कारण बाँकेमा कोरोना चाँडै फैलने शंका गरिएको थियो । भयो पनि त्यस्तै । देशका अरू धेरै ठाउँमा कोरोना संक्रमण नदेखिँदै बाँकेका विभिन्न बस्तीमा समुदायमै फैलियो ।

यही डरका कारण बाँकेको व्यवसायमा कोरोनाको असर बढी पर्‍यो । कतिपय व्यवसायी त लामो लकडाउनका कारण

आफूहरू टाउको उठाउनै नसक्ने गरी फसेको बताउँछन् ।

संघीयता कार्यान्वयनसँगै व्यवसायमा सुधार भइरहेको थियो । व्यवसाय बढ्छ भन्ने अपेक्षा थियो । नेपाल भ्रमण वर्षको प्रभावले पनि व्यवसाय बढ्ने विश्वासले लगानी थपिने क्रम बढेको थियो । यस्तो सकारात्मक समयका बीच लामो समय लकडाउन हुँदा बैंकको ऋण र घरजग्गाको भाडा तिर्नु त कता हो कता दैनिक व्यवहार चलाउन पनि कठिन भएको व्यवसायीहरू बताउँछन् ।

बाँके होटल तथा रेष्टुरेन्ट व्यवसायी संघका अध्यक्ष उमा ग्राण्डन लकडाउनका कारण धेरै असर परेको बताउँछन् । 'व्यवसाय बन्द गर्नुपर्दा कामदारहरू कामविहीन भए । उनीहरूको दैनिक गुजारामा समस्या पर्‍यो । हामी व्यवसायीको आम्दानी रोकियो । घरभाडा र बैंकको व्याज तिर्न नसकेर कतिपय व्यवसायी पलायन भए,' ग्राण्डन भन्छन्, 'लकडाउन खुले पनि व्यवसायीहरू घरभाडा र बैंकको ऋणले तनावमा छन् । हामी सबैजसो व्यवसायीको हालत खराब छ ।'

अहिले पनि होटल तथा रेष्टुरेन्ट व्यवसाय चल्न सकेको छैन । व्यवसायहरू खुलेका भए पनि सञ्चालन खर्च समेत उठाउन नसकेको ग्राण्डन बताउँछन् । साना व्यवसायी त थुप्रैले व्यवसाय छाडे । मुख्य बजारमै सटरहरू खाली भएका देखिन्छन् । व्यवसायीको अवस्था बारेमा स्थानीय सरकार तथा नियामक निकायहरू मौन छन् । अहिलेसम्म अन्योलकै अवस्था छ ।

बन्द गरेका कतिपयले अझै पनि केही समयमा काम सुरु गर्लान् भन्ने छ तर व्यवसायीहरूको अवस्था निकै दयनीय भएको ग्राण्डनको भनाइ छ । कतिपय व्यवसायीहरू मानसिक तनावमा रहेको बाँकेका व्यवसायीहरू बताउँछन् ।

## कोरोना रोकथाम र नियन्त्रणमा ढिलाइ

काठमाडौं लगायत देशका अन्य ठाउँमा कोरोना सङ्क्रमण बढ्नुभन्दा निकै अघि बाँकेमा संक्रमण फैलियो । सुरुमा भारतबाट घर फर्किएकाहरूमा कोरोना देखिएको थियो । सङ्क्रमणको निकै जोखिम रहेको भारतका विभिन्न ठाउँबाट फर्किएकाहरूलाई क्वारेन्टिनमा राख्ने र परीक्षण गर्ने काम गर्दागर्दै समुदायस्तरमै कोरोना फैलियो । बाँकेको नरैनापुरमा समुदायमै कोरोना फैलिएपछि देशव्यापी चिन्ता सुरु भयो ।

ठूलो संख्यामा भारतबाट मानिसहरू फर्किनु, सङ्क्रमितको संख्या बढ्दै जानु, क्वारेन्टिनमा अनेक समस्याहरू देखिनु, सङ्क्रमितलाई अस्पताल पुर्‍याउन एम्बुलेन्स र उपचारका लागि अस्पतालहरू तयार नहुनुजस्ता कारणले बाँकेमा कोरोना नियन्त्रणमा समस्या देखिन थाल्यो ।

जिल्लामा लकडाउन पालना गराउने र समन्वयका सबैजसो कामको जिम्मेवारी प्रमुख जिल्ला अधिकारीमा छ । महामारी नियन्त्रणमा संवेदनशील नभएको भन्दै तत्कालीन प्रमुख जिल्ला अधिकारीलाई फिर्ता बोलाएर गृहमन्त्रालयले रामबहादुर कुरुम्वाङलाई स्याङजाबाट बाँके पुर्‍यायो । त्यसपछि भने बाँकेमा कोरोना नियन्त्रणमा राम्रो प्रयास भएको व्यवसायीहरू बताउँछन् ।

अहिलेसम्म बाँकेमा तीन हजारभन्दा बढीमा कोरोना सङक्रमण पुष्टि भएको छ भने ३० जनाभन्दा बढीको ज्यान गएको छ । बाँकेमा मृत्यु दर एक प्रतिशत हाराहारीमा छ । जिल्ला स्वास्थ्य कार्यालय बाँकेका जनस्वास्थ्य अधिकृत नरेश श्रेष्ठ सम्भावित व्यक्तिहरूको परीक्षण, सङ्क्रमितहरूलाई आइसोलेसन तथा उपचारको लागि सक्दो पहल भइरहेको बताउँछन् ।

अहिले बाँकेका अस्पतालहरूमा १४२ वटा आइसोलेसन बेड, २४ वटा आइसियु र ८ भेन्टिलेटर छन् । कहाँ कति संक्रमित छन् र कहाँ कति बेड खाली छन् भन्ने सबैको विवरण रहेको श्रेष्ठको भनाइ छ ।

सुरुका दिनमा स्वाब संकलन गरेर अस्पताल लैजान निकै कठिनाइ थियो । अहिले तीन वटा ल्याब सञ्चालनमा छन् । जिल्ला प्रशासन कार्यालय अगाडि हरेक दिन बेलुका पाँच बजेदेखि एक घण्टा गरिब र सीमान्तकृत समुदायका व्यक्तिहरूको स्वाब निःशुल्क संकलन गरिन्छ । यस्ता समुदायबाट दैनिक २० देखि ४० जनासम्मको स्वाब संकलन गरेर त्यही रातिसम्ममा रिपोर्ट दिने गरेको श्रेष्ठले बताए ।

प्रमुख जिल्ला अधिकारी कुरुम्वाङ भन्छन्, 'सरकारको एउटा नियम त छँदैछ तर जसरी पनि कोरोना नियन्त्रण गर्नुपर्छ । निम्न आय भएका र पहुँच नभएकाहरूले पनि समयमै परीक्षण र उपचार गराउन पाउनुपर्छ भन्नेमा हामी कटिबद्ध छौं । म दिनरात नभनी स्वास्थ्य कार्यालयसँग समन्वय गरेर काम गरिरहेको छु ।'

## समुदायमा अपहेलना र आरोप

सुरुमा कोरोना भाइरसका सङ्क्रमित भेटिँदा देशका अरू भागमा जस्तै बाँकेमा पनि भेदभाव र अपहेलना सहनु पर्‍यो । कुनै एउटा समुदायलाई कोरोना फैलाएको भन्दै अपहेलना भयो भने सङ्क्रमितहरूलाई कोरोना मुक्त भएको लामो समयसम्म पनि समुदायमा हेलमेल हुन कठिन भयो ।

अहिले समय फेरिएको छ । कोरोना सङ्क्रमण हुँदैमा भेदभाव गर्नुपर्ने होइन भनेर मानिसहरूले बुझ्दै गएका छन् । सबैले मिलेर कोरोना महामारी नियन्त्रण गर्नुपर्छ भन्ने कुरामा अहिले टोलहरूमा छलफल हुन थालेको छ । सुरुसुरुमा सङ्क्रमित भएकाहरूले भने टोलमा अपमान सहनुपरेको गुनासो गरेका छन् । कतिपयलाई परिवारमै पनि समस्या भयो ।

पैसा हुनेहरू शुल्क तिरेर चाँडै परीक्षण गराउने र सुविधायुक्त होटलमा आइसोलेसन बस्ने गरेका छन् । पैसा नहुनेहरू लाइनमा बसेर बल्लतल्ल परीक्षण गराउँछन् र घरमै वा संस्थागत आइसोलेसनमा बस्छन् । महामारीमा पनि वर्ग विभेद देखिएको सर्वसाधारहरूको गुनासो छ ।

प्रमुख जिल्ला अधिकारी कुरुम्वाङ यसलाई सामान्य ठान्नुपर्ने बताउँछन् । ‘केही लाइन बस्नुपर्ने सत्य हो तर आवश्यक भएका तर पैसा नभएकाहरूको निःशुल्क परीक्षण गर्ने व्यवस्था गरेका छौं । स्रोतसाधन अनुसार सकेसम्म सुविधा दिएर आइसोलेसनमा राखेका छौं । पैसा हुनेहरू घरमै वा होटलमा आइसोलेसनमा बस्दा हामीलाई पनि व्यवस्थापनमा सहज भएको छ,’ उनी भन्छन्, ‘हामीले हुने र नहुने बीच विभेद गरेका छैनौं । कसैले पैसा तिरेर आफैं गराउन सक्नुहुन्छ सरकारलाई सहयोग हुन्छ । पैसा नभएर कसैको पनि उपचार रोकिन्न ।’

कोरोना महामारी रोकथाम र नियन्त्रणका लागि सरकारले गरेको लकडाउनले न्युन आय भएकाहरूको गुजारा कठिन बनाइदियो । धेरैको रोजगारी गुम्यो, व्यवसाय डुब्यो । लकडाउन खुलेसँगै विस्तारै जनजीवन सामान्य बन्न थालेको छ । फेरि यस्तो सास्ती भोग्नु नपरोस् भन्ने सबैको कामना छ ।

# ७: नवलपरासी

कोरोना भाइरस संक्रमण नियन्त्रणका लागि लकडाउन, स्थानीयस्तरमा निषेधाज्ञा लगायतका उपायहरू नगरेको होइन तर संक्रमण बढ्दो क्रममा छ । कतिको सिङ्गो परिवारै संक्रमणमा पर्‍यो । कतिको रोजगारी गुम्यो । फस्टाउँदो व्यवासय धरापमा पर्‍यो । स्थानीय तहहरूले विकास बजेट कोरोनातिर लगाउनु परेको छ ।

## कोरोना कहर : चौतर्फी कोरोना भाइरसको धराप

https://www.khabarhub.com/2020/09/217221/

नवलपुर- नवलपरासीपूर्व देवचुली नगरपालिका-१७ स्थित पिप्रहर सामुदायिक होम स्टेका व्यवस्थापक सोमनाथ महतो जागिरको खोजीमा छन् ।

महतोले नारायणी नदीको छेउमा रहेको आफ्नै घरमा होम स्टे सञ्चालन गरेका थिए । होम स्टेबाटै उनी वार्षिक ३ लाख रुपैयाँभन्दा बढी आम्दानी गर्थे । कोरोना संक्रमण फैलिन थालेपछि होम स्टेमा पाहुना आउन छाडे । उनको आम्दानी गुम्यो ।

कोरोना भाइरस संक्रमणको जोखिमका कारण सरकारले ‘लकडाउन’ गरेपछि चार महिना पूरै व्यवसाय बन्द भयो । त्यसपछि स्थानीय तहले अझ कडिकडाउ गर्दै गाउँगाउँमा निषेधाज्ञा जारी गरे ।

लामो समयको बन्दले आम नागरिकको जीविकोपार्जनमा समस्या हुन थालेपछि निषेधाज्ञा केही खुकुलो त भयो तर संक्रमण झन फैलिँदै गयो । संक्रमण उच्च हुँदै गएकाले सिजनमै पाहुनाहरू राख्न नपाएपछि प्रिपहर सामुदायिक होम स्टेका व्यवस्थापक महतोको व्यवसाय नै धरापमा पर्‍यो ।

महतोजस्तै २२ घर परिवारले पिप्रहरमा होम स्टे सञ्चालन गरेका थिए । कोरोना संक्रमणपछि सबै होम स्टे बन्द भएका छन् । पाहुनाहरूलाई स्थानीय सांस्कृतिक झलकहरू देखाउँदै खानेबस्ने व्यवस्था गर्न स्थापना गरिएका प्रिपहर होम स्टेको सांस्कृतिक भवनमा ताला झुण्डिएको छ ।

गत वर्ष पिप्रहरको सांस्कृतिक भवनमा देशभरिका होम स्टे

सञ्चालकहरू भेला भएका थिए । ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना भएका होम स्टेका सञ्चालकहरूले होम स्टेसँगै कृषि पर्यटन प्रवर्द्धन गर्ने निष्कर्ष निकालेका थिए ।

कृषि क्षेत्रमा सहुलियत व्याजमा ऋण प्रवाह हुने भएकाले कृषि पर्यटन अघि बढाउने योजना उनीहरूको थियो ।

## संकटमा बोटेमाझीको होम स्ट

देवचुली नगरपालिका-१ बोटे टोलका बोटेमाझी समुदायले सञ्चालन गरेको होम स्टे पनि बन्द छ । माछा मारेर जीविकोपार्जन गर्दै आएका बोटेमाझी समुदायले पछिल्लो समय खेतीकिसानी गर्दै आएका थिए । तीनै बोटेमाझी समुदायका १४ घर परिवारले २०७६ फगुनदेखि सिसवार बोटेमाझी सामुदायिक होम स्टे सञ्चालन गरेका थिए ।

कुल ६५ घर परिवार बोटेमाझीको बसोबास रहेको टोलका बोटेमाझीहरू पर्यटन क्षेत्रबाट आर्थिक सुधार हुने विश्वासमा थिए । नारायणी नदीमा माछा मार्ने र डुङ्गा चलाउने काम गरेर जीविकोपार्जन गर्ने बोटेमाझीहरूले होम स्टे अगाडि बढाउने योजना बनाए । होम स्टे सञ्चालनका लागि आर्थिक स्रोत जुटाउने तयारीमा लाग्दै गर्दा कोरोना भाइरसका कारण लकडाउन भएपछि होम स्टे बन्द भयो ।

बोटेमाझीहरूले होम स्टे सञ्चालन गरेपछि पहिलोपटक झापाबाट आएको ३० जनाको समूहलाई स्वागत गर्न पाएका थिए । यसलगत्तै प्यूठानबाट आएको ४८ जनाको समूह बोटेमाझीको होम स्टेमा बस्यो । यसपछि बन्द भयो । होम स्टेकी सचिव पूर्णमाया बोटेले भनिन्, 'दाङबाट पाहुना आउने कुरा भइरहेको थियो, चैतमा कोरोनाका कारण लकडाउन भएपछि बन्द गर्नुपर्‍यो ।'

यो समुदायलाई स्थानीय दिव्य मध्यवर्ती सामुदायिक वनले होस्टेमा हैँसे गरेको छ । बोटेमाझीलाई दिव्य मध्यवर्ती सामुदायिक वनले १४ कठ्ठा जग्गा उपलब्ध गरायो । नारायणीमा माछा मार्ने पेशा अँगालेका उनीहरूले सोही जग्गामा अहिले व्यावसायिकरूपमा माछापालन गरेका छन् ।

ग्रामीण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले होम स्टे व्यवस्थापनका लागि गण्डकी प्रदेश सरकारबाट १५ लाख, देवचुली नगरपालिकाबाट ६ लाख र सिसवार मध्यवर्ती सामुदायिक वनबाट ३ लाख रुपैयाँ सहयोग प्राप्त भएपछि सोही ठाउँमा सांस्कृतिक भवन निर्माण कार्य भइरहेको छ । होम स्टे पाहुनालाई स्थानीय कला संस्कृति देखाउने उनीहरूको योजना छ ।

उनीहरूलाई कोरोना संक्रमण सकिएपछि फेरि पनि होम स्टे माथि उठाउन सकिन्छ भन्ने विश्वास छ । तत्काल गुजारा चलाउन समस्या भएपछि उनीहरू दैनिक ज्यालादारीको काममा लागेका छन् । दैनिक ज्यालादारीको खोजीमा रहेका बोटे टोलका अधिकांश बासिन्दाहरू यति बेला धान भित्र्याउने काममा छन् ।

## थला परेको पर्यटन व्यवसाय

पूर्वी नवलपरासी जिल्लाको दक्षिणतर्फ नारायणी नदी छ, नदी पारी चितवन राष्ट्रिय निकुञ्ज । निकुञ्ज छेउछाउको क्षेत्र मध्यवर्ती क्षेत्र हो । जल सफारीदेखि निकुञ्जका वन्यजन्तु हेर्न पाइने भएकाले पनि यो क्षेत्रमा पर्यटकहरूको आकर्षण धेरै छ ।

त्यसैले गैँडाकोटदेखि त्रिवेणीसम्मकै नदी किनारमा होटल र होम स्टेहरू सञ्चालन गरिएका हुन् । नवलपुरको कावासोती नगरपालिकामा पर्ने अमलटारी सामुदायिक होम स्टे, चिलाहा-रतौल सामुदायिक होम स्टे र मध्यबिन्दु नगरपालिकामा पर्ने नन्दपुर सामुदायिक होम स्टे पनि कोरोना संक्रमणपछि बन्दको अवस्थामा छन् ।

दशैँतिहार जस्ता चाडबाडका बेला निकै पर्यटक आउने यी होम स्टेका सञ्चालकहरू पाहुनाको स्वागत गर्न नपाएपछि वैकल्पिक व्यवसायको खोजीमा छन् ।

## वैदेशिक रोजगारी पनि गुम्या

कावासोती नगरपालिका-३ का एक युवा वैदेशिक रोजगारीका लागि घरबाट हिँडे । काठमाडौँ पुगेर हेम्स अस्पतालमा कोरोना परीक्षण गर्दा पोजेटिभ देखियो ।

कोरोना संक्रमण नभएको प्रमाण भएमात्रै जान पाइने भएपछि उनी घर फर्किए । कोरोना पोजेटिभ देखिएपछि घर फर्किएको सूचना स्थानीयले स्वास्थ्य कार्यालयले दियो । स्वास्थ्य कार्यालयले रिपोर्ट झिकाएपछि मात्रै थाहा भयो, उनलाई कोरोना पोजेटिभ देखिएको कुरा ।

उनीजस्तै दैनिक थुप्रै युवाहरू त्यसरी दिनदिनै फर्किने गरे

पनि वास्तविक रिपोर्ट आउन सकेको छैन । जसले गर्दा समुदायस्तरमा कोरोना संक्रमण कतिसम्म फैलिएको छ भन्ने यकिन छैन ।

पछिल्लो समय जिल्लाबाहिर गएर व्यक्तिगतरूपमा गरिएका परीक्षणका रिपोर्टहरू आउने गरेका छैनन् । थाहा पाएसम्म मात्रै आफूहरूले मगाउने गरेको र कतिपय रिपोर्ट माग्दासमेत पाउन नसकेको स्वास्थ्य कार्यालय नवलपरासीपूर्वका प्रमुख केशव चापागाईंले बताए ।

## घरभित्रै बन्धक हुँदाको पीडा

गैँडाकोट नगरपालिका-२ का बद्री सापकोटाका परिवारका ९ जना सदस्यलाई एकै पटक कोरोना संक्रमण देखियो । परिवारका दश जनामध्ये १४ वर्षकी एउटी छोरीबाहेक सबै संक्रमित भएपछि घर नै आइसोलेशन केन्द्र बन्न पुग्यो ।

परिवारका सदस्यहरू कोही जागिरमा त कोही आफ्नै व्यवसायमा थिए । परिवारलाई नै संक्रमण देखिएपछि धेरै दिन घरमै बसे । सामाजिक दायित्वका कारणले पनि उनीहरू घरबाट बाहिर निस्किएनन् । उनीहरूलाई नजरबन्धमा परेजस्तै अनुभूति भयो ।

उनीहरूलाई दैनिक उपभोगका वस्तु किन्न पनि निकै समस्या भयो । कुनै सामान चाहिएमा कसैलाई फोन गरेर बोलाउनुपर्ने बाध्यता थियो । सहयोग गर्ने व्यक्तिहरूलाई पनि उत्तिकै त्रास थियो । घरभित्रैको पट्यारलाग्दो बसाइले मानसिक तनाव पनि उत्तिकै भयो ।

सापकोटा परिवारले आफ्ना एक जना छिमेकीलाई सर्पले टोकेपछि उपचारका लागि भरतपुर अस्पताल लगेका थिए । उनलाई सहयोग गर्ने क्रममा सापकोटा परिवारका एक सदस्यलाई संक्रमण देखिएको थियो । त्यसपछि परिवारका ६ वर्षदेखि ६२ वर्ष उमेर समूहका सबैलाई संक्रमण भयो ।

सापकोटा परिवारमा पहिलोपटक संक्रमण देखिएका एक सदस्य देवचुली नगरपालिका-१६ स्थित सामुदायिक प्राकृतिक चिकित्सालयको आइसोलेशनमा बसे । अन्य सदस्य सबै 'होम आइसोलेशन' मा बसे ।

संक्रमण पुष्टि भएका सबै जना तातोपानी र घरायसी औषधिका साथै आयुर्वेदिक औषधि प्रयोगबाट कोरोनामुक्त भए । उनीहरूले चिल्लो कम भएको साधारण खाना र फलफूल खाए । दूध नियमित खाए । कागतीपानी खाए । तुलसीको पात र गुर्जोजस्ता प्राकृतिक वनस्पतिको नियमित प्रयोग गरेको बद्री सापकोटाले बताए ।

## नाम् मात्रैको 'प्रधानमन्त्री रोजगार कार्यक्रम'

कुल ६२ हजार ४२१ जनसंख्या रहेको पूर्वी नवलपरासी जिल्लाको सदरमुकाम कावासोती नगरपालिकाका झण्डै १० प्रतिशत युवाहरू वैदेशिक रोजगारीमा छन् ।

वैदेशिक रोजगारीमा रहेका मध्ये चैत ११ देखि साउन ९ गतेसम्मको रेकर्डमा नवलपरासीपूर्वका ६०५ जना स्वदेश फर्किएको नगरपालिकाका रोजगार संयोजक मुकुन्द सापकोटा बताउँछन् । तीमध्ये कतिपय रोजगारी गुमाएका र कामको खोजीमा रहेको उनले बताए ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक सय दिनको रोजगारीका लागि साउन ७ गतेदेखि भदौ ८ गतेसम्म एक महिनामा कावासोती नगरपालिकाबाट ५३५ जनाले आवेदन दिएका छन्, जसमा २६० महिला छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम भने अन्यौलमा छ ।

बेरोजगारलाई रोजगारी दिने चुनावी एजेण्डा भएकाले प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम अघि सारेको थियो । भूकम्प प्रभावित केही जिल्लामा रोजगारी दिए पनि अधिकांश जिल्लामा आवेदन बुझ्ने काम मात्रै भएको छ ।

कावासोती नगरपालिकामा क्षेत्री, पहाडी ब्राम्हण, मगर, थारु, तामाङ, नेवार, मुसलमान, कामी, दमाई, गुरुङ, डोली, ठकुरी, सार्की, तेली, सन्यासी, दशनामी, मुसहर, खट्बनियाँ, कुमाल, कानु, नुनिया, मारवाणी, दराई, भोटे, वादी, राई, लगायतको मिश्रित बसोबास छ ।

कोरोना संक्रमणका कारण लकडाउन गरिएपछि दैनिक ज्यालादारी काम गरेर जीविकोपार्जन गर्दै आएकाहरूलाई हातमुख जोर्न समस्या भएपछि स्थानीय तहबाट राहत वितरण पनि भएको थियो ।

## संक्रमितका परिवारमाथि दुर्व्यवहार

साउन अन्तिमतिर नवलपरासीपूर्व कावासोती-२ का पत्रकार सागर पोखरेललाई कोरोना संक्रमण देखियो । उनलाई संक्रमण देखिएपछि जिल्लाभरि नै सनसनी फैलियो । स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले एकसाता जिल्लामा निषेधाज्ञा लागु गरे ।

पत्रकारलाई संक्रमण देखिएपछि कन्ट्याक्ट ट्रेसिङमा अरू केही पत्रकार, व्यापारी, शिक्षक र राजनीतिक दलका नेताहरूलाई पनि संक्रमण भेटियो । संक्रमण समुदायस्तरमा फैलिएको भन्दै त्रास बढ्दै जाँदा संक्रमितका परिवारजनले समेत दुर्व्यवहार भोग्नु पर्‍यो ।

पोखरेलको कन्ट्याक्ट ट्रेसिङमा परेका अर्जुन लुइँटेललाई संक्रमण पुष्टि भएपछि उनका परिवारजन डेराबाट निकालिए । रेडियोमा कार्यरत अन्य पत्रकारहरूले पनि उस्तै दुर्व्यवहार भोग्नु पर्‍यो । संक्रमणमुक्त भएका पत्रकार पोखरेलकै सक्रियतामा कावासोती नगरपालिकाका होम आइसोलेशनमा रहेका संक्रमितहरूलाई परामर्श दिने काम पनि भयो ।

## कर्मचारी र जनप्रतिनिधि पनि संक्रमित

संक्रमण बढ्ने क्रम रोकिएको छैन । स्थानीय तहका कर्मचारीहरू र जनप्रतिनिधिहरू पनि संक्रमित भइरहेका छन् । कोरोना संक्रमणको व्यवस्थापन गर्ने जिम्मेवारी सम्हालेको स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरू नै संक्रमित छन् ।

कर्मचारी नै संक्रमित भएपछि पालिकाहरूको सेवामा समेत असर परेको छ । जिल्लाका चार वटा स्थानीय तहले सूचना निकालेर सेवा बन्द गरे ।

हालैमात्र गैँडाकोट नगरपालिकाका प्रमुख छत्रराज पौडेल, मध्यबिन्दु नगरपालिकाका प्रमुख चन्द्रबहादुर राना र हुप्सेकोट गाउँपालिकाकी अध्यक्ष लक्ष्मीदेवी पाण्डे संक्रमित भए । प्रमुखहरू नै संक्रमित भएपछि यी तीनवटै स्थानीय तहले आकस्मिक बाहेकका सेवा बन्द गरे । विनयी त्रिवेणी गाउँपालिकाले पनि आकस्मिकबाहेका सेवा बन्द गर्‍यो ।

## अलमलमा स्थानीय तह

कोरोना कहरले गर्दा स्थानीय तहका सबै संरचनाहरू समस्यामा परेका छन् । चार महिना लामो लकडाउनपछि जनजीवन चलायमान हुँदै जाँदा संक्रमण भने झनै फैलिएको छ । जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिले संक्रमितहरूको उचित व्यवस्थापन गर्न नसकेपछि स्थानीय तहको जिम्मामा छोडिएको छ ।

स्थानीय तह पनि केन्द्र र प्रदेश सरकारको मुख ताकेर बसेका छन् । 'योजनाका कामहरू पनि राम्रोसँग गर्न सकिएको छैन', देवचुली नगरपालिकाका प्रमुख पूर्णकुमार श्रेष्ठ भन्छन्, 'योजनाहरू ठप्प हुने अवस्था छ । अरू योजनाको पैसा पनि कोरोनामा लगाउनुपरेको छ ।'

लकडाउन गरिएपछि राहतका लागि संघीय सरकारबाट १० लाख रुपैयाँबाहेक थप कुनै बजेट नआएको श्रेष्ठले गुनासो गरे । स्थानीय तहले मात्रै व्यवस्थापन गर्न नसक्ने पालिकाप्रमुखहरू बताउँछन् ।

स्थानीय तहरूले आफ्नो ध्यान कोरोना संक्रमणमै रहेको बताए पनि अझै पनि आइसोलेशन बनाउने कुरा छलफलमा मात्र सीमित छ । कोरोना संक्रमितकै व्यवस्थापन गर्न नसकिएकाले रोजगारीको विषयमा अहिले केही गर्न सक्ने अवस्था नरहेको नगरप्रमुख श्रेष्ठ बताउँछन् ।

संक्रमण बढ्दै गए पनि उद्योग व्यवसाय गर्न स्थानीय तहबाट थुनछेक नभएको श्रेष्ठको भनाइ छ । स्थानीय तहका प्रमुखहरू कोरोनाले निम्त्याएको दीर्घकालीन असरका बारेमा छलफल गर्न र योजना बनाउन पनि समय नपाएका बताउँछन् ।

यसरी कोरोना भाइरस चौतर्फी धराप भएर खडा भएको छ ।

# ८: नुवाकोट

## लैङ्गिक हिंसा : पीडक उक्साउने लकडाउन

https://www.khabarhub.com/2020/11/217893/

नुवाकोट– तादी गाउँपालिका-१ उर्लेनीकी ५२ वर्षीया सञ्चमाया तामाङले २०७७ असोज ११ मा अस्वाभाविकरूपले प्राण त्यागिन् । घटनाबारे स्थलगत अनुसन्धान गर्न गएको प्रहरी टोलीसँग स्थानीयबासिन्दाले

भने– यिनलाई बाँचुञ्जेल बोक्सी भने, अब मरेपछि भूत भन्लान् ।

यो कुराले प्रहरीलाई शंका भयो । अनुसन्धान गर्दै जाँदा उनलाई ‘बोक्सीको आरोप लगाएर आत्महत्या गर्न दुरुत्साहन गरेको’ देखियो ।

प्रहरीले घटनामा संलग्न उर्लेनीकै लक्षु तामाङ र आइतमान तामाङ विरुद्ध मुद्दा चलायो । अहिले उनीहरू पुर्पक्षका लागि थुनामा छन् । सञ्चमायालाई बोक्सीको आरोप लगाएर मर्न बाध्य बनाएको आरोप लागेका केही व्यक्ति अझै फरार रहेको जिल्ला प्रहरी कार्यालय, नुवाकोटका प्रमुख, प्रहरी उपरीक्षक, तुलबहादुर कार्कीले बताए ।

दशैंको रौनक चलिरहेकै बेला यही कात्तिक ११ गते विदुर नगरपालिका-१२ की १४ वर्षीया एक बालिकामाथि बलात्कारको प्रयास भयो । घरमा मोबाइल फेन चार्ज गर्ने मल्टिप्लक बिग्रएपछि बनाउन बोलाइएका छिमेकी जितेन्द्र अर्यालले उनीमाथि जबरजस्तीको प्रयास गरे ।

प्रतिकार गरेर भाग्न खोज्दा बालिकाको हातका दुईवटा औंला भाँचिए । उपचारका लागि २५ हजार रुपैयाँ दिएर घटना मिलाउने सहमति गरे पनि बालिकाका दाजुलाई चित्त बुझेन । उनले प्रहरीमा उजुरी दिए । स्थानीय केही नेताहरूले पीडकको पक्ष लिएर घटना मिलाउन दबाब दिए । घटना सामान्य होइन भन्दै पीडित परिवारले कानुनी बाटो रोजे ।

उल्लिखित दुई वटा घटना सबैभन्दा पछिल्ला उदाहरण हुन् । जिल्ला प्रहरी कार्यालय, नुवाकोटमा गएको तीन वर्षमा लैङ्गिक हिंसासम्बन्धी ३६२ वटा उजुरी दर्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालय, नुवाकोटमा पछिल्लो तीन वर्षमा दर्ता भएका महिला तथा बालबालिका सम्बन्धी मुद्दा

| क्र. सं | मुद्दा शीर्षक | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जबरजस्ती करणी | १३ | १२ | १५ | ० | |
| २ | जबरजस्ती करणी उद्योग | ८ | ९ | ४ | ० | |
| ३ | मानव बेचबिखन | ३ | ६ | १ | ० | |
| ४ | बोक्सीको आरोप | ० | १ | ० | | |
| ५ | घरेलु हिंसा | ० | २ | ६८ | ८ | |
| ६ | आत्महत्या | ३६ | २० | ३२ | २ | |
| ७ | बालविवाह | ० | ४ | ५ | ० | |
| ८ | आत्महत्या दुरुत्साहन | ० | ० | ० | १ | |
| | **जम्मा** | **६०** | **५४** | **१२५** | | |
| ९ | अन्य प्रकृतिको घटना | **३३** | **५५** | **३५** | | |
| जम्मा | | **९३** | **१०९** | **१६०** | ११ | |

स्रोत : जिल्ला प्रहरी कार्यालय, नुवाकोट

## कोरोनाकाल झन् पीडादायी

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सरकारले २०७७ चैत ११ गतेदेखि देशव्यापी लकडाउन गऱ्यो । लकडाउनमा धेरै मान्छे यात्रामै रोकिएर अलपत्र परे । हजारौं मान्छे सयौं किलोमिटर हिंडेर आफ्नो ठाउँमा पुगे । अलपत्र हुनेहरूको एउटा समूहमा बेलकोटगढी नगरपालिका-७ की १७ वर्षीया एक किशोरी पनि थिइन् ।

पढाइको लागि जिल्ला सदरमुकाम विदुरमा रहेकी उनलाई घर जान समस्या भयो । गाडी चलेका थिएनन् । उनले पहिलेदेखि चिनजानका एकजना सहचालकलाई फोन गरेर आफूलाई घर जान समस्या परेको बताइन् । भोजपुर घर भएका सहचालक सत्यकुमार राई ती युवतीलाई घर पुऱ्याइदिन तयार भए ।

चैत १९ गते साँझतिर विदुरबाट माइक्रो बस सहचालक ती युवतीलाई लिएर रातमाटेतर्फ लागे । साँझ छिप्पिसकेको थियो । गाडीबाट ओर्लनु अघि सहचालकले ‘एक पटक माया त’ गर भने । ती युवतीले मानिन् । सहचालकले माइक्रोबसभित्रै अपराध गरे । युवती बलात्कृत भइन् ।

विद्यालय शिक्षाको अन्तिम कक्षामा पढ्दै गरेकी ती युवतीले दिएको जाहेरीको आधारमा सत्यकुमार अहिले कारागारमा छन् । सामान्य चिनजान र कहिलेकाहीँ सामाजिक सञ्जालमा भएको कुराकानीले नजिक बनाएको सम्बन्धले अन्ततः बलात्कारको अपराध गऱ्यो ।

कोरोना महामारीबाट उत्पन्न परिस्थितिकै कारण धेरैले हिंसा सहनु पऱ्यो । लामो समयको लकडाउनका कारण मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जान सकेनन् । रोजगारी गुम्यो वा व्यवसाय बन्द भएर आयआर्जनको बाटो रोकियो । यस्ता समस्याले कोही घरपरिवारबाटै, कोही चिनजानका मान्छेबाट त कोही पराइबाट पीडित भए ।

पछिल्लो तीन वर्षको तथ्यांकअनुसार आर्थिक वर्ष २०७६/७७ मा मुद्दाको संख्या बढेको छ । कोरोना महामारीका कारण गरिएको निषेधाज्ञा र लकडाउनले महिलामाथि हिंसाका घटना बढेको अधिवक्ता गरिमा पाण्डेको भनाइ छ ।

उनी भन्छिन्, 'रोग नियन्त्रणका लागि सार्वजनिक सेवाहरू रोकिँदा र दैनिक क्रियाकलाप अवरुद्ध भएर सबै जना घरमा बस्दा महिलामाथि हुने हिंसा झन् बढेको हो । सबैजना घरमा हुँदा घरभित्रको कामको बोझ पनि महिलामाथि पऱ्यो ।'

रोगबाट बच्न मानिसहरू घरभित्रै थुनिएपछि धेरैलाई फुर्सद भयो । बढी फुर्सद भएपछि श्रीमानले श्रीमतीको र दाजुभाइ तथा बुबाहरूले छोरीचेलीको निगरानी बढाए । यसबाट स्वतन्त्रतामा अंकुश लाग्यो ।

बहुसाँस्कृतिक मनोसामाजिक संस्था (टिपिओ) नेपालले लकडाउन र निषेधाज्ञाको समयमा सञ्चालन गरेको सहायता कक्षमा प्राप्त हुने फोन र सम्पर्क राख्नेको गुनासो सामाजिक सञ्जालमा साथी बनाएको र कुरा गरेको विषयमा समेत कुटपिट भएको र मोबाइल चलाउन रोक लगाएको पाइएको अधिवक्ता पाण्डे बताउँछिन् ।

अन्तरजातीय विवाह गरेर घरबाहिर बसेका कतिपय जोडी लकडाउनमा घर फर्किए । उनीहरूले समेत घर र समाजमा दुर्व्यवहार खेप्नु पऱ्यो । नियमित जाँच तथा उपचारको लागि सुविधाबाट बञ्चित भएको, पुरुषहरू मादक पदार्थ सेवन र जुवातासमा संलग्न भएको पाइएको अन्तरपार्टी महिला सञ्जाल नुवाकोटकी अध्यक्ष बिन्दा ढुङ्गानाको भनाइ छ ।

यही समयमा महिलाहरूले घरको आर्थिक व्यवस्थापन पनि गर्नुपऱ्यो । घरका पुरुषलाई जाँडसक्सी नखान आग्रह गर्दा हिंसाका सहनु पऱ्यो । लकडाउनको समयमा वैदेशिक रोजगारीबाट भारत र तेस्रो मुलुकबाट ठूलो सङ्ख्यामा पुरुषहरू फर्केपछि सुरुमा घरमा उत्साह भए पनि केही दिनपछि कतिपय घरमा कलह हुन थाल्यो ।

कोरोनाले स्थानीय तहका न्यायिक समिति पनि सक्रिय हुन सकेनन् । आवतजावत बन्द हुँदा पीडितलाई उजुरी गर्न जान पनि कठिनाइ भयो । यस्तो अवस्थामा पनि पीडितलाई न्याय दिलाउन पहल कायमै राखेको अन्तरपार्टी महिला सञ्जाल नुवाकोटकी अध्यक्ष ढुङ्गानाले बताइन् ।

श्रीमानलाई यौन सन्तुष्टि नदिएको र परपुरुषसँग लागेको आरोपमा पनि महिलाहरू घरेलु हिंसाका पीडित भए । कतिपय महिलाहरू घरबाट निकालिए । कतिपयले सौता हाल्ने धम्की खेप्नु पऱ्यो । लकडाउनमा यस किसिमका घटनाहरू भएको जिल्ला प्रहरी कार्यालय, नुवाकोटकी महिला तथा बालबालिका शाखाकी प्रहरी सहायक निरीक्षक शुकुमाया तामाङले बताइन् ।

## स्थानीय तहमा न्याय

अहिले स्थानीय तहका न्यायिक समितिमा घरेलु हिंसाका विभिन्न घटनाहरूमा मेलमिलाप समेत हुने भएकोले प्रहरीमा आउने उजुरीको संख्या घटेको छ । जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख कार्की न्याय खोज्ने तरिका केही फेरिएको भए पनि घटना भने बढ्दै गएको बताउँछन् । स्थानीय तहमा न्यायिक समिति गठन भएर विभिन्न मुद्दाहरूमा मिलापत्र र कानुनी कारवाही हुन थालेपछि देवानी प्रकृतिका विवाद तथा मुद्दाको चाप प्रहरीमा निकै कम दर्ता हुने गरेको जिल्ला न्यायाधिवक्ता गोपालप्रसाद ढकालले बताए ।

कानूनले मेलमिलाप गर्न पाउने भनेर उल्लेख गरेका देवानी प्रकृतिका मुद्दामा दुवै पक्ष सहमत भएमा मेलमिलाप गराउने र मुद्दामै अघि बढ्न चाहेमा कानूनी परामर्श उपलब्ध गराउने गरेको दुप्चेश्वर गाउँपालिकाकी उपाध्यक्ष अञ्ज आचार्यले बताइन् । न्यायिक समितिमार्फत भारोपर्म, मेलापात, सीमा मिचिएका, पशुले अन्नबाली क्षति पुऱ्याएका

सामान्य प्रकृतिका कुटपिट तथा प्राकृतिक स्रोतको उपभोगसम्बन्धी विवादमा मेलमिलाप गराउने वा दुवै पक्षको जित-जितको निर्णय दिने गरेको उनले बताइन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा गठन भएका न्यायिक समितिले देवानी प्रकृतिका विवाद समाधान गर्न पाउने व्यवस्था गरेको छ । यसबाट सामुदायिक मेलमिलापको अवधारणा विकास भएको छ । स्थानीय तहले आफैँ तथा संघसस्थाको सहयोगमा इजलाश बनाएका छन् ।

स्थानीय स्तरका तोकिएका विवाद समाधान गर्ने र समाधान कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । न्यायिक समितिमा महिला हिंसा तथा लैङ्गिक विभेदका उजुरी धेरै हुने गरेको तादी गाउँपालिकाकी उपाध्यक्ष ईश्वरी उप्रेतीले बताइन् ।

विवादका पक्षलाई आफ्नै कार्यकक्षमा राखेर समाधानको लागि उपाय खोज्ने गरेको उनको भनाइ छ। स्थानीय तहको लागि मुद्दाको आदेश र फैसला गर्ने स्वरूपका इजलाश होइन, बैठकजस्तो कक्ष, दक्ष जनशक्ति र तथ्यांकको व्यवस्थापनमा जोडदिनुपर्ने उनको सुझाव छ ।

## न्लुकाइन्छन् धेरै घटना

कोरोना महामारीका कारण सिर्जना भएको खराब परिस्थितिले लैङ्गिक हिंसाका धेरै घटना लुकेका वा लुकाइएका छन् । न्यायालयसम्म सहज पहुँच नहुनु, उजुरी गरे घरपरिवार वा समाजबाटै बहिस्कृत हुनुजस्ता चिन्ताका कारणले पीडितहरू हिंसा सहन बाध्य भएका छन् । यस्तो समस्या कोरोनाकालमा मात्र आएको होइन । लैङ्गिक तथा जातीय हिंसा र भेदभावका धेरै घटना घर र समुदायमै लुकाइने गरेका छन् ।

महिला हिंसा तथा विभेदका घटना जति भएका छन् तीमध्ये धेरै बाहिर नआएको तथा समाधानको लागि प्रयास नभएको बेलकोटगढी नगरपालिकाकी उपप्रमुख कविता ढुङ्गाना बताउँछिन् । अधिवक्ता समेत रहेकी ढुङ्गाना भन्छिन्, ‘महिला हिंसाका घटना सिधै बाहिर ल्याउन दिँदैनन् । विवादको जरो खोज्ने क्रममा त्यस्ता तथ्य प्रशस्त पाइन्छन् । महिलामाथि हुने हिंसा रोक्न अहिले भएको प्रयास कमजोर रहेको उनको भनाइ छ । घरघरमा चेतनामूलक कार्यक्रम चाहिने र आर्थिकरूपमा पनि सबल बनाउनुपर्ने उनको निष्कर्ष छ ।

## अभावमा छन् न्यायिक समिति

महिला हिंसा र जातीय उत्पीडनको अपराधका घटनामा फेरिएका स्वरूप र घटनाको बढ्दो संख्या नियन्त्रणका लागि स्थानीय तहलाई जति अधिकारसम्पन्न बनाउनुपर्ने त्यो पर्याप्त छैन । राजनीतिक पृष्ठभूमिबाट स्थापित भएको उपप्रमुखको न्यायिक क्षमतामाथि उठ्ने गरेको प्रश्न कम गर्न कानूनी सहायता कक्ष प्रभावकारी हुनुपर्ने आवश्यकता छ ।

दलीय प्रतिनिधित्वबाट चुनिएका उपप्रमुखले विवाद समाधानमा गर्ने प्रयासमा हुन सक्ने राजनीतिक पूर्वाग्रह न्युनीकरणका लागि पनि कानूनी सहायता टिम आवश्यक रहेको म्यागङ गाउँपालिकाकी उपाध्यक्ष शान्ति गुरुङको भनाइ छ ।

स्थानीय न्यायिक समितिहरूलाई विवादका पक्षलाई छलफलमा राख्न व्यवस्थित कक्ष चाहिएको छ । समय समयमा अभिमुखीकरण तालिम आवश्यक छ। तथ्यांक संग्रह तथा भण्डारणको लागि जनशक्ति चाहिएको छ । संयोजकलाई कानूनको राम्रो जानकारी नहुँदा र परामर्श लिने ठाउँ पनि नहुँदा विवादको समाधानमा भूमिका प्रभावकारी बनाउन नसकेको उपाध्यक्ष गुरुङको गुनासो छ ।

कानूनले स्थानीयतहका उपप्रमुखको संयोजकत्वमा न्यायिक समितिको संरचना बनाए पनि सबैजसो स्थानीय तहहरूमा स्रोतसाधनको अभाव रहेको जिल्ला समन्वय समिति, नुवाकोटकी उपप्रमुख अप्सरा थापाको भनाइ छ। जिल्लामा बाह्रवटा स्थानीय तह छन् । तीमध्ये केहीले विवाद समाधानका लागि छुट्टै कार्यकक्ष बनाए पनि धेरै जसोले उपप्रमुखकै कार्यकक्षबाट काम गरिरहेका छन् ।

## महिला शिक्षा कम हुनुको परिणाम

कम उमेरमा हुने विवाह तथा महिलाहरू आत्मनिर्भर बन्न नसक्नुको मुख्य कारण महिला शिक्षाको अभाव हो । छोरीलाई उच्च शिक्षापछि मात्रै विवाह गरिदिने हो भने कम उमेरमा हुने विवाह रोकिने र महिलाले भेग्दै आएका धेरै समस्या कम हुने दुप्चेश्वर गाउँपालिकाकी उपप्रमुख अन्जु आचार्यको भनाइ छ ।

मावन बेचबिखन, शिक्षामा कमी र बेरोजगारी समस्या भोग्दै आएको दुप्चेश्वर गाउँपालिकाले अहिले शिक्षामार्फत नै सुधार र परिवर्तन ल्याउन थालेको उपप्रमुख आचार्यले बताइन् । सामाजिक संघसस्थासँगको सहकार्यमा दुप्चेश्वरमा विद्यालय जाने उमेरका कोही पनि बालबालिका बाहिर नभएको उनको भनाइ छ ।

चेलीबेटी बेचबिखन र महिलामाथि हुने हिंसा नियन्त्रण गर्न महिला शिक्षा र महिला सहभागिता अर्थपूर्ण हुने शिक्षा विकास तथा समन्वय इकाई नुवाकोटका प्रमुख अर्जुन श्रेष्ठको भनाइ छ । उनका अनुसार आफ्नै गाउँमा उच्च शिक्षासम्म पढ्ने मौका, छात्रामैत्री शौचालय, खाजाको व्यवस्था, छात्रावृत्ति लगायतका कार्यक्रमले विद्यालय जाने उमेरका ९५ प्रतिशतभन्दा बढी बालिका विद्यालयको पहुँचमा छन् ।

## बढ्दो लैङ्गिक हिंसा

महिला तथा बालबालिका माथि हुने अपराध बढिरहेको प्रहरीको तथ्यांक देखाउँछ । स्थानीयतहका जनप्रतिनिधको अभियानले घटना कम हुनुपर्ने हो तर त्यस्तो भएको छैन । हिंसाका धेरैजसो घटनामा राजनीतिक दबाब हुँदा पीडितले उचित न्याय नपाउने र थप घटनामा बल पुग्ने प्रहरी अधिकारीहरू बताउँछन् ।

जिल्ला समन्वय समिति नुवाकोटका उपप्रमुख अप्सरा थापा पनि प्रहरी अधिकारीको भनाइमा समर्थन जनाउँछिन् । न्याय विवादमुक्त बनाउन स्थानीय तहका न्यायिक समिति चनाखो रहने गरेका छन् तर राजनीतिमा हाबी पुरुषवादी प्रवृत्तिले महिलामाथि हुने हिंसा घटाउन नसकेको उनको गुनासो छ । समाजसेवाको अभियान चलाउने पुरुषबाटै पनि घरका महिला पीडित हुनुपरेको उनको भनाइ छ ।

समाज जति सुधारात्मक हुँदै गए पनि महिलामाथि हुने धेरै जसो हिंसा यौनसँग जोडिने गरेको जिल्ला प्रहरी प्रमुख कार्कीको भनाइ छ । उनका अनुसार कतिपय अवस्थामा ‘सहमतिमा हुने शारीरिक सम्पर्क बलात्कारमा परिणत हुने’ प्रवित्तिले पनि समस्या बढाउने गरेको छ । महिलाहरू आर्थिकरूपमा सबल नहुनु र शिक्षामा कमी हुनुजस्ता कारणले पनि हिंसाका घटना हुने गरेका छन् ।

चेलिबेटी बेचबिखनजस्तो जघन्य अपराधसमेत हुने गरेको नुवाकोटमा महिलाहरू यौन तथा घरेलु हिंसा भोग्न बाध्य भएका छन् । प्रहरीमा पुगेका घटना वास्तविक घटनामध्ये थोरै मात्र हुने गरेको महिला अधिकारकर्मीहरू बताउँछन् ।

सदियौँदेखि महिलाहरूले भोग्दै आएका यस्ता घटना कम गर्न पुरुष र महिला दुबैमा चेतना फैलाउनु र दोषीमाथि कानूनअनुसार कारबाही हुनु महत्वपूर्ण हुने अधिकारकर्मीहरू बताउँछन् ।

# ९ः झापा

## भरोसा बढाउँदै न्यायिक समिति

https://www.khabarhub.com/2020/08/216780/

झापा- बिर्तामोडकी शर्मिला ९नाम परिवर्तन०ले गर्भवती अवस्थामा पनि श्रीमानले नहेरेको भन्दै बिर्तामोड नगरपालिकाको न्यायिक समितिमा फोनबाट उजुरी दिइन् । उनले सवारीसाधन चलाउने श्रीमान लकडाउनको समयमा पनि घर नआएको र गर्भवती अवस्थामा पनि आफूलाई खानेकुरा व्यवस्था नगरेको भन्दै न्यायिक समितिमा बारम्बार फोन गरिन् । त्यति बेला कोरोना भाइरस संक्रमणको त्रासले बिर्तामोड नगरपालिकाको काम बन्द थियो ।

न्यायिक समितिका प्रतिनिधिले प्रहरी कार्यालय खुला रहकोले त्यहाँ निवेदन दिन सुझाब दिए । उनले प्रहरीकहाँ जान आफूलाई असहज भएको बताइन् । ‘त्यो निकै संवेदनशील मुद्दा थियो । हामी प्रत्यक्ष सहभागी हुन सक्ने अवस्था थिएन । फोनमार्फत उनकै टोलमा रहेका समाजसेवीसँग समन्वय गर्यौं’, न्यायिक समितिकी अधिकृत टीका लामिछानेले भनिन्, ‘फोनबाटै त्यो मुद्दा निरूपण भयो । अहिले उहाँको हेरचाह भएको छ । परिवार राम्रोसँग चलेको छ ।’

## फोनबाटै उजुरीको चाङ

न्यायिक समितिको अवधारणा नै पीडितलाई न्यायमा सहज पहुँच हो । न्यायनिसाफका लागि प्रहरी र अदालतहरू छन् । त्यहाँ जाने प्रक्रिया र अनेक कानुनी अल्झनहरूका कारण पीडितहरूले सजिलै न्याय पाउँदैनन् । पैसा र समय दुबै चाहिन्छ । त्यहाँ हुने नचिनेका मानिसहरूसँग खुलेर कुरा गर्न पनि हिच्किचाउँछन् । यसरी निमुखा, गरिब र विपन्नहरूका लागि न्याय टाढाको विरानो कुरा हुने गरेको थियो ।

स्थानीय तहका न्यायिक समितिहरूमा भने पीडितहरूको पहुँच सजिलो छ । आफ्नो वडा कार्यालयमा प्राय: चिनेजानेकै मानिसहरू हुन्छन् । आफ्नो स्थानीय तहको कार्यालयमा पनि कोही न कोही चिनेकै हुन्छन् । नचिनेकै भए पनि उनीहरू समाजसँग बढी घुलमिल भएका हुनाले आफ्ना समस्या सुनाउन पीडितलाई तुलनात्मकरूपमा सहज भएको छ ।

न्यायिक समितिले मुद्दाको कानुनी छिनोफानोको साटो मेलमिलापमा बढी जोड दिएर जितजितको अवस्थामा समस्या सुल्झाउने गरेको छ । यसो गर्दा पीडित र पीडक दुवैलाई सहज हुने गरेको छ । कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि सरकारले जारी गरेको लकडाउनको समयमा पनि बिर्तामोड नगरपालिकामा फोनमार्फत उजुरीको चाङ नै लाग्यो ।

न्यायिक समितिकी अधिकृत टीका लामिछानेका अनुसार यो समयमा विशेष गरी श्रीमान्श्रीमतीका झगडाका उजुरी धेरै आए । उनले भनिन्, 'सधैं व्यस्त हुने श्रीमानश्रीमती खाली समयमा एकै ठाउँमा भए । एकअर्काको म्यासेज र फोन हेर्न थाले । यसले पनि समस्या निम्त्याएको थियो । यस्ता घटनाहरू फोनबाट नै मिलायौँ । हामी भौतिकरूपमा उपस्थित नभएका घटनाहरूको रेकर्ड राख्न सकेनौँ ।'

## अवस्था अनुसार कार्यसम्पादन

न्यायिक समितिमा काम गर्न सम्बन्धित स्थानीय तहले कार्यविधि बनाएको हुन्छ । त्यसमा उजुरी लिने, दुई पक्षबीच छलफल गराउने, सुनुवाइ, मेलमिलाप, निर्णय लगायतका प्रक्रियाहरू समावेश छन् । दुवै पक्षलाई राखेर मेलमिलापको प्रयास हुन्छ ।

कार्यालयमा गरिने यी कामहरू लकडाउनका बेला सम्भव थिएनन् । मानिसहरूको आवातजावत ठप्प भएको, सामाजिक दूरी कायम राख्नुपर्ने र धेरै जना भेला हुन नहुने अवस्थामा दुबै पक्षलाई बोलाएर छलफल गराउनु सम्भव थिएन ।

बिर्तामोड नगरपालिकाको न्यायिक समितिले लकडाउनकै समयमा पनि आफ्नो काम प्रभावकारी बनायो । अवस्थाअनुसार कामको ढाँचा उपयोग गरेर काम गरेको नगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक पवित्रा महतरा प्रसाईंको भनाइ छ । उनी भन्छिन्, 'सुरुमा त कसरी काम गर्ने भन्ने अन्योलमा थियौँ । पछि फोनबाटै पनि काम गर्यौँ ।'

उनले नागरिकहरूमा पनि न्यायिक समितिप्रति विश्वास बढेको र अन्याय सहेर बस्नुभन्दा न्याय खोज्न जानुपर्छ भन्ने चेतना जागृत भएको बताइन् । लकडाउनको अवधिमा १५ वटाभन्दा धेरै उजुरी फोनबाटै आएको र तीमध्ये आधाभन्दा बढी फोनमार्फत नै निरूपण भएको पनि उनले बताइन् ।

## न्यायमा असहायको पहुँच वृद्धि

नेपालको न्याय पहुँचवालाको मुठीमा हुन्छ भन्ने आमधारणा रहिआएको छ । अन्याय सहनुभन्दा बढी सास्ती न्यायका लागि धाउनुमा छ भन्ने धारणा छ । घरबाट टाढा रहेको प्रहरी र आदालतमा पुग्नु, प्रक्रियागत झन्झटहरू पार गर्नु, कानुनी सहयोगीहरू राख्नु र यी सबै कामका लागि खर्च जुटाउनु गरिब तथा असहायहरूको पहुँचभन्दा बाहिर हुन्छ ।

जो होचो उसैको मुखमा घोचो भनेझैँ पीडित नै भए पनि असहायहरू न्यायको खोजीमा जानुको साटो पीडा नै सहने बाध्यतामा हुन्छन् ।

कतिपय मुद्दा वर्षौंसम्म पनि टुङ्गो लाग्दैनन् । गरिब र असहायहरू समय र खर्च जुटाउन नसकेरै न्यायको खोजी छाडेर पीडा सहेर बस्छन् । न्यायमा सहज पहुँच नहुँदा समाजमा पीडकहरूकै बोलवाला हुने गरेको छ । स्थानीय तहमा न्यायिक समितिको व्यवस्था भएसँगै पहुँच बाहिरका नागरिक पनि न्यायका लागि ढोका ढकढक्याउन थालेका छन् ।

वडाकार्यालयमै मेलमिलाप समितिको व्यवस्था छ । यसले पनि विपन्न र पहुँच बाहिरका नागरिकलाई आफू अन्यायमा परेको कुरा भन्न सजिलो भएको छ । न्यायिक समिति र वडाको मेलमिलाप केन्द्रमा गाउँका चिनेजानेका जनप्रतिनिधिहरू हुने भएकाले सजिलो भएको छ ।

गाउँका असहाय पीडितहरूका पीरमर्का र व्यथा जनप्रतिनिधिले सहजै बुझ्छन् । त्यसकारण पनि प्रहरी प्रशासनसम्म पुग्न नसक्ने नागरिकका लागि स्थानीय तहको न्यायिक र मेलमिलाप समिति फलदायी भएका छन् ।

'अहिले न्यायको पहुँचसम्म पुग्न आम नागरिकलाई सहज भएको छ । टोलटोलमा टोल विकास समिति छन् । त्यहाँ पनि सामाजिक बेमेलहरू मिलाइन्छन्', बिर्तामोड नगरपालिकाकी उपप्रमुख प्रसाईंले भनिन्, 'वडा कार्यालयमा पनि मेलमिलाप समिति छ । त्यहाँ पनि छलफल हुन्छ । त्यहाँ टुङ्गो नलागे न्यायिक समितिमा दुई पक्षलाई छलफल गराएर टुङ्गो लगाउँछौं ।'

स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा रहने न्यायिक समितिहरू झापामा सामान्यदेखि निकै ठूला ठानिएका विवाद पनि मिलाउन प्रभावकारी भएका छन् । आफैँले चुनेका जनप्रतिनिधिहरू रहने न्यायिक समितिलाई विश्वास गरेर आउनेको संख्या पनि बढ्दै गएको छ ।

बिर्तामोड नगरपालिकामा मात्रै आर्थिक वर्ष २०७५/७६ मा कुल १६६ वटा मुद्दा न्यायिक समितिमा दर्ता भएका थिए । तीमध्ये १३३ वटामा मिलापत्र र ७ वटामा फैसला भयो । तीन वटा मुद्दा मुल्तवीमा राखिए । फैसला हुन नसकेका २३ वटा मुद्दा जिम्मेवारी सरेर आर्थिक वर्ष २०७६/७७ का लागि आए ।

उपप्रमुख प्रसाईंका अनुसार चालु आर्थिक वर्षमा हालसम्म ६६ वटा मुद्दा न्यायिक समितिमा परेकोमा ४० वटामा मिलापत्र भएको छ । बाँकी मुद्दा प्रक्रियामा छन् । जग्गाको सीमा विवाद, श्रीमानश्रीमतीबीचको विवाद, गाउँघरको झैझगडाजस्ता धेरै मुद्दा स्थानीय तहमा आउने गरेको बिर्तामोड न्यायिक समितिकी कर्मचारी टीका लामिछानेको भनाइ छ । 'यहाँ मिल्ने घटना यहीं मिलाउँछौं । नमिल्ने छ भने कानुनको पहुँच नभएका र ज्ञान नभएकालाई सल्लाहसुझाव पनि दिन्छौं', उनले भनिन्, 'यहाँ लेनदेनको मुद्दा पनि आउँछ । हामीले हेर्ने अधिकार छैन । हामी सुझाब चाहिँ दिन्छौं ।'

## न्यायालयको ढोकासम्म आदिवासी

झापामा राजवंशी, ताजपुरिया, सन्थाल, मुसहर लगायतका आदिवासीको बाक्लो बसोबास छ । यी समुदायमा अहिले पनि मुखिया प्रथा छ । सन्थालहरूले मुखियालाई माझीहडाम भन्छन् । सामान्यदेखि जटिल समस्यासम्म उनीहरू माझीहडामकोमा मिलाउने गर्छन् ।

शिक्षाको चेतना कम रहेको सन्थाल समुदाय निकै ठूलो घटना हुँदा पनि हत्तपत्त न्यायलयसम्म पुग्दैनन् । त्यस्ता समुदायहरूमा महिलाहरूमाथि गर्ने व्यवहार तथा न्याय सम्पादन पनि परम्परागत हुन्छ । कतिपय हिंसाका घटनाहरू पनि सामसुम पार्दा समाजमा महिला र न्युन आय भएकाहरू मर्कामा परिरहन्छन् ।

स्थानीय तहमा न्यायिक समितिले काम गर्न थालेपछि त्यस्ता आदिवासी समुदायका मानिसहरू पनि न्याय खोज्न न्यायिक समितिमा पुग्न थालेका छन् ।

गाउँको परम्परागत न्याय प्रणाली छाडेर गौरादह नगरपालिका क्षेत्रमा आदिवासी न्यायिक समितिसम्म आउन थालेको गौरादह नगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक गीता भेटवालको भनाइ छ । लकडाउनको समयमा पनि यी समुदायको मुद्दा न्यायिक समितिमा आएको उनले बताइन् ।

उपप्रमुख भेटवाल भन्छिन्, 'पहिला उहाँहरू ९आदिवासी समुदाय० न्यायलयसम्म पुग्नुहुन्न थियो । अहिले आउन थाल्नुभएको छ । ठूलै समस्या हुँदा पनि नआउने उहाँहरू घरपरिवारमा हुने सामान्य विवादमा पनि आउन थाल्नुभयो, न्यायिक समितिमा जाँदा न्याय पाइन्छ भन्ने हुनु नै ठूलो कुरा हो ।'

महामारीका समयमा न्यायिक समितिको काममा असर परेको उनको भनाइ छ । उनले भनिन्, 'महामारीले सबै थलियो । अहिले पनि दिनहुँ मुद्दा हेर्नुपरेको छ ।'

महामारीको समयमा दुई पक्षका गरी बढीमा पाँच जनामात्र सहभागी गराएर छलफल गराउँदै आएको उनले बताइन् । 'अदिवासी समुदायबाट चाहिँ ठूलो संख्यामा आउनुहुन्छ', उनले भनिन्, 'हामी पाँच जनाभन्दा धेरै सहभागी गराउँदैनौं । आवश्यक परेमा एएक जना गरेर भित्र बोलाउँछौं ।' महामारीको समयमा मुद्दा हेर्न रोके पनि फोनमार्फत कानुनी सल्लाह दिन नरोकिने उनले बताइन् ।

अहिले पनि विभिन्न आदिवासी क्षेत्रमा न्याय सम्पादनका परम्परागत संरचनाहरू कायमै छन्न् । यी सबै नराम्रा पनि छैनन् । कतिपयले अहिले न्यायिक समितिमा हुने गरेका जस्तै मेलमिलापका काम गर्छन् । केही ठाउँमा वास्तविक पीडितहरूले न्याय पनि पाउने गरेका छन् । यस्ता

संरचनाहरूका धेरै कानून तथा मान्यताहरू परम्परागत रहेका छन् ।

पितृसत्तात्मक पक्षपोषण भएका, समाजमा वर्ग विभाजन भएका, समाजका गन्यमान्य र सामान्यका लागि विभेदयुक्त भएका मान्यताहरू अहिले पनि परम्परागत संरचनाहरूमा रहेका कारण त्यस्ता समुदायका पीडितहरूको न्याय सम्पादनका लागि आधिकारिक न्यायिक प्रणालीमा ल्याउन स्थानीय तहका न्यायिक समिति माध्यम बन्न थालेका छन् । यस कामका लागि न्यायिक समितिले थप प्रयास भने गर्नु आवश्यक छ ।

## अदालतमा साना मुद्दाको चाप घट्दा

स्थानीय तहमा गठन भएका न्यायिक समितिले गाउँघरका साना विवाद र मुद्दा मात्र हेरेको छैन, अदालत पुग्ने मुद्दामा पनि आवश्यक सल्लाह दिँदै र सहयोग गर्दै आएको छ ।

न्यायिक समिति आएपछि अदालतमा साना मुद्दाको चाप घटेको नेपाल बार एसोसिएसनका पूर्वकेन्द्रीय उपाध्यक्ष तथा अधिवक्ता अशोक पोखरेल बताउँछन् । 'न्यायिक समिति गठन भएपछि समुदायमा मिल्न सक्ने सामान्य मुद्दाको चाप अदालतमा घटेको छ', उनले भने, 'यसले न्यायनिरूपणमा पनि सहज भएको छ ।'

कोरोना महामारी तथा महामारी नियन्त्रणका लागि सरकारले गरेको लकडाउनले गर्दा भने गरिब र पहुँच नभएका व्यक्तिहरूलाई न्याय पाउन ठूलो समस्या भएको अधिवक्ता पोखरेलको भनाइ छ । सवारीसाधन नचल्ने, न्यायालयमै जान पनि आफ्नो यातायात नहुने जस्ता समस्याका कारण उनीहरू न्यायको पहुँचबाहिर परेको पोखरेलले बताए ।

प्रहरी कार्यालय निश्चित ठाउँमा हुन्छन् । प्रहरीले सामान्य छलफलमा मुद्दा नमिलेमा अदालती प्रक्रियामा पठाउँछ । अदालत सबैको नजिकमा हुँदैन । अदालत पुग्न गाडी चढ्नुपर्छ, लामो यात्रा गर्नुपर्ने हुन्छ ।

लकडाउनका कारण हिँड्डुल गर्न र मानिसहरू भेला हुन नपाउँदा प्रहरी वा अदालतमा जान नसकेका पीडितहरू न्यायिक समितिमा पुग्ने गरेका छन् । त्यहाँ उनीहरूले न्याय पनि पाएका छन् । घरछेवैमा मेलमिलाप केन्द्र वा न्यायिक समिति हुनु, त्यहाँ चिनजान वा समाज बुझेका मानिसहरू हुनु लगायतका कारण पीडितहरूलाई न्याय खोज्न सजिलो भएको छ । उनीहरूको भरोसा पनि बढेको छ ।

यति हुँदा हुँदै पनि स्थानीय तहका न्यायिक समितिहरू समस्यामुक्त भने छैनन । समितिहरूमा पनि राजनीतिक विभेद हुने गरेको र पहुँचवालाले संरक्षण पाएको जस्ता गुनासो तथा घटनाहरू पनि सार्वजनिक हुने गरेका छन् । न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीमा क्षमता अभिवृद्धिको आवश्यकता पनि देखिएको छ । स्रोतसाधनको पनि कमी हुने गरेको छ ।

यस्ता समस्या वा कमजोरीका बीच पनि न्यायिक समितिहरू गरिब, असहाय, चेतनास्तर कम भएका लगायत न्यायमा सहज पहुँच नभएकाहरूको लागि भरोसाको केन्द्र बन्दै गएका छन् ।

# १०: प्यूठान

## स्थानीय न्यायपालिका (१) : स्थानीय अदालत बन्दै न्यायिक समिति

https://www.khabarhub.com/2020/02/215073/

प्यूठान- देशमा सङ्घीय शासन लागू भएपछि नागरिकले घरआँगनमै सरकार भएको महसुस गर्न पाउनेछन् भनिएको थियो ।

नागरिकलाई घरआगनमै सरकार भएको अनुभूति दिलाउन स्थानीय तहले विकास निर्माण, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सुविधा बढाउने कोसिस गरेका छन् । सँगसँगै न्यायिक सुविधा पनि गाउँघरमै पुगेको छ ।

साँध किल्ला, घर झगडा, लेनदेनलगायतका विषयमा न्याय वा मेलमिलापका लागि प्रहरी र अदालतसम्म धाउनुपर्ने अवस्था अन्त्य भएको छ । हरेक स्थानीय तहमा रहेका न्यायिक समितिले सामान्य विवादमा मेलमिलाप गराउँछन् । मेलमिलाप नभए फैसला गर्छन् । न्यायिक समितिमा समाधान हुन नसकेका मुद्दामामिला प्रहरी र न्यायालयसम्म लैजाने बाटो त छँदैछ ।

## यस्तो छ संवैधानिक व्यवस्था

संविधानको धारा २१७ मा स्थानीय तहमा न्यायिक समिति गठन गरेर केही विवादहरू निरूपण प्रावधान छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ। स्थानीय तहका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ । उक्त समितिमा गाउँसभा वा नगरसभाले आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्य रहने व्यवस्था छ ।

न्यायिक समितिले सामान्य खालका मुद्दामामिला, जग्गाजमिन, अंशबण्डा, साँध विवादजस्ता मुद्दाको टुङ्गो लगाउँछन् । न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समितिका संयोजक र सदस्यले सामूहिक रूपमा गर्छन् । गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र गराएका वा निर्णय गरेका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित राख्नुपर्छ । समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुखमार्फत गाउँ वा नगरसभामा पेस गर्नुपर्ने प्रावधान छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार न्यायिक समितिलाई निम्न विषयमा विवाद निरूपण गर्ने अधिकार छ :-

– बाँध, पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग; अर्काको बाली नोक्सानी गरेको; चरन, घाँस, दाउरा, ज्याला नदिएको; घरपालुवा पशुपन्छी हराएको वा पाएको; ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको; नाबालक छोराछोरी वा पतिपत्नीलाई खान लाउन वा शिक्षा दीक्षा नदिएको; वार्षिक पच्चिस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा; अन्य व्यक्तिको घरजग्गा वा सम्पत्तिमा असर पर्ने गरी रुख बिरुवा लगाएको; आफ्नो घर वा बलेसीबाट अर्काको घरजग्गा वा सार्वजनिक बाटोमा पानी झारेको; साँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउन कानुन बमोजिम छोड्नुपर्ने जग्गाको परिमाण नछोडी बनाएको; कसैको हक वा स्वामित्वमा परापूर्वककालदेखि सार्वजनिकरूपमा प्रयोग हुँदै आएको वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्‍याएको ।

## घरेलु हिंसाका घटना धेरै

दुई वटा नगरपालिका र सात वटा गाउँपालिकासहित नौ वटा स्थानीय तह रहेको प्यूठानमा न्यायिक समितिहरूमा धेरै उजुरी आएका छैनन् । न्यायिक समितिमा आएका मुद्दामामिला न्यायिक निरूपण र मेलमिलापको माध्यमबाट समाधान भएका छन् ।

मुद्दामामिलामा कसैलाई पनि अन्याय नहुने गरी निरूपण र मेलमिलाप गरेर पठाउने गरेको प्यूठानका स्थानीय तहका उपप्रमुखहरूको भनाइ छ । प्यूठानका तीन वटा स्थानीय तहको विवरण हेर्दा जिल्लामा धेरै मुद्दा न्यायिक समितिमा आएका छैनन् र आएका मुद्दामध्ये अधिकांश घरेलु झगडाका छन् ।

## प्यूठान नगरपालिकामा तीन वर्षमा २२ उजुरी

प्यूठान नगरपालिका जनसङ्ख्याका हिसाबले जिल्लाको सबैभन्दा ठूलो नगरपालिका हो । यहाँको जनसङ्ख्या झण्डै ३९ हजार छ । उपमेयर तथा न्यायिक समितिकी संयोजक शान्ता आचार्यका अनुसार प्यूठान नगरपालिकामा तीन वर्षमा जम्मा २२ वटा उजुरी परेका छन् ।

उपमेयर आचार्यका अनुसार साँधकिल्ला मिचेको, वस्तुभाउले बाली खाइदिएको, बुढाबुढीको राम्रो हेरचाह नगरेको, खान लगाउन नदिएको, श्रीमान्ले कुटपिट गरेको, घरझगडा लगायतका उजुरी बढी छन् ।

प्यूठान नगरपालिकाको न्यायिक समितिमा आएका २२ वटा मुद्दामध्ये १८ वटा मेलमिलापमै टुङ्गो लागे । दुई वटा अंशबण्डाका मुद्दामा न्यायिक समितिमा छलफल त भयो तर क्षेत्राधिकार नपुगेकाले अदालत गए । सम्बन्ध विच्छेदका दुई वटा मुद्दा पनि अदालत पुगेका छन् ।

उपमेयर आचार्यको भनाइ छ, ‘हामीकहाँ आएका उजुरी मिलाउन जबरजस्ती गर्न मिल्दैन, दुवै पक्षको चित्त बुझाएरमात्रै मिलापत्र गराउने हो, हामीले सक्नेजति गरेका छौँ, हामीकहाँ आएकाहरू पनि सन्तुष्ट भएर जानुभएको छ ।’

मेलमिलाप वा न्याय निरूपणको क्रममा एकल निर्णयमात्रै नचल्ने भएकाले सामूहिकरूपमा र पीडितले न्याय पाउने हिसाबले काम भइरहेको उनको भनाइ छ ।

अन्य केही जिल्लाका न्यायिक समितिले अधिकार पर्याप्त नभएको र काममा अप्ठ्यारो परेको बताउने गरे पनि आफूलाई त्यस्तो समस्या नपरेको उनले बताइन् ।

## लकडाउनमा दुई उजुरी

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि सरकारले चैत ११ गतेदेखि साउन ६ गतेसम्म लकडाउन गरेको थियो । प्यूठान जिल्लामा पनि लकडाउनको प्रभाव पर्‍यो । त्यो समयमा स्थानीय तहले अत्यावश्यक बाहेक अन्य सेवा दिएनन् । उजुरी दर्ता गराउन सकिने व्यवस्था थियो ।

लकडाउनको अवधिमा प्यूठान नगरपालिकामा दुई वटामात्रै उजुरी परे । जग्गाको विषयमा परेका दुई वटै उजुरीमा दुवै पक्षलाई बोलाएर मेलमिलाप गराउने प्रयास भइरहेको छ ।

## सरुमारानीमा घरझगडाका उजुरी धेरै

सरुमारानी गाउँपालिकाकी उपाध्यक्ष तथा न्यायिक समितिकी प्रमुख मीनाकुमारी सोमै आफ्नो पालिकामा सबैभन्दा चुनौतीको विषय सम्बन्ध विच्छेदका घटनामा कमी ल्याउनु रहेको बताउँछिन् । सामान्य घरायसी झगडा पनि सम्बन्ध विच्छेदकै अवस्थासम्म पुग्ने गरेको उनको भनाइ छ ।

उपाध्यक्ष सोमैले भनिन्, 'हामीकहाँ सामान्य झगडामा पनि सम्बन्ध विच्छेदको लागि उजुरी आउने गरेको छ, हामी सकभर सम्बन्ध विच्छेद नगर्नुहोस्, मिलेर बस्नुहोस् भनेर श्रीमान्श्रीमती दुवैलाई सम्झाइबुझाइ गर्छौं, धेरै जोडीमा सहमति भएको छ, केहीका मुद्दा भने माथि नै पठाउनुपरेको छ ।'

आर्थिक वर्ष २०७६/७७ मा सरुमारानी गाउँपालिकामा २१ वटा मुद्दा आएका थिए । तीमध्ये १८ वटामा न्यायिक समितिले मेलमिलाप गरायो । जग्गासम्बन्धी दुई वटा र रकम असुलीको एउटा मुद्दा न्यायिक समितिले सल्टाउन सकेन । कुल मुद्दामध्ये नौ वटा घरझगडा र हिंसाका थिए ।

यस्तै, आर्थिक वर्ष २०७५/७६ मा नौ वटा मुद्दा दर्ता भएकोमा चार वटा फर्स्योट भए, दुई वटा खारेज भए, तीन वटा अझै विचाराधीन छन् । नौ वटा मुद्दामध्ये लेनदेन, बाटो निकास र घरयासी किचलोका दुईदुई वटा र गालीबेइज्जती, पालनपोषण र नोक्सानीका एकएक वटा थिए ।

आर्थिक वर्ष २०७४/७५ मा १२ वटा मुद्दा दर्ता भएकोमा आठ वटा फर्स्योट भए । तीमध्ये लेनदेन, बाटो निकास र पेवासम्बन्धी एकएक वटा मुद्दा थिए । ज्याला मजदुरी, मानहानी र सम्पत्ति क्षतिका दुईदुई वटा र घरेलु हिंसाका तीन वटा मुद्दा थिए ।

## माण्डवी गाउँपालिकामा घरझगडा धेरै

प्यूठानका अन्य स्थानीय तहको तुलनामा माण्डवी गाउँपालिकामा लकडाउनको समयमा धेरै मुद्दा दर्ता भएका छन् । लकडाउनको अवधिमा यहाँ १९ वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये धेरै मुद्दा घरगडाका छन् । कुल मुद्दामा आठ वटा फर्स्योट भएका छन् । फर्स्योट भएका मध्ये ६ वटा मुद्दा श्रीमानश्रीमतीबीच झगडाका थिए । दुई वटा मुद्दा गाउँका झगडाका थिए ।

गाउँपालिकाकी उपाध्यक्ष तथा न्यायिक समितिकी संयोजक मूगा पुनका अनुसार बाँकी ११ वटा मुद्दामध्ये तीन वटा अदालत पठाइए, अरू सुनुवाइको प्रक्रियामा छन् । लकडाउनको समयमा समितिले चार वटा मुद्दा अदालतमा र दुई वटा प्रहरीको पठाएको छ भने ६ वटा मुद्दा अहिले निरूपण र मेलमिलापको चरणमा छन् ।

उपाध्यक्ष पुनका अनुसार लकडाउनको बेला समितिमा आएकामध्ये ९० प्रतिशत मुद्दा लैङ्गिक र घरेलु हिंसाका छन् । श्रीमान्श्रीमतीको झगडा बढ्दै गएर सम्बन्ध विच्छेदसम्म पुगेका घटना पनि लकडाउनमा धेरै आएका छन् ।

माण्डवी गाउँपालिकामा आर्थिक वर्ष २०७६/७७ मा ६५ वटा मुद्दा न्यायिक समितिमा दर्ता भएका थिए । लकडाउनको तीन महिनामै १९ वटा मुद्दा दर्ता हुनु चिन्ताको विषय भएको उपाध्यक्ष पुनको भनाइ छ ।

भारत र अन्य देश रोजगारीको लागि गएका पुरुष कोरोना भाइरसको कारण घर फर्किएसँगै घरझगडाका मुद्दा बढेको पुनको भनाइ छ ।

## मूगा पुनको आवाज लकडाउनमा कम मुद्दा

यस आलेखमा समावेश भएका प्यूठानका तीन वटा स्थानीय तहमा लकडाउनको समय अर्थात् २०७६ सालको चैत ११ गतेदेखि २०७७ सालको साउन ६ गतेसम्म २ वटा पालिकामा निकै कम मुद्दा परे ।

माण्डवी गाउँपालिकामा भने अलिक धेरै मुद्दा परेका छन् । लकडाउनको बेला गाउँघरमा घटनाहरू भएको तर उजुरी नआएको शङ्का पनि छ । न्यायिक समितिका संयोजक तथा स्थानीय तहका उपप्रमुख लकडाउनको समयमा घटना नै कम भएको बताउँछन् ।

'लकडाउनको समयमा केही घरायसी विवाद भए, केही घरमै मिले, केही हामीकहाँ आइपुगे तर त्यो बेला घरबाहिरका गतिविधि धेरै नभएकाले विवाद नै कम भयो भन्ने लागेको छ', प्यूठान नगरपालिकाकी प्रमुख शान्ता आचार्य भन्छिन् ।

माण्डवी गाउँपालिकाकी उपाध्यक्ष मूगा पुनले पनि लकडाउनको समयमा न्यायको पहुँचमा पुग्न समस्या नभएकाले घटना अन्यायमा पर्नेहरूले सहजै मुद्दा दर्ता गराएको बताउँछिन् ।

उनले भनिन्, 'हामीकहाँ लकडाउनको समयमा पनि १९ वटा मुद्दा दर्ता भएका छन्, समस्या परेकाहरू पालिकासम्म आइपुग्नुभएको छ, पीडितलाई लकडाउनको समयमा पनि मुद्दा दर्ता गर्न कुनै समस्या थिएन ।'

## न्यायमा पहुँच बढ्दैछ : देवकोटा

सङ्घीयता तथा स्थानीय शासनसम्बन्धी विज्ञ डा. खिमलाल देवकोटा स्थानीय तहमा न्यायिक समितिको अभ्यासका कारण सबै नागरिक न्यायको पहुँचमा पुगेको बताउँछन् । वडा र पालिकास्तरमै नागरिकले न्यायको सुविधा पाउनु नै सङ्घीयताको विशेषता भएको उनको भनाइ छ ।

केही ठाउँमा अपवादका रूपमा न्यायिक समितिको निर्णय र फैसला गलत भएको हुन सक्ने तर समग्रमा यो अभ्यासले न्यायको पहुँचमा पुग्न नसकेका नागरिकलाई सहज भएको उनले बताए ।

देवकोटा भन्छन्, 'पहिले गाउँमा कुनै व्यक्ति पीडित भयो भने न्यायको लागि कहाँ जाने भन्ने नै थाहा थिएन । न्यायको गुहार माग्न जाने ठाउँ जिल्ला अदालत थियो, दूरदराजबाट सदरमुकाम पुग्नै मुस्किल, सहजीकरण गरिदिनेको अभाव, आर्थिक अभावलगायतका कारण पीडित हुँदाहुँदै पनि सहनुपर्ने थियो । अहिले अवस्था फेरिएको छ, गाउँठाउँमै मुद्दा दर्ता गर्न पाइन्छ ।'

न्यायिक समितिले गाउँघरमै न्यायको आभास दिएको भएको र महिला सशक्तीकरण बढाएको डा. देवकोटाको भनाइ छ । उनका अनुसार स्थानीय न्यायिक समितिका निर्णयमा चित्त नबुझे अदालत जान सकिने भएकाले समितिलाई पनि अदालतकै रूपमा लिनुपर्छ ।

न्यायिक समितिको कामले नागरिकले सङ्घीयताको ठूलो प्रतिफल पाएकोमा द्विविधा नरहेको डा. देवकोटाको भनाइ छ । उनले भने, 'न्यायिक समितिले गरेका काम हेर्दा सङ्घीयतामा सबैले गर्व गर्नुपर्ने अवस्था देखिन्छ, समितिहरूले आफ्नो यो गति जारी राख्नुपर्छ ।'

# ११: रुकुम

## स्थानीय न्यायपालिका : वडासम्म विस्तार हुँदै न्याय

https://www.khabarhub.com/2020/07/216688/

रुकुम– रुकुम पश्चिममा तीन वटा नगरपालिका र तीन वटा गाउँपालिका गरी छ वटा स्थानीय तह छन् । आठबिसकोट नगरपालिका रुकुम पश्चिमकै सबैभन्दा दुर्गम क्षेत्र हो ।

अन्य स्थानीय तहबाट दुईतीन घण्टा पैदल हिँड्दा सदरमुकाम खलङ्गा पुगिन्छ । आठबिसकोट नगरपालिकाका केही वडाबाट त एक दिनभरि हिँडेर पनि खलङ्गा पुगिँदैन । अन्य स्थानीय तहमा जस्तो सडक पहुँच पनि छैन तर सानोतिनो मुद्दा र विवादमा आठबिसकोटका बासिन्दा सदरमुकाम धाउनुपरेको छैन । न्यायिक समिति बनेपछि न्यायको पहुँच गाउँसम्मै पुगेको छ ।

आठबिसकोटकी बासिन्दा कमला विक (नाम परिवर्तन) ले नगरपालिकाबाटै न्याय पाइन् । जिल्ला सदरमुकाम मुसिकोटस्थित जिल्ला अदालत नपुगी उनको सम्बन्ध

विच्छेद भयो । विभिन्न बहानामा श्रीमानबाट कुटिनु परेपछि सम्बन्ध विच्छेद गर्न चाहेकी कमलाका लागि नगरपालिकाकै न्यायिक समिति सहयोगी बन्यो ।

न्यायिक समितिले दुवै जनाको मञ्जुरीमा उनीहरूको सम्बन्ध विच्छेद गराइदियो । रुपैयाँ खर्च नभई कमलाले सजिलै न्याय पाइन् । उनले भनिन्, 'नगरमै यस्तो सुविधा पाइएला भन्ने मानेकै थिइनँ तर गाउँको न्यायिक समितिले मलाई न्याय दियो ।'

रुकुम पश्चिमको अर्को स्थानीय तह त्रिवेणी गाउँपालिकाको न्यायिक समितिमा लेनदेनसम्बन्धी एउटा मुद्दा सजिलै टुङ्गो लाग्यो । न्यायिक समितिले दुवै पक्षलाई मनाएर सँगै भएर घर फर्कायो । न्यायिक समितिको फैसलापछि विगतका तिक्तता भुलेर उनीहरू सँगै काम गरिरहेका छन् ।
बोली बाराबारको अवस्थामा रहेका उनीहरू उक्त फैसलापछि ऐँचोपैँचो गर्न थालेका छन् । यसअघि उनीहरूबीच विवाद थियो भनेर छिमेकीले नपत्याउने वातावरण बनाएका छन् । विवाद निरूपणका लागि उनीहरू जिल्ला सदरमुकाम पुग्नै परेन । गाउँपालिका कार्यालयमै कुरो मिल्यो ।

न्यायिक समिति बनेपछि धेरैले घरआँगनमै न्याय पाउन थालेका छन् । स्थानीय सरकार गठनपछि बनाइएका न्यायिक समितिले गाउँगाउँमा न्यायमा पहुँच पुगेको महसुस गराएका छन् । संविधानको धारा २१७ मा आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपछि स्थानीय तहमा न्यायिक समिति गठन भए ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८, को दफा ४७ को २ (ग) मा न्यायिक समितिले मेलमिलापको माध्यमबाट पती-पत्नीबीचको सम्बन्ध विच्छेद गर्न पाउने व्यवस्था छ । न्यायिक समितिले ११ किसिमका मुद्दा मेलमिलापको माध्यमबाट निरूपण गर्न सक्ने व्यवस्था छ । उक्त ऐनमा न्यायिक समितिलाई विभिन्न १३ किसिममा मुद्दामा क्षेत्राधिकार छ ।

## वडामै मेलमिलापको अभ्यास

रुकुम पश्चिम, मुसिकोट नगरपालिकाको न्यायिक समितिमा हालसम्म ११३ मुद्दा दर्ता भएका छन् । जसमा ९५ वटामा मेलमिलाप भयो । चालु आर्थिक वर्षमा हालसम्म १४ वटा मुद्दा दर्ता भएका छन् । मुसिकोट नगरपालिकाले नगरस्तरमा मात्र नभएर वडा स्तरहरूमा पनि सानातिना मुद्दा र विवाद समाधान गर्ने संयन्त्र बनाएको छ ।

नगरपालिकाका उपप्रमुख तथा न्यायिक समितिका संयोजक प्रेमकुमारी सुनारका अनुसार आफूहरूले वडाका मुद्दा तथा विवादहरू वडामै समाधान गर्न वडास्तरमा समेत मेलमिलाप व्यवस्थापन केन्द्र स्थापना गरेर काम गरेको बताइन् ।

'वडातहमा मिलाउन सकिने मुद्दा र विवाद त्यहीँ मिलोस् भनेर नागरिकको सहजताका लागि वडास्तरीय मेलमिलाप व्यवस्थापन केन्द्र पनि गठन गरेका छौँ,' उनले भनिन्, 'प्रत्येक वडाबाट दुईदुई जनालाई मेलमिलाप तालिम दिएर पठाइएको छ, यसले विवादहरू वडामै पनि मिल्छन् ।'

वडास्तरको मेलमिलाप व्यवस्थापन केन्द्रमा समाधान हुन नसकेका मुद्दा र विवादहरू नगरपालिकाको न्यायिक समितिमा पुग्छन् ।

## छ सय मुद्दा फर्स्योट

रुकुम पश्चिमका छ वटै स्थानीय तहमा गरी बितेका तीन आर्थिक वर्ष र चालु आर्थिक वर्षको हालसम्ममा ५९६ मुद्दा फर्स्योट भएका छन् । सबै स्थानीय तहमा रहेका न्यायिक समितिमा हालसम्म ७४८ मुद्दा दर्ता भएका थिए ।

मुसिकोट नगरपालिकाले ८५ वटा मुद्दा किनारा लाएको छ । आर्थिक वर्ष २०७४/७५ देखि चालु आर्थिक वर्षको हालसम्म मुसिकोट नगरको न्यायिक समितिमा ११३ मुद्दा दर्ता भए । चौरजहारी नगरपालिकामा २४६ वटा मुद्दा दर्ता भएकोमा न्यायिक समितिले २१४ वटा मुद्दा टुङ्ग्याएको छ ।

यही अवधिमा आठबिसकोट नगरको न्यायिक समितिले १५५ मुद्दामध्ये ९२ मुद्दा किनारा लगाएको छ । त्यहाँबाट १० वटा मुद्दा जिल्ला अदालतमा सिफारिस भएका छन् ।

यही अवधिमा त्रिवेणी गाउँपालिकाको न्यायिक समितिमा ९९ मुद्दा दर्ता भएकामा ७४ मुद्दा फर्स्योट भएका छन् । त्रिवेणी न्यायिक समितिले २० मुद्दा जिल्ला अदालतमा सिफारिस

गरेको छ । सानीभेरी गाउँपालिकाको न्यायिक समितिमा ८६ मुद्दा दर्ता भएकोमा ७६ किनारा लागेको छन् ।

## रुकुमको स्थानीय तहमा मुद्दाको विवरण

| स्थानीय तह | हालसम्मको मुद्दा दर्ता संख्या | मिलापत्र तथा फर्स्योट |
|---|---|---|
| मुसिकोट नगरपालिका | ११३ | ९५ |
| चौरजहारी नगरपालिका | २४६ | २१४ |
| आठबिसकोट नगरपालिका | १५५ | ९२ |
| त्रिवेणी गाउँपालिका | ९९ | ७४ |
| बाँफिकोट गाउँपालिका | ४९ | ४५ |
| सानीभेरी गाउँपालिका | ८६ | ७६ |

## नयाँ अभ्यासका चुनौती

काममा उम्दा देखिए पनि न्यायिक समितिहरू अनेक समस्यामा छन् । समस्याका बीच पनि न्यायिक समितिहरू निरन्तर न्याय सम्पादनमा लागेका छन् । सबै स्थानीय तहका न्यायिक समिति कुनै न कुनै समस्यामा छन् ।

इजलाशका लागि ठाउँको अभाव छ । कर्मचारीको अभाव छ । कानूनको जानकारीमा कमी छ । कानूनी सल्लाहकार छैनन् । यस्ता समस्या न्यायिक समितिहरूले व्यहोर्नु परेको छ ।

बाँफिकोट गाउँपालिका न्यायिक समिति संयोजक मनकला पुन समस्याका बाबजुद पनि न्याय सम्पादन गरिरहेको बताउँछिन् । इजलाश र कर्मचारीको उचित व्यवस्थापन नहुँदा सहज न्याय सम्पादनमा समस्या भइरहेको उनको भनाइ छ । इजलाश अभावमा उनले आफ्नो कार्यकक्ष र इजलाश एउटै कोठाबाट काम चलारहेकी छन् ।

त्रिवेणी गाउँपालिकाको न्यायिक समितिले भर्खर भर्खर इजलाश सञ्चालनमा ल्याएको छ । मुसिकोट नगरपालिकाको न्यायिक समिति संयोजक प्रेमकुमारी सुनारले ऐनमा व्यवस्था भएको अधिकार अनुसारको व्यवस्थापकीय पाटो मिलाउन नसकिएको बताइन् । पहिलो संरचना भएकाले पनि त्यसमा असजिलो रहेको उनको बुझाइ छ ।

न्यायिक समितिलाई सीमित अधिकारमात्र भएकाले कहिलेकाहीँ कानूनी जटिलता आउने गरेको छ । क्षेत्राधिकारबाहिरका मुद्दा पनि आउँछन् । यसैले पनि समस्या जस्तो लागेको उनको भनाइ छ । मिल्नेसम्म न्याय सम्पादन भइरहेको संयोजक सुनारको भनाइ छ ।

अधिवक्ता रचना मल्ल स्थानीयस्तरमा गठित न्यायिक समितिले गाउँ गाउँमा न्यायिक पहुँच पुगेको बताउँछिन् । थोरै भए पनि सर्वसाधारणले घर आगनमै न्यान्यसेवा पाउनु भनेको न्यायको पहुँच बढ्नु हो भन्छिन् रचना ।

ऐन बनाउँदा नै न्यायिक समितिलाई पूर्ण अधिकार नदिइएकाले समस्या उत्पन्न हुने गरेको अधिवक्ता रचनाको बुझाइ छ । न्यायिक समितिलाई मिलाउने र छलफलको अधिकार भए पनि पूर्ण गर्ने अधिकार नदिइएकाले समस्या भोग्नुपर्ने अवस्था आउने उनको भनाइ छ ।

## जातीय भेदभावको चचा

सोतीमा ६ युवक मारिएको घटनापछि रुकुम पश्चिममा जातीय छुवाछुत तथा भेदभाव धेरै रहेको भन्ने चर्चा भयो । कतिले अन्तरजातीय विवाह गरेर समाजमै मिलेर बसेको उदाहरणसहित सोती घटनालाई जातीय कारण मात्र नभई आवेशमा भएको घटना भने । कतिपयले गाउँमा आएर बालिकालाई जबरजस्ती लैजान खोजेपछि प्रतिकारमा भएको घटना भन्दै जातीय मात्र नभई अरू कारण पनि रहेको बताए ।

घटना अदालती प्रक्रियामा रहेकोले घटनामा जातीय कारण मात्र मान्ने कि अरू कारण पनि छन् भन्ने यकिन भएको छैन तर सिङ्गो नेपालले अहिले पनि सोती घटनालाई जातीय कारणले भएको नरसंहार मानेको छ ।

सोती घटनापछि रुकुम पश्चिममा जातीय विभेद उच्च छ भन्ने सबैको मनमा परेको छ । जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमको तथ्यांक भने फरक छ । प्रहरीको तथ्यांकअनुसार सोती घटना नै रुकुम पश्चिमको जातीय छुवाछुतको पहिलो घटना हो ।

रुकुम पश्चिमका प्रहरी प्रमुख ठगबहादुर केसीका अनुसार जिल्लामा महिला तथा बालबालिकासम्बन्धी धेरै घटनाहरू भए पनि जातीय छुवाछुतको घटना भने आउने गरेको थिएन

केसी भन्छन्, 'कार्यालयको तथ्यांकअनुसार र मलाई जानकारीमा रहेसम्म रुकुम पश्चिममा जातीय छुवाछुतमा सोती घटना पहिलो हो जस्तो लाग्छ ।'

## लैङ्गिक हिंसाका घटना धेरै

रुकुम पश्चिमका प्रहरी प्रमुख केसी जिल्लामा महिला हिंसाका र बलात्कारका घटनाहरू हुने गरेको बताउँछन् । तीमध्ये कति गाउँघरमै मिलापत्र गराइन्छन् र कतिपय स्थानीय तहको न्यायिक समिति वा प्रहरीमा पुग्छन् । एक वर्षमा घरेलु तथा लैङ्गिक हिंसासम्बन्धी झण्डै ५८० ठाडो उजुरीमा प्रहरीले दुबै पक्षलाई मिलापत्र गराएको छ । यो तथ्यांकलाई हेर्दा रुकुम पश्चिममा घरेलु तथा लैङ्गिक हिंसा धेरै हुने प्रष्ट हुन्छ ।

## जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिममा दर्ता भएका लैङ्गिक हिंसाका उजुरी :

| आर्थिक वर्ष | बहुविवाह | बालविवाह | जबरजस्ती करणी/उद्योग | जातीय छुवाछुत | गर्भपतन | आत्महत्या |
|---|---|---|---|---|---|---|
| २०७६/०७७ | ७ | २ | २२ | ० | १ | १२ |
| २०७६/०७८ | १ | ० | ५ | १ | ० | ३ |

## पैसाले पीडित किन्ने प्रचलन

अन्तरपार्टी महिला सञ्जाल रुकुम पश्चिमका अध्यक्ष बुँझना पुनका अनुसार महिला तथा बालबालिकासम्बन्धी घटनाका पिडितलाई पैसाले किन्ने प्रचलन बढेको छ । जबरजस्ती करणी, करणी उद्योग तथा बलात्कारजस्ता अपराधका घटना धनी र पहुँचवाला व्यक्तिको नियन्त्रणमा हुने उनको भनाइ छ ।

'यस्ता घटनाहरू सकेसम्म गाउँमै पैसामा मिलाउने र त्यहाँ नमिले पनि प्रहरी अदालतमा पुग्दासम्ममा बयान फेरेर पनि मिलाउँछन्,' उनले भनिन्, 'यसो गर्दा पीडित केही समय आर्थिक लाभमा भुले पनि न्यायबाट बञ्चित हुन्छन् ।'

समाजमा महिला हिंसाका र अन्य स्वरूपका घटनाहरूमा महिला र पुरुष दुबैलाई काउन्सिलिङ (परामर्श) गर्नुपर्ने उनको भनाइ छ । समाजमा जानेबुझेकै व्यक्तिहरूबाट महिलाहिंसाका घटनाहरू हुनु विडम्बनाको कुरा हो भन्छिन् बुँझना ।

अन्तरपार्टी महिला सञ्जाल रुकुम पश्चिमले पनि हिंसामा परेका महिला र बालबालिकाहरूलाई न्याय दिलाउन विभिन्न गतिविधि सञ्चालन गरिरहेको छ । सञ्जालमा महिला हिंसाका उजुरीहरू आउँछन् । कोरोना भाइरस संक्रमण सुरु भएयता सञ्जालमा महिलाहिंसाका २८ वटा घटना आएका छन् ।

## अत्यास लाग्दो एउटा घटना

गत जेठमा रुकुम पश्चिमको चौरजहारी एकाएक चर्चामा आयो । चर्चाको कारण थियो, जेठ १० गते भएको बर्बरतापूर्ण हत्याकाण्ड । धेरैलाई चलचित्रको कथाजस्तो लाग्ने नरसंहार जातीय कारणले भएको एउटा बर्बरतापूर्ण घटना भन्दै अन्तर्राष्ट्रिय स्तरमा समेत चर्चा भयो ।

जेठ १० गते शनिबार प्रेमिकालाई बिहे गरेर लैजान भन्दै जाजरकोटबाट आएका युवामाथि गाउँलेले आक्रमण गरेका थिए । त्यही क्रममा ६ जनाको ज्यान गएको थियो । जाजरकोट भेरी नगरपालिकाका नवराज विक, गणेश बुढा मगर, सञ्जु विक, लोकेन्द्र सुनार, गोविन्द शाही र रुकुम पश्चिम चौरजहारी नगरपालिकाका टीकाराम नेपालीको उक्त घटनामा ज्यान गएको थियो । सबै शव भेरी नदीमा भेटिएका थिए । अरू कम्तीमा १२ जना घाइते भए ।

कोरोना भाइरस सङ्क्रमणको भयबीच सोती घटना एकाएक मानिसको ध्यान खिच्ने गरी चर्चामा आयो । पुरै गाउँलेहरू लागेर अर्को गाउँको एउटा युवा समूहलाई लखेट्दै कटेर हत्या गरेको घटना सामान्य थिएन ।

यो घटनाको मुद्दा अहिले जिल्ला अदालतमा विचाराधीन छ । उक्त घटना जातीय छुवाछुत पछिको हत्या हो कि होइन भन्ने निर्णय गर्नु हतार हुन्छ । तर, जाजरकोटको दलित युवक नवराज विक रुकुम चौरजहारीकी एक ठकुरीकी छोरीको प्रेम सम्बन्धलाई जोडेर जातीय छुवाछुत पछिकै

हत्याको रूपमा लियो ।

अधिकारकर्मीहरूले सोती घटनालाई समाजको कालो दागको रूपमा लिए । प्रहरी र सरकारी वकिल कार्यालयले पनि उक्त घटना जातीय छुवाछुतकै कारणले भएको भन्दै अदालतमा कर्तव्य ज्यान तथा छातीय छुवाछुतकै अभियोगपत्र दायर गऱ्यो । जसअनुसार वडाअध्यक्ष डम्मरबहादुर मल्लसहित ३४ जना उक्त घटनामा मुछिए ।

जिल्ला अदालत रुकुम पश्चिममा भएको थुनछेक बहसपछि ३४ जनामध्ये डम्बरबहादुर मल्लसहित २८ अभियुक्तलाई पुर्पक्षका लागि कारागार पठाउन, दुई बालबालिकालाई पुर्पक्षको लागि सुधारगृहमा राख्न, एक जनालाई १ लाख रुपैयाँ धरौटीमा छाड्न र ३ जनालाई साधारण तारेखमा छाड्न आदेश भयो ।

ती घटनामा सञ्जालले सहजीकरण गरेर मिलापत्र गराउन र थप कानुनी प्रक्रियाका लागि सहयोग गर्दै आएको छ । हिंसामा परेका महिलालाई महिलाहरूलाई सामूहिक संरक्षण दिने व्यवस्था पनि सञ्जालले गरेको छ ।

## छँदै छ छुवाछुत

सोती घटनाले चर्चामा ल्याएको जस्तो जातीय हिंसाका घटना नभए पनि गाउँघरमा छुवाछत भने कायमै छ । अहिलेसम्म मुद्दाको रूप नलिए पनि छुवाछुत भने रोकिएको छैन तर यो घट्दो क्रममा छ । महिला तथा बालिकामाथि हुने हिंसाका घटना भने धेरै हुने गरेका छन् । कतिपय घटना गाउँघरमै मिलाइन्छन् । कतिमा पीडितलाई प्रभाव वा दबाबमा पारेर टुङ्याइन्छन् र केही प्रहरीमा पुग्छन् ।

पछिल्लो समयमा स्थानीय तहमा सक्रिय भएका न्यायिक समितिका कारण यस्ता लैङ्गिक हिंसाका घटनाका पीडितलाई न्याय खोज्न भने केही सहज भएको छ । अझै पनि पीडितलाई न्याय दिलाउन धेरै प्रयास आवश्यक पर्ने अधिकारकर्मीहरू बताउँछन् ।

# १२: सोलुखुम्बु

## स्थानीय न्यायपालिका (३) : न्यायमा सजिलो पहुँच, राजनीतीकरण मुख्य बाधक

https://www.khabarhub.com/2020/04/215456/

सोलुखुम्बुको महाकुलुङ गाउँपालिका-१ की रस्मिता कुलुङ (परिवर्तित नाम) ले श्रीमानबाट लामो समयदेखि हिंसा सहनुपरेको थियो । घरेलु हिंसाबाट पीडित भइरहे पनि न्याय उनको पहुँचमा थिएन ।

सदरमुकाम जानआउन दुई दिनभन्दा बढी लाग्छ, १० हजारभन्दा बढी रुपैयाँ खर्च हुन्छ । गाउँमा प्रहरीलाई उजुरी गरौँ भने प्रहरीले श्रीमान्लाई पिटेर अर्को समस्या आउने हो कि भन्ने डर !

आखिर गाउँकै बहिनी प्रमुख रहेको गाउँपालिकाको न्यायिक समिति उनलाई सुरक्षित र सजिलो लाग्यो । उनले न्यायिक समितिमा निवेदन दिइन् । रस्मिता भन्छिन्, 'पैसा पनि खर्च भएन, दुवै जनालाई बोलाएर कुरा गर्नुभयो, हामी मिल्यौँ, दुवै जनाले जितेको जस्तो भएको छ, अहिले उहाँले हिंसा गर्नुहुन्न ।'

रस्मिता त उदाहरणमात्र हुन् । महाकुलुङ गाउँपालिकाको न्यायिक समितिले आर्थिक वर्ष २०७६/७७ मा घरेलु हिंसासम्बन्धी पाँच वटा मुद्दामा मिलापत्र गराएको छ । एक वर्षमा १७ वटा मुद्दा दर्ता भएकोमा अरू मुद्दा क्षतिपूर्ति, रकम असुल उपर, भोगचलन फिर्ता, सडक निर्माणमा रोक लगाउने लगायतका छन् ।

भौगोलिकरूपमा कठिन सदरमुकामबाट टाढा रहेको महाकुलुङमा न्यायिक पहुँच नहुँदा अन्याय भोगेरै बस्नु परेकोमा न्यायिक समितिले छलफल गरी मिलापत्र गराउँदा न्यायको अनुभूति हुन थालेको छ ।

## न्यायिक समितिले मिलाउँछ गाउँका झगडा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार, स्थानीय तह अन्तर्गतको न्यायिक समितिले मेलमिलापका माध्यमबाट

१२ किसिमका विवाद समाधान गर्न सक्छ भने अन्य १३ थरीका विवाद निरूपण गर्ने अधिकार दिइएको छ ।

स्थानीय तहमा रहेका न्यायिक समितिलाई आलीधुरी, बाँधपैनी, कुलो वा पानीघट्टको बाडफाँड तथा उपयोग; अर्काको बाली नोक्सानी गरेको; चरन र घाँस, दाउरा; ज्याला मजदुरी नदिएको; घरपालुवा पशुपन्छी हराएको वा पाएको; ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको; नाबालक छोराछोरी, पति पत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको; वार्षिक २५ लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधासम्बन्धी विवादको निरूपण गर्ने अधिकार छ ।

त्यसैगरी, अन्य व्यक्तिको घरजग्गा, सम्पत्तिमा असर पर्ने गरी रुखबिरुवा लगाएको; आफ्नो घर वा बलेँसीबाट अर्काको घरजग्गा वा सार्वजनिक बाटोमा पानी झारेको, सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउँदा कानुन बमोजिम छाड्नुपर्ने जग्गा नछोडेको; कसैको स्वामित्वमा भए पनि परापूर्वकालदेखि सार्वजनिकरूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल, वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको र सङ्घीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका विवादहरू स्थानीय तहमा गठित न्यायिक समितिले निरूपण गर्न सक्नेछन् ।

सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एउटाको हकको जग्गा अर्काले च्यापी-मिची वा घुसाई खाएको; सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरूको जग्गामा घर वा कुनै संरचना बनाएको; पति-पत्नीबीचको सम्बन्ध विच्छेद; अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट, गाली बेइज्जती, लुटपाट; पशुपन्छी छाडा छोडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरबाही गरी अरूलाई असर पारेको; अरूको आवासमा अनधिकृत प्रवेश गरेको; अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको; ध्वनि प्रदूषण गराई वा फोहरमैला फाली छिमेकीलाई असर पुऱ्याएको लगायतका विवादमा न्यायिक समितिले मेलमिलापको माध्यमबाट निरूपण गर्न सक्ने कानुनी व्यवस्था छ ।

मेलमिलापबाट टुङ्गिन नसकेको विवाद मात्रै अदालत पठाउने गरिन्छ ।

गाउँटोलमा यस्ता विषयमा झगडा हुने, प्रहरी वा अदालतसम्म पुग्दा यस्ता झगडा प्राथमिकता नपर्ने, एउटा पक्षलाई दण्डजरिवाना गर्दा घर वा समाजमा अर्को समस्या आउनसक्ने भएकोले गाउँघरमै मेलमिलाप गर्न न्यायिक समितिलाई राम्रो विकल्पका रूपमा हेर्न थालिएको छ ।

सङ्घीयता तथा स्थानीय शासनका ज्ञाता डा. खिमलाल देवकोटा गाउँटोलमै छलफल गरेर दुवै पक्षलाई अपमानित भएको महसुस नगराई वा जितजितमा मिलापत्र गर्ने उद्देश्य रहेको न्यायिक समिति राम्रो प्रयास रहेको बताउँछन् ।

न्यायमा पहुँच नहुँदा घरेलु हिंसा तथा गाउँटोलका झगडा सहिरहनुपर्ने र यसका कारण अरू ठूला अपराध तथा आत्महत्याजस्ता घटना बढ्न सक्ने मनोविद्हरू बताउँछन् । यसकारण सामान्य ठानिने समस्याबाट हुनसक्ने ठूलो समस्या रोक्न स्थानीय तहका पालिकाहरू प्रभावकारी हुन थालेका छन् ।

## न्यायिक समितिमा उजुरी

मेलमिलापको माध्यमबाट समस्या टुङ्ग्याउने, न्याय माग्दै नचिनेका मानिससम्म पुग्नु नपर्ने, प्रहरी र अदालतप्रतिको डर नहुने, खर्च नलाग्ने लगायतका कारणले घरभित्र तथा गाउँटोलका दैनिक जीवनमा आउने समस्याहरूलाई समाधान गर्न न्यायिक समिति रोज्नेहरूको सङ्ख्या बढ्न थालेको छ ।

प्रहरी आएर पक्राउ गर्न नपर्ने, अदालत धाउनु नपर्ने र आफ्नै पालिकामा चिनेजानेका मानिसबीच छलफल गर्दा मनको बह पोख्न सजिलो हुने न्यायिक समितिमा उजुरी दिएकाहरू बताउँछन् । पीडित र पीडक दुवै पक्षले आअफ्ना कुरा राखेपछि मेलमिलापको विधि अपनाउने भएकोले यसमा विश्वास पनि बढ्दैछ ।

## आर्थिक वर्ष २०७६/७७ मा परेका उजुरीको अवस्था यस्तो छ :

| क.सं. | पालिका | दर्ता | फछ्र्योट | बाँकी |
|---|---|---|---|---|
| १ | सोलुदुधकुण्ड नगरपालिका | ३१ | ३१ | ० |
| २ | माप्य दुधकोशी गाउँपालिका | ७ | ३ | ४ |
| ३ | महाकुलुङ गाउँपालिका | १७ | १५ | २ |
| ४ | नेचासल्यान गाउँपालिका | ३९ | २१ | १८ |

न्यायिक समितिमा आउने उजुरीहरूमा धेरै जसो घरेलु हिंसा, लेनदेन, चोरीलगायतका हुन्छन् । सोलुदुधकुण्ड नगरपालिकामा गत आर्थिक वर्षमा ३१ वटा उजुरी दर्ता भएकोमा ११ वटा घरझगडा र घरेलु हिंसासम्बन्धी थिए । नगरपालिकाको तथ्याङ्कअनुसार एक वर्षमा आएका ३१ उजुरीमध्ये लेनदेन १५, जग्गा अर्मल एक, खानेपानी तीन र संरचना हटाई पाऊँ भन्ने एक थिए ।

नेचासल्यान गाउँपालिकामा चोरी आरोपका नौ वटा, लेनदेनका ६ वटा, कुटपिटका ६ वटा, गाली बेइज्जतीका १० वटा र सीमान थिचोमिचो सम्बन्धी आठ वटा उजुरी परेका थिए । सबैजसो स्थानीय तहका न्यायिक समितिमा यस्तै किसिमका उजुरीहरू पर्ने गरेका छन् ।

## अभावै अभावमा न्यायिक समिति

सोलुदुधकुण्ड नगरपालिकाकी उपमेयर कल्पना राई न्यायिक समितिहरू अभावै अभावमा रहेका बताउँछिन् । उनी भन्छिन्, 'समितिमा एक जना कर्मचारीको व्यवस्था छ । उजुरी दर्ता, उजुरी अध्ययन तथा सम्बन्धित व्यक्तिलाई खबर गर्नेदेखि मेलमिलापको काममा एक्लै खट्नुपर्छ । यसले गर्दा समयमा उजुरीको किनारा लगाउन समस्या भएको छ । न्यायिक समितिका लागि धेरै पालिकामा छुट्टै कोठा वा इजलासको व्यवस्था छैन । कानुन बुझ्ेको जनशक्ति छैन । बजेट पर्याप्त छैन, यस्ता कारणले समयमा काम गर्न कठिनाइ छ ।'

माप्या दुधकोशी गाउँपालिकाकी उपाध्यक्ष जुनितामाया मगर पनि न्यायिक समिति अभावमा रहेको बताउँछिन् । उनी भन्छिन्, 'कानुनको ज्ञान कम हुन्छ, कतिपय उजुरीको मिलापत्र गर्ने बेलामा के गर्ने र के नगर्ने भन्ने समस्या आउँछ । उपाध्यक्षकै कार्यकक्षमा छलफल गराउँदा अरू काममा असर पर्छ । कर्मचारी अभाव हुँदा उजुरीहरू चाँडो टुङ्ग्याउन सकिँदैन ।' दक्ष जनशक्ति र स्रोतसाधन पर्याप्त भएमा धेरै उजुरीहरूमा मेलमिलाप गराई गाउँघरमा हुने विभिन्न समस्या समाधान गर्न सकिने उनको भनाइ छ ।

नेपाल कानुन समाजले गरेको एक अध्ययनअनुसार एउटा उजुरी टुङ्गोमा पुऱ्याउन कम्तीमा आठ पटक इजलास जरूरी हुन्छ । हप्तामा एक पटक इजलास राख्दा वर्षमा एउटा न्यायिक समितिले ३२ वटाभन्दा बढी मुद्दा फछ्र्योट गर्न सम्भव देखिँदैन । जनशक्ति र स्रोतसाधन अभाव भएका कारण न्यायिक समितिहरूका काममा असर परेको छ ।

स्थानीय तह न्यायिक समितिमा घरेलु हिंसा, साँध-सीमाना, पारिवारिक कलह, सम्पत्ति, बाटोघाटो लगायतका विषयमा उजुरी पर्ने गरेको छ । यस्ता स्थानीय कलह स्थानीय तहमै मिलाउन न्यायिक समिति खडा गरिएको हो । साधनस्रोत र जनशक्तिको अभावका कारण न्यायिक समितिले जनअपेक्षाअनुसार काम गर्न भने सकेको छैन ।

## न्यायिक समितिको क्षमता

सोलुदुधकुण्ड नगरपालिकाकी उपमेयर राई दक्ष जनशक्ति नहुँदा समस्या आउने गरेको बताउँछिन् । मेलमिलापमा पनि वर्तमान कानुनलाई आधार मान्नुपर्छ । नेपाल कानुन समाजले २०७५ सालमा काभ्रे, सिन्धुपाल्चोक, सप्तरी र धादिङका केही स्थानीय तहमा गरेको अध्ययनले पनि न्यायिक समितिको नेतृत्व क्षमता र प्रभावकारितामाथि प्रश्न उठाएको छ ।

कानुनी ज्ञानको अभावका कारण सफल अभ्यास बढाउन नसकेको अध्ययनको ठहर छ । न्यायिक समितिका लागि क्षमता अभिवृद्धि तालिम आवश्यक पर्ने अध्ययनले औँल्याएको छ । अध्ययनमा धेरैजसो स्थानीय सरकारले न्यायिक समिति कार्यविधि नबनाएको र प्रक्रिया नपुऱ्याई निर्णय गर्दा न्यायिक समितिले टुङ्ग्याएका ९० प्रतिशत मुद्दा जिल्ला अदालतले बदर गरेको पाइएको छ ।

## न्यायमा राजनीतीकरण

नेपाल कानुन समाजले न्यायिक अभ्यासको निष्पक्षता र विश्वसनीयतामा पनि गम्भीर प्रश्न उठाएको छ । कुनैकुनै मुद्दामा राजनीतिक दबाब आएको र कतिपय उजुरीकर्ता विपक्षी दलसँग आबद्ध व्यक्ति हुँदा निष्पक्षता कायम राख्न गाह्रो भएको तथ्य पनि त्यो समाजको अध्ययनले उजागर गरेको छ ।

यस्तो कुरा सोलुदुधकुण्ड नगरपालिकाकी उपमेयर राई पनि स्वीकार गर्छिन् । उनी भन्छिन्, 'न्यायिक समितिले मेलमिलाप तथा न्यायिक निरूपण गरेपछि त्यसलाई नगर कार्यपालिकाबाट स्वीकृत गराउनुपर्छ तर त्यहाँ विभिन्न दलका मानिस हुने भएकोले मुद्दा र पक्ष–विपक्षलाई राजनीतिक संलग्नताको दृष्टिमा हेर्न थालिन्छ । कतिपय मुद्दामा फरक राजनीतिक आस्थाका कारण विपक्षमा फैसला गरेको जस्ता आरोप पनि लाग्छ ।'

उनका अनुसार मेलमिलापका क्रममा जति निष्पक्ष भए पनि उपमेयर वा उपाध्यक्षको राजनीतिक संलग्नतालाई लिएर कार्यपालिकामा र बाहिर पनि चर्चा हुन्छ । यसले न्यायिक समितिलाई समस्यामा पार्ने गरेको उनको अनुभव छ ।

निष्पक्षरूपमा मेलमिलाप वा न्याय निरूपण गर्दा आउने समस्या त छँदैछ, कतिपय उजुरीमा राजनीतिक संलग्नता र आस्थाको प्रभाव पर्ने भएकोले पनि पालिकामा विपक्षले सही ढङ्गले न्याय पाइन्छ भन्ने विश्वास गरेको पाइँदैन

## कोरोनाकालमा न्याय

कोरोना महामारी नियन्त्रणका लागि गरिएको लकडाउनका कारण न्याय क्षेत्रमा पनि असर पऱ्यो । लकडाउन सुरु भएको केही महिना त प्रहरीले घरेलु हिंसालगायत कतिपय घटनामा उजुरी नै लिएन । अदालतका सेवा बन्द थिए । न्यायमा सहजीकरण गर्ने सङ्घ संस्थाका व्यक्ति पनि घरमै बसे । महामारीका कारण न्यायमा पहुँच रोकिँदा अन्याय सहनुपर्ने बाध्यता भयो ।

कोरोना कालमा नयाँ प्रकृतिका समस्या देखिएको सोलुदुधकुण्ड नगरपालिकाकी उपमेयर कल्पना राई बताउँछिन् । उनका अनुसार विदेशबाट फर्किएका व्यक्ति नियमअनुसार क्वरेन्टिनमा बसेको भए पनि ऊ घरमा पुगेपछि श्रीमती र छोराछोरीलाई समेत टोलछिमेकले दुर्व्यवहार गरे । लकडाउनका कारण आम्दानीको स्रोत रोकिँदा घरझगडा बढ्यो । यस्ता अरू पनि समस्या थपिए ।

कोरोना सङ्क्रमणको जोखिमका कारण पीडितहरू सजिलै न्यायिक समितिसम्म पनि पुग्न सकेनन् । कतिपय उजुरीमा निरूपणमा अस्पताल पनि पुग्नुपर्छ । लकडाउन र कोरोना सङ्क्रमणका कारण अस्पताल पुग्न नसक्दा पनि समस्या भयो । न्यायिक समितिमा मुद्दाका पक्ष–विपक्ष जम्मा गरेर छलफल गराउन पनि जोखिम भयो ।

यस्ता अनेक कारणले न्यायिक समितिमा समेत समस्या भए पनि पीडितको सबैभन्दा सजिलो पहुँच न्यायिक समितिमै छ । लकडाउनको अवधिमा महाकुलुङ गाउँपालिकामा १३ वटा उजुरी दर्ता भए । सोलुदुधकुण्ड नगरपालिकामा १३ वटा तथा माप्यदुधकोशी गाउँपालिकामा सात वटा उजुरी दर्ता भए ।

लकडाउन तथा कोरोना भाइरस सङ्क्रमणको डरकै बीच पनि स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर न्यायिक समितिमा छलफल गरेको महाकुलुङ गाउँपालिकाकी उपाध्यक्ष विपना कुलुङ बताउँछिन् ।

कोरोना महामारीका कारण मानिसको आर्थिक र शैक्षिक अवस्थाअनुसार फरकफरक किसिमका समस्याहरू देखिए । यस्ता समस्याले घरभित्र वा टोलछिमेकमा समेत बेमेल सिर्जना भयो । मिलापत्र वा कारबाही गराउने प्रहरी प्रशासन कोरोना नियन्त्रणमै केन्द्रित थियो । यस्तो बेलामा समस्या समयमै किनारा लगाउन स्थानीय तहहरूले नै मद्दत गरे ।

नागरिकहरूको सबैभन्दा नजिकको सरकार स्थानीय तह हो । जहाँ आफूले निर्वाचित गरेका र चिनजानका मानिस हुन्छन् । उनीहरूसँग आफ्ना कुरा भन्न सजिलो हुन्छ । जनप्रतिनिधिले गर्ने निर्णयमा आफ्नो समाज र व्यक्तिको हित हेरिएको हुन्छ ।

मेलमिलापबाट समस्या समाधान गरेर थप अप्ठ्यारो अवस्था आउन नदिन स्थानीय तहको न्यायिक समिति निकै प्रभावकारी देखिन्छ । यस्ता न्यायिक समितिमा दक्ष जनशक्ति, पर्याप्त बजेट तथा अरू स्रोतसाधन व्यवस्था गर्न र न्याय निरूपणमा राजनीतिक प्रभाव रोक्न भने आवश्यक छ ।